सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

• वर्ष १३ • अंक ५ • काठमाडौं, शुक्रबार, असार १, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, June 15, 2007 ... ८/-



लण्डनमा

## संयुक्ता



पृष्ठ ४

## रोजिना

मध्यपृष्ठमा





# शोषण र ह्यारेसमेन्टको सिकार ग्ल्यामर क्षेत्र

सुव्रत आचार्य

• पूर्वी तराईकी एउटी १६ वर्षीया युवती नायिका हुने रहरमा आफूभन्दा दोब्बर उमेरका एक कलाकारको संगतमा पुग्छिन्। केही म्युजिक भिडियो र टेलिचलचित्रमा अभिनय गर्दागर्दै ती कलाकारले सहमतिमै उनीसँग शारीरिक सम्पर्क गर्छन्। त्यो बेलाको तस्बिर खिचेर त्यसपछि उनलाई 'ब्ल्याकमेल' गर्दै बारम्बार सम्पर्क राख्न थाल्छन्। नायिका हुन सक्ने योग्यता र गुण ती युवतीसँग भए पनि कलाक्षेत्रमा चालेको पहिलो कदममै उनको शोषण हुन्छ। उनका ती तस्बिर यौन चलचित्रका रूपमा बजारमा आएपछि अवसर पाउनै लागेका केही चलचित्रमा पनि उनलाई नलिने बताइन्छ। समाजले पनि उनलाई नराम्रो आँखाले हेर्न थाल्छ। अहिले उनी आफू अन्यायमा परेको भन्दै सर्वत्र गुहार माग्दैछिन्।

• रूपरंग राम्रो भए पनि कलाकार बन्नका लागि फोटोसेसन गर्न र अवसरको खोजीमा भौतारिन जुनुसँग खर्च थिएन। एक जना साथीमार्फत उनको चिनाजानी राहुलसँग भयो। राहुलले उनलाई एउटा मोडलिङ एजेन्सी पुऱ्याएर फोटोसेसन पनि गराइदिए। त्यसपछि उनी अधिकांश समय राहुलसँगै देखिन थालिन्। राहुलले जुनुका लागि महँगा पहिरन र श्रृंगार सामग्रीहरू पनि किनिदिए। विदेशमा रहेका अभिभावकले पठाउने खर्च जुनुमाथि खर्चिन राहुललाई अप्ठेरो पनि थिएन। रूपसी जुनुले केही म्युजिक भिडियो तथा चलचित्रमा मौका पाइन्। कार्यक्रमकै सिलसिलामा विदेश भ्रमण पनि गरिन्। चर्चामा आउन थालेपछि अहिले उनी राहुलको संगतमा छैनन्।

• छोरीको मोडल बन्ने रहर पूरा गर्न एक जना बाबु छोरी सम्झनालाई लिएर राजधानीको एक मोडलिङ एजेन्सीमा पुगेका थिए। एसएलसी दिएर फुर्सदमा रहेकी सम्झनाका लागि उनले फोटोसेसन आदिको खर्च पनि गरे। फोटोसेसनकै क्रममा सम्झनाको परिचय एक जना पुरुष मोडल/कोरियोग्राफरसँग भयो। उनले सम्झनालाई म्युजिक भिडियोमा अवसर दिने आश्वासन दिए। भोलिपल्टै उनले एक जना युवकलाई 'म्युजिक भिडियो बनाउने मानिस' भनेर परिचय गराए। म्युजिक भिडियोका लागि स्क्रिन टेस्ट, नृत्य प्रशिक्षण आदिको बहानामा ती मानिस र सम्झनाको नियमित भेटघाट हुन थाल्यो। एक दिन मौका छोपेर ती मानिसले सम्झनाका सामु एउटा सर्त राखे। सर्त मान्नु सम्झनाका लागि 'बाध्यता' थियो, किनकि ती मानिसले उनलाई त्यसका लागि पहिल्यै फकाइसकेका थिए। त्यो म्युजिक भिडियो बन्यो-बनेन, तर केही समयपछि सम्झना अरू पनि केही युवकसँग देखिन थालिन्। महँगा मोबाइल र लवाइखवाइका कारण उनका अभिभावकले प्रश्न गरे पनि उनी मोडलिङ गरेर कमाएको भन्छिन्। पहिलो पटक अभिनय गर्ने अवसर दिएपछि एक चलचित्र निर्माताले एउटी नायिकालाई आफ्नो साथमा राख्छन्। झन्डै एक वर्षपछि ती युवतीसँग निर्माताको झगडा पर्छ। उनलाई घरबाट निकालिन्छ। त्यतिन्जेल ती युवतीले यो क्षेत्रको 'लप्पन-छप्पन' सिकिसकेकी हुन्छिन्। उनले यसै क्षेत्रका कुनै अर्को एक पुरुषको सहारा लिन्छिन् र कलाकार बन्ने आफ्नो रहर पूरा गर्दै जान्छिन्। अहिलेसम्म उनको आधा दर्जनभन्दा बढी पुरुषसँग मिलन/विछोड भैसकेको छ।

यी उदाहरण मात्र हुन्। चलचित्र, मोडलिङ र संगीतको क्षेत्र निकै चम्किलो छ। त्यही चमकदमक देखेर बर्सेनि सयौं युवा-युवती अवसरको खोजीमा राजधानी आउँछन्। साइड डान्सर दिलीप रायमाझी नायक भएर कार चढेको, बसमा गीत गाउँदै हिंड्ने रामकृष्ण ढकालको प्रगतिको कथा, मोरङकी सामान्य परिवारकी रेखा थापाको चर्चा र सफलता, डान्सर पूजा प्रधानको पुजानासम्मको सफल यात्रा आदि देखेका वा सुनेका कतिपय युवायुवती उनीहरूजस्तै सफल हुने सपना देखिरहेका हुन्छन्। सपना साकार पार्ने क्रममा कतिपय अवस्थामा उनीहरू गलत मानिसको सिकार हुन पुग्छन् र नायिका हुने सपना देखेकी युवती डान्स बार, मसाज पार्लर वा क्याबिन रेस्टुराँसम्म पुगेका छन् भने नायक हुने सपना देख्ने युवकहरू अन्ततः हतास एवं हीनताबोधको सिकार भएका छन्।

नवप्रवेशीहरूलाई प्रशिक्षण दिने दर्जनौं प्रशिक्षण केन्द्र तथा एजेन्सी छन्। पुतलीसडकमा राजधानी कला केन्द्र सञ्चालन गरेर बसेका नृत्य निर्देशक दिनेश अधिकारीका अनुसार त्यहाँ प्रशिक्षण लिन आउने अधिकांशको चाहना चलचित्रमा कलाकार बन्नु नै हुन्छ। त्यसमा पनि नायक/नायिका नै बन्छु भन्नेहरू धेरै हुन्छन्। ग्यालेक्सी मोडलिङ एजेन्सीका सञ्चालक धीरज तन्डुकारका अनुसार उनको एजेन्सीमा विज्ञापन वा म्युजिक भिडियोमा अवसर खोजिरहेका मोडलहरू नै प्रशिक्षण लिइरहेका छन्। अभिनय वा नृत्य प्रशिक्षण केन्द्रहरूमा अहिले १ हजार ५ सयभन्दा बढी युवायुवती प्रशिक्षणरत छन्। त्यसमा पनि ७ सयजति महिला छन्। मोडलिङमा भने दुई-चारवटा एजेन्सीमा आफ्नो 'लिंक' बनाएर काम खोजिरहेका २ सयजति होलान्, जसमा

बाँकी पृष्ठ १० मा

## क्यासेट

### ड्रिमल्यान्ड




**गायक** सञ्जय शर्माको पहिलो एकल गीतिसंग्रह 'ड्रिमल्यान्ड' श्रोता माझ आएको छ। एएनएस म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा शब्द रचना राजनराज शिवाकोटी, सञ्जय शर्मा, रोशन विष्ट, उषा भट्ट र सन्दीप खनालको छ भने संगीत राजनराज शिवाकोटी, सञ्जय शर्मा, रोशन विष्ट, सुनिल बर्देवा र सन्दीप खनालको छ। संग्रहका गीतलाई प्रमोद उपाध्याय, जेम्स प्रधान, सुनिल बर्देवा, गोपाल/सुरेन लामा तथा सावन श्रेष्ठले एरेन्ज गरेका छन्।

### स्कुल क्याम्पसमा




**गायक** योगाज खड्काको लोकदोहोरी गीतिसंग्रह 'स्कुल क्याम्पसमा' श्रोतामाझ आएको छ। उक्त गीतिसंग्रहमा गायक खड्कालाई सिन्धु मल्ल र माण्डवी त्रिपाठीले स्वरमा साथ दिएका छन्। संग्रहको भाग १ मा 'एसएलसीलाई भन्दछन् आइरन गेट' र भाग २ मा जातीय भेदभाव र छुवाछूतको अन्त्यका लागि महाकवि लक्ष्मीप्रसाद देवकोटामा समर्पित भनिएको सन्देशमूलक लोकदोहोरी 'लक्ष्मीप्रसाद देवकोटा मुनामदन' समावेश छ। म्युजिक डटकमले बजारमा ल्याएको उक्त गीतिसंग्रहमा शब्द, लय र संकलन खड्काको छ।

### माइक्रो झरेर

**महाबौद्ध** रेकर्ड्सको प्रस्तुतिमा गायकद्वय श्रीराम पौडेल 'निर्दोष' र राजकुमारश्रीले लोक तथा दोहोरी गीतिसंग्रह 'माइक्रो झरेर' बजारमा ल्याएका छन्। यो गीतिसंग्रहको भाग १ मा माइक्रो झरेर र भाग २ मा दिलै काट्यौ नि गीत समावेश छन्। गीतिसंग्रहमा गायक पौडेल तथा श्रीका अतिरिक्त राजु परियार र लक्ष्मी न्यौपानेले पनि स्वर दिएका छन्। संग्रहमा लय तथा शब्द पौडेल र श्रीको छ।

## पुस्तक

### मेरो मृत्यु दैव

**स्व.** दामोदर सापकोटाद्वारा रचना गरिएको उपन्यास मेरो मृत्यु दैवलाई नवराज चौलागाईंले प्रकाशित गरेका हुन्। ६४+१२ पृष्ठको यो उपन्यासको मूल्य उल्लेख छैन। पाठकहरू रमाउन सक्ने आधार यो उपन्यासमा प्रशस्त छन्।

### ऐना

**पत्रसाहित्यलाई** विष्णुबहादुर सिंहले आफ्नो पुस्तक ऐनामार्फत् प्रस्तुत गरेका छन्। पुस्तकमा लेखकले विभिन्न मुलुकको यात्रा गर्ने सन्दर्भमा देखेका भोगेका अनुभूतिहरूलाई आफ्ना छोरा सुमनका नाममा पत्र लेखेर साहित्यिक रंग दिएका छन्। ७६+१४ पृष्ठमा विस्तारित यो पुस्तक यात्रा वृत्तान्तमा रुचि राख्ने पाठकहरूका लागि उपयोगी हुनसक्छ। पुस्तकको मूल्य १ सय रुपैयाँ छ।

## रंगमञ्च

-सर्वनाम नाट्यसमूहले हिजो बिहीबार राष्ट्रिय सभागृहमा नाटक 'इतिहासको बाँकी पृष्ठ' मञ्चन गर्‍यो। नाट्यकर्मी अशेष मल्लको लेखन तथा निर्देशन रहेको यो नाटकमा जनआन्दोलनका क्रममा शहादत प्राप्त गरेका तथा अंगभंग भएका जनताको विचल्ली अवस्था तथा जातीय आन्दोलनका नाममा भैरहेका हिंसालाई मुख्य विषय बनाइएको छ। सर्वनाम राष्ट्रिय नाटक अभियानअन्तर्गत धनगडीबाट प्रारम्भ भएको उक्त यात्रा अब धरान पुग्नेछ। उक्त नाटककै विषयमा आज पद्मकन्या क्याम्पसमा अन्तर्क्रिया कार्यक्रम आयोजित हुँदैछ भने भोलि बालाजुमा राष्ट्रिय स्तरका २० जना कलाकारले नाटकलाई विम्ब बनाएर चित्र तयार पार्दैछन्।

-चेलीबेटी बेचबिखन तथा भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउने उद्देश्यले जनजागरण नाट्य समूहले गत साता पाटन दरबार स्क्वायरमा नाटक 'होसियार' मञ्चन गर्‍यो। नाटकले अशिक्षा र अन्धविश्वासका कारण गलत कुरा छुट्याउन नसक्दा चेलिबेटी बेचबिखन जारी रहेको तथा भ्रष्टाचारले अझै फैलने मौका पाएको सन्देश दिएको थियो। नाटकमा शिशिर सुवेदी, यादव देवकोटा, टंक चौलागाईं, घनश्याम गौतम, सागर खनाल, सुचिता सिंह आदिले अभिनय गरेका थिए।

-रंगमञ्च क्षेत्रमा महिलाहरूको उपस्थितिलाई अझ बढाउने उद्देश्यले कुसुम नाट्य समूहले महिलाहरूलाई प्रशिक्षण दिएको छ। समूहका निर्देशक वैकुण्ठ भण्डारी तथा राजु भण्डारीले प्रशिक्षण दिएको उक्त कार्यशालामा २२ जना महिलाको सहभागिता थियो। प्रशिक्षणमा अभिनय, नाटकलेखन तथा निर्देशनसम्बन्धी व्यावहारिक एवं सैद्धान्तिक ज्ञान प्रदान गरिएको थियो।

- सांस्कृतिक संस्थानको आयोजनामा गत साता नाटक 'आहाल' मञ्चन भयो। हरिमाया भेटवालको लेखन तथा प्रभाकर शर्माको निर्देशन रहेको उक्त नाटक दरबार हत्याकाण्ड तथा त्यहाँभित्रको विकृतिमा आधारित थियो।

## ग्यालरी

- कलाकार उमेश शाहको एकल चित्रकला प्रदर्शनी मिथिला यें आर्ट ग्यालरी ठमेलमा गत जेठ २२ गते मंगलबार प्रारम्भ भएको छ। 'रिडिफाइन्ड मिथिला' शीर्षकको उक्त प्रदर्शनीमा मिथिला संस्कृति झल्काउने विभिन्न चित्र राखिएका छन्। उपसभामुख चित्रलेखा यादवले उद्घाटन गरेको उक्त प्रदर्शनी आज शुक्रबारसम्म चल्नेछ।

-विभिन्न चराका चित्र लिएर कलाकार हेम पौडेल गत साता बबरमहलस्थित नेपाल आर्ट ग्यालरीमा देखा परेका छन्। चराहरूको पनि आफ्नै स्वतन्त्र संसार हुन्छ, उनीहरूले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ भन्ने मान्यता राख्ने कलाकार पौडेलले आफ्नो पाँचौं एकल चित्रकला प्रदर्शनीका क्रममा ४७ वटा 'चराचित्र' समावेश गरेका छन्। ६७ वर्षीया पौडेलले सीमसार क्षेत्रको भ्रमणका क्रममा देखेका चराहरूलाई क्यानभासमा जस्ताको तस्तै प्रस्तुत गरेका गरेका छन्।

-कलाकार आशारत्न डंगोलको एकल चित्रकला प्रदर्शनी गत साता दरबारमार्गस्थित 'द आर्ट सप' मा प्रारम्भ भएको छ। डंगोलले मानिस र जनावरलाई विम्ब बनाएर उनीहरूबीचको सम्बन्धलाई आफ्ना चित्रमा प्रस्तुत गरेका छन्। प्रदर्शनी असार ८ गतेसम्म चल्नेछ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

**पराक्रम** बढ्नेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। आफन्तहरूबाट सहयोग पनि प्राप्त हुनेछ। मन प्रसन्न रहनेछ। सोमबारदेखि घरेलु समस्याले सताउन सक्छ। गलत विचार बढ्नेछ भने काममा अवरोध एवं स्वास्थ्यमा समस्या आउनाले मनोबल घट्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। बिनाकारण अपजसको भागी बन्नुपर्ला।

### वृष

**साता** मध्यम रहनेछ। सुरुमा नैराश्यता, विवाद एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनुका साथै धनमाल हराउन सक्छ। घरेलु समस्याले सताउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। आइतबार, सोमबार तथा मंगलबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुनसक्छ। अरूको विश्वाससजिलै जित्न सकिनेछ।

### मिथुन

**मानसम्मान** मिल्नुका साथै आँट तथा पराक्रम बढ्नेछ। भोजन प्राप्तिको अवसर जुट्नेछ। आफ्नै प्रयासले महत्त्वपूर्ण काममा सफलता पाइनेछ। अधुरा काम पूरा हुनेछन्। आफन्तहरूको उचित सहयोग पाइनेछ। सोच्ने शक्ति प्रबल हुनेछ। अध्ययनमा सफलता हासिल हुनेछ। धन आर्जन पनि हुनसक्छ। सोमबार विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### कर्कट

**सुरूमा** खर्च, गलत विचार एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। काममा सफलता मिल्ने तथा भोजभतेरमा संलग्न हुने योग छ। धन आर्जन पनि हुनसक्छ। आफन्तहरूबाट उचित सहयोग पाइनेछ। अध्ययनमा सफलता मिल्नुका साथै भाग्यले पनि साथ दिनेछ। ठूला व्यक्तिले तपाईंप्रति भरोसा व्यक्त गर्नेछन्।

### सिंह

**साता** समष्टिमा राम्रो छ। सुरुमा सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। अध्ययनमा सफलता मिल्नेछ भने अरूको विश्वास जित्न सकिनेछ। भोजभतेरमा सामेल हुन पाइनेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान दिनुहोला।

### कन्या

**सुरूमा** मानसम्मान एवं सहयोग प्राप्त हुनेछ। घरेलु काममा रुचि एवं सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायबाट सोचेजस्तै लाभ मिल्नेछ। यात्रा हुन सक्छ। भेटघाटमा रमाउन पाइनेछ। पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने कुरालाई नकार्न सकिदैन। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ताले सताउन सक्छ।

### तुला

**आलस्यता** बढ्नेछ भने काममा अवरोध आउनाले मनोबल घट्नेछ। व्यवसायमा अवरोध आउनुका साथै पतिपत्नीबीच विवाद हुन सक्छ। पराक्रम बढ्ने, भाग्यले साथ दिने, मानसम्मान पाइने तथा धन आर्जन हुने योग छ। कुरा काट्नेहरू पनि तपाईंको प्रशंसा गर्न थाल्नेछन्। अरूको विश्वास सजिलै जित्न सकिनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ।

### वृश्चिक

**साताको** पूर्वार्द्ध प्रतिकूल रहनेछ। स्वास्थ्य कमजोर रहनुका साथै काममा अवरोध आउन सक्छ। कुरा काट्नेहरू बढ्नेछन्। विश्वास गरेकाहरूबाट धोका हुन सक्छ। सानोतिनो काम गर्न पनि आँट आउने छैन। सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ भने काममा सुधार आउनेछ। बौद्धिक कार्यमा सफलता मिल्नेछ। व्यावसायिक यात्राको सम्भावना छ। सफलताका लागि संयमित रहनुहोला।

### धनु

**व्यवसाय** बढ्नेछ। यात्रा तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। भेटघाटमा दु:खसुखको कुरा गर्न पाइनेछ। मन पनि प्रसन्न रहला। सोमबारदेखि स्वास्थ्यमा समस्या देखा पर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। घरेलु समस्याले पनि सताउन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। बेलामा बुद्धिले धोका दिनसक्छ।

### मकर

**सुरूमा** परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान मिल्नेछ भने अध्ययनमा सफलता पाइनेछ। व्यवसायमा लाभका साथै यात्रा पनि हुनसक्छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बुधबार, बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### कुम्भ

**सुरूमा** गलत विचार बढ्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। शत्रु बढ्नेछन्। भाग्यले पनि धोका दिनेछ। रिसको वेग बढ्नेछ भने धनमाल हराउन सक्छ। सोमबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन हुनसक्छ। यात्रा गर्ने अवसर जुट्नेछ भने अध्ययनमा सफलता पाइनेछ।

### मीन

**सुरुमा** घरेलु समस्याले सताउनेछ भने गलत विचार पनि बढ्नेछ। आफन्तहरूले धोका दिन सक्छन्। मन दुविधग्रस्त रहनेछ। रिसको वेग, खर्च एवं शत्रु बढ्नेछन्। स्वास्थ्यले धोका दिनसक्छ। अरूको काम धेरै गर्नुपरे पनि जस पाउने सम्भावना देखिंदैन। धार्मिक कार्यमा ध्यान दिनु उचित हुन्छ।

### यो साताको पञ्चाङ्ग

असार ३ गते : विश्व खडेरीविरुद्ध सङ्घर्ष दिवस, ५ गते : पशुपति त्रिशूल जात्रा, ७ गते योगिनी एकादशी

# संविधानसभा — व्यक्ति-अभिव्यक्ति

राजनैतिक गतिरोधको मुख्य कारण जसरी संविधानसभा निर्वाचन हो भनिएको छ, त्यो विल्कुल सही होइन। निर्वाचन पर सर्नुको जड अर्कै छ। गतिरोधको मुख्य अन्तर्वस्तु भनेको नेपाली समाजको अग्रगामी परिवर्तनको प्रक्रियालाई पूर्णता प्रदान गर्ने कि नगर्ने, कस्तो खालको गणतन्त्र स्थापना गर्ने तथा त्यसको नेतृत्व कसले गर्ने भन्ने विवाद हो।

**प्रकाश, महासचिव एकताकेन्द्र, मसाल**

मधेसका लागि अहम प्रश्न भनेको मधेसीको अधिकार र अस्तित्वसँग जोडिएको स्वायत्त प्रदेशका रूपमा मधेसको स्थापना हो। संविधानसभाले यी कुरा दिन सक्ने हो भने त्यसको अर्थ रहन्छ। जब-जब संविधानसभाले मधेसीलाई अधिकार सम्पन्न बनाउने देखिन्छ, तब-तब संविधानसभाको निर्वाचन पर सर्छ। मधेसविरोधी दलहरूले संविधानसभा चाहेका छैनन्।

**उपेन्द्र यादव, मधेसी जनअधिकार फोरम**

नेपाली जनताले जस्तै भारतीय सरकार तथा जनताले संविधानसभा चाहेका छन्। मेरो साताव्यापी भारत भ्रमणका क्रममा मैले कतै पनि संविधानसभाका विरोधी भेटिनँ। बरु सबै पक्ष संविधानसभा सरेकोमा चिन्तित थिए। नेपालका शुभचिन्तकहरूले बेलैमा निर्वाचन होस् भन्नु सामान्य कुरा हो, तर त्यहाँका प्रधानमन्त्री, परराष्ट्रमन्त्रीजस्ता नेपाली जनताका सरोकारवालाहरू पनि संविधानसभाको निर्वाचन मंसिरभन्दा पर सर्नु हुँदैन भन्ने मान्यतामा अडिग रहेको पाएँ।

**माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)**

अहिलेकै नेतृत्वले संविधानसभाको निर्वाचन गरोस् भन्ने चाहना थियो, तर नेतृत्वको योग्यता, क्षमता, पहलकदमी देख्दा संविधानसभाका लागि यो नेतृत्व उपयुक्त छैन भन्ने मेरो ठम्याइ छ। आठ दललाई मिलाएर लान नसक्ने, अहिलेसम्म संविधानसभाका लागि आवश्यक पर्ने शान्ति सुरक्षाको व्यवस्था मिलाउन नसक्ने यो सरकार तथा यसको नेतृत्वकर्ताले नेतृत्व छाड्नुपर्छ।

**झलनाथ खनाल, नेता, नेकपा (एमाले)**

## साता संक्षेप

जेठ २५– एकै दिन विभिन्न सडक दुर्घटना, ७ को मृत्यु, ६० घाइते।

- माओवादी सेनालाई महिनाको ३ हजारका दरले पहिलो महिनाको तलब बाँडियो।
- मेलम्चीमा लगानी गर्न एसियाली विकास बैंक सहमत, विकासप्रति सचेत हुन माओवादीलाई एडीबीको आग्रह।
- एमाले नेताहरूद्वारा भारतीय नेताहरूसँग भेटघाट, संविधानसभाप्रति भारत सकारात्मक भएको टिप्पणी।

जेठ २६– नेपाल सद्भावना पार्टीहरूबीच एकीकरण, आनन्दीदेवी समूहका भरतबिमल यादव एवं हृदयेश त्रिपाठी तथा संस्थापन पक्षका केन्द्रीय सदस्य डम्बरनारायण यादवद्वारा एकीकरण प्रक्रियाप्रति असहमति व्यक्त।

- नेपालमा अपुग विद्युत दिन भारत सहमत, थप ४० मेगावाट विद्युत् दुहबी-कटैया लाइनमार्फत पठाइने।
- कोरियामा नेपाली कामदार पठाउन नेपालद्वारा पत्राचार, कोरियाले जवाफ पठाउन केही समय लाग्ने।

जेठ २७– नेकपा (माओवादी) ले सेनाको शिविर हटाउन कपिलवस्तुमा लगातार बन्द, सुरक्षासम्बन्धी नीतिमा हस्तक्षेप नगर्न सेनाको आग्रह।

- कतारको दोहामा ३ सय नेपाली कामदार बन्दी, नेपाली दूतावासद्वारा अनभिज्ञता जाहेर।

जेठ २८– कतारमा ३ सय कामदार बन्दी भएको विषयमा रोजगार प्रवर्द्धन विभागद्वारा ११ म्यानपावर कम्पनीसँग स्पष्टीकरण माग।

- गैंडा सिकारमा संलग्न १५ अभियुक्त जेल चलान, अब गैंडा मारिन कम हुने निकुञ्जको विश्वास।

जेठ २९– पूर्वमन्त्री जयप्रकाश गुप्तामाथि लागेको भ्रष्टाचारको मुद्दामा सफाई, म्याग्दीमा प्रमुख जिल्ला अधिकारीले घूस लिएको भन्दै कालो मोसो दलेर बजार परिक्रमा।

- आदिवासी जनजाति महासंघसँगको वार्ता विनानिष्कर्ष टुङ्गियो, उक्त मुद्दा आठ दलमा लगिने।
- गृहमन्त्रालयद्वारा पुरानो सुरक्षा प्रणालीमा कमजोरी रहेको स्वीकार गर्दै नयाँ प्रणाली ल्याउने तयारी, नयाँ सुरक्षा प्रणालीमा बेलायती सहयोग रहने।
- तराईको सुरक्षा अवस्था कमजोर बन्दै गएपछि सुनसरीमा ५० करोडको लगानीमा स्थापित क्रिसेन्ट इन्डस्ट्री बन्द।

जेठ ३०– कतारमा बन्दी ३ सय कामदारमध्ये १ सय २७ जना नेपाल फिर्ता, बाँकीले पहिलेकै कम्पनीमा काम थाले।

- मधेसी जनाधिकार फोरमसँग मधेसी दलित फ्रन्ट छुट्टियो, यसअघि मधेसी विद्यार्थी फ्रन्ट छुट्टिएको थियो।

## सम्पादकीय

# हामी कता गैरहेका छौं ?

१४ महिनाअघि जनआन्दोलन–२ सफल भएर मुलुकमा लोकतन्त्र बहाली हुँदा राजनैतिक क्षेत्रमा देखिएको उत्साह आर्थिक तथा सामाजिक क्षेत्रमा पनि देखिएको थियो । समय घर्किंदै जाँदा त्यस्तो उत्साह कमजोर हुँदै गएको छ । लोकतन्त्रको मौलाउँदै गएको वातावरणमा आफ्ना राजनैतिक इच्छा र आकांक्षालाई उचाइँ दिने क्रममा मुलुकका धेरै जातीय तथा वर्गीय संगठनहरूले आफूलाई जसरी प्रस्तुत गरे, त्यसले मुलुकको उत्पादनशील क्षेत्रलाई धराशयी बनाउने हदसम्म प्रभावित गरेको रहेछ भन्ने तथ्य अहिले सार्वजनिक भएको छ । केन्द्रीय तथ्यांक विभागले पछिल्लो पटक जारी गरेको आफ्नो अध्ययन प्रतिवेदनमा मुलुकको आर्थिक वृद्धिदर क्रमशः ओरालो लागिरहेको देखाएको छ । माओवादी जनयुद्ध उत्कर्षमा रहेको आर्थिक वर्ष २०६०/०६१ मा ४ दशमलव ०७ प्रतिशत रहेको आर्थिक वृद्धिदर अहिले ४ वर्षपछि २ दशमलव ०५ प्रतिशतमा झर्नुले नेपालका उद्योग तथा उत्पादनशील क्षेत्र क्रमशः कमजोर हुँदै गएको देखाएको छ । मुलुकको मेरुदण्ड मानिने आर्थिक क्षेत्र यसरी कमजोर हुनुमा निश्चय पनि यस अवधिमा देखिएका राजनैतिक उकाली–ओरालीहरू जिम्मेबार छन् । यस अवधिमा खस्किएको आर्थिक वृद्धिदरका लागि विश्लेषकहरूले सबैभन्दा बढी जिम्मेबार कृषि क्षेत्रको घट्दो उत्पादनलाई मानेका छन् । अधिकांश जनता निर्भर रहेको कृषि क्षेत्रको उत्पादन यो वर्ष २ दशमलव ७८ प्रतिशतमा झरेको छ । यस्तो स्थिति निम्तिनुका पछाडि अधिकांश खेतीयोग्य जमिन बाँझो रहनु र खेती गर्न सक्षम जनशक्ति आफ्नो थातथलोबाट विस्थापित हुनु पनि हो । यस्ता विस्थापनका पछाडि माओवादी जनयुद्ध लगायत मधेस आन्दोलन र अरू जातीय आन्दोलनहरू पनि जिम्मेबार छन् ।

यस्तै स्थिति उद्योग क्षेत्रमा पनि छ । यो वर्ष मुलुकको औद्योगिक उत्पादन २ प्रतिशतभन्दा तल झरेको छ भने थोक तथा खुद्रा व्यापारको अवस्था पनि त्यस्तै छ । सहरी अर्थतन्त्रलाई गतिशील बनाएर ग्रामीण अर्थतन्त्रको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उद्योग तथा व्यापार क्षेत्रको यस्तो हविगतका लागि विद्युत्को अभाव, विभिन्न कारण देखाएर आयोजना गरिने बन्द लगायत पूर्वाधारको न्यूनतालाई जिम्मेबार मानिएको छ । ९ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर हासिल गरिरहेका दुई विशाल छिमेकी मुलुक भारत र चीनको बीचमा अवस्थित भए पनि नेपालले ती छिमेकीहरूको आर्थिक विकासको बाटोलाई पछ्याउन नसक्नु हाम्रा लागि ठूलो निराशाजनक कुरा हो । यस्तो स्थिति हाम्रो राजनैतिक प्रतिबद्धता र सामाजिक सुरक्षाको अभाव तथा झिनामसिना विषयमा हामीले देखाउने मानसिकताका कारण देखापरेको हो । अहिलेको अवस्थामा हाम्रा राजनैतिक दलहरूले गम्भीर चिन्तन–मनन नगर्ने हो भने हाम्रो यो दूरावस्था अझ गहिरिँदै जानेछ । मुलुकलाई आर्थिक रूपमा तहसनहस हुनबाट जोगाउन सबै किसिमका राजनैतिक दल तथा आन्दोलनहरूले आफ्नो गन्तव्यसम्मको यात्रालाई अहिलेको अराजक शैलीबाट अलग राख्ने साहस देखाउन सक्नुपर्छ । त्यसो हुन सक्यो भने मात्र नेपालको आर्थिक क्षेत्रले राजनैतिक घटनाक्रम र विकासलाई थेग्न सक्छ भन्ने कुरा हामी सबैले मनन गर्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### आठ पार्टीको निरङ्कुशता

वीरहरू देशका लागि सहिद हुन्छन्, नेता र पार्टीहरू वर्ष दिनमा एकपटक तिनै सहिदको सपना पूरा गर्ने प्रण गरिटोपल्छन् र फेरि उही पुरानो विसङ्गत कार्यमा लीप्त हुन्छन् । यसै गरी समय बित्दै जान्छ । यो प्रक्रिया पराकाष्ठमा पुगेपछि बारम्बार विद्रोह हुन्छ, सहिद थपिँदै जान्छन् । यद्यपि तिनका सपना सपनामै सीमित रहन्छन्, ती कहिल्यै पूरा हुँदैनन् । आज माओवादी १४ हजार सहिदको सपना पूरा गर्न गणतन्त्र प्राप्तिका लागि संघर्ष गर्दैछ, तर गणतन्त्र आएर मात्र सहिदको सपना पूरा हुँदैन । हाम्रो विगत साक्षी छ, सरकारले जसरी स्वेच्छाचारी शासन गर्‍यो, त्यसले सुरुमै जनता निस्सासिँदै पञ्चायत सम्झिन बाध्य भए । नेपालमा जनताले राम्रोसँग अनुभव नै गर्न नपाई प्रजातन्त्र आयो-गयो । समय बित्दै गयो जनता फेरि अत्याचारमा परे । फलतः विस्फोट भयो, जनयुद्धको । आज पनि त्यो शैलीमा कहीं-कतै सुधार-परिवर्तन आएको छैन । तारानाथ रानाभाटको भनाइमा– हिजो राजाको निस्सासिने निरङ्कुशता थियो, आज आठ पार्टीको त्यस्तै निरङ्कुशता छ ।

sanjeevsatyal@hotmail.com

### सहदेव रायमाझी हो

वैशाख २१ को 'साप्ताहिक' को पेज नं. ८ को होटल तालिमसम्बन्धी लेखमा विगत ५ वर्षदेखि सञ्चालित साहारा होटल तालिमको सञ्चालक सहदेव सायमी लेखिएकोमा त्यो नभई सहदेव रायमाझी भएको जानकारी गराउँछौं । धेरै शुभचिन्तकले शंकाको दृष्टिले सोधखोज गर्नुभएकाले त्यसलाई स्पष्ट पार्न आवश्यक महसुस गरेका छौं । यसबाट विद्यार्थी एवं शुभचन्तकहरूलाई भ्रमित नहुन विनम्र आग्रह गर्दछौं ।

**– साहारा होटल तालिम सेन्टर, नयाँबानेश्वर**

### राजनैतिक अन्यौल समस्या

नेपाली जनता राजनैतिक तवरले पहिलेभन्दा धेरै सचेत भैसकेका छन् भनिए पनि देशको राजनैतिक अवस्था अन्यौलमा रहेकाले वा के राम्रो, कुन नराम्रो छुट्याउन गाह्रो परेकाले उनीहरू यता न उताका भएका छन् । यस्तै अवस्थाको फाइदा उठाई प्रतिगामी तत्त्वहरूले वा प्रजातान्त्रिक प्रणालीका विरोधीहरूले सोझा जनतालाई उक्साई वा हातमा लिई देशलाई अराजकतातर्फ धकेलिरहेका छन् । देशको महत्त्वपूर्ण र संकटपूर्ण घडीमा अप्रजातान्त्रिक तत्त्वहरूले जनतालाई विभिन्न माग पूर्तिको आशा देखाई आन्दोलनमा उतार्ने कुरामा हामी सबै सचेत हुनु आवश्यक छ । आफ्ना माग पूर्तिका लागि भनी गरिएको आन्दोलन, हडतालले अप्रजातान्त्रिक तत्त्वलाई फाइदा पुग्न सक्नेतर्फ पनि हामीले ध्यान दिनुपर्छ ।

आफ्ना समस्या आफूलाई मात्र थाहा हुन्छ, अरूले बुझ्दैनन् भनेझैं सबै क्षेत्र वा वर्गका समस्या आ-आफ्नो ठाउँमा ठूलो हुने भए पनि सरकार पूरा देशकै समस्या समाधानतर्फ लागेको वा संविधानसभामार्फत जनताको सम्पूर्ण माग पूरा गर्न तल्लीन रहेकाले देशको यो समस्यासँग आफ्नो माग तुलना गरी मनन गर्नु आवश्यक छ । महत्त्वपूर्ण र जायज मागहरूप्रति सरकारले पनि वार्ताको माध्यमबाट समाधान गर्नपट्टि ध्यान दिनुपर्छ । शताब्दीयौंदेखि दबिँदै आएका मागहरू स्वतन्त्र वातावरणमा प्रस्फुटन हुनु स्वाभाविक भए पनि हामीले असहज परिस्थिति सिर्जना गरिदियौं भने गलत तत्त्वले चलखेल गर्ने मौका पाउनेछन् । त्यसबेला हामी आफ्नो गन्तव्यमा पुग्न सकेनौं भने हाम्रा ती दबिएका मागहरू अझ बढी थिचिन सक्ने भएकाले सरकारलाई हामी सबैले रोजेको गन्तव्यमा पुग्न सहयोग गर्नुपर्छ, नत्र हाम्रा स्वरहरू सधैंका लागि सुक्नेछन् ।

**–राजु पोखरेल, धादिङ, हाल : काठमाडौं**
**(पुरस्कृत पत्र)**

### खतरा बढिसकेको छ

वास्तवमा नेपाली जनताले २३७ वर्षदेखिको राजतन्त्रको उन्मूलन चाहेका छन् । कुनै पनि हालतमा कुनै पनि किसिमको राजतन्त्र रहनुहुँदैन भन्ने चाहना सबैको हो । जनता संविधानसभाको निर्वाचनमार्फत् राजतन्त्रको अन्त्य गर्न चाहन्थे तर त्यो चाहना पूरा हुने छाँट छैन । मलाई लाग्छ, आठ दलको सरकारले संसदबाटै गणतन्त्र घोषणा गर्न सके राम्रो हुन्छ । अन्तरिम सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला कुनै न कुनै रूपमा राजतन्त्र राख्न चाहन्छन् भन्ने कुरा उनको भनाइबाट बारम्बार स्पष्ट भैरहेको छ । सबैलाई थाहा भएकै कुरा हो, नेपाली कांग्रेसमा गिरिजाकै हालीमुहाली छ ।

त्यसैले संविधानसभाको निर्वाचनमा आठ दलकै जित भए पनि नेपाली कांग्रेस राजतन्त्रको पक्षमा उभिनसक्ने भएकाले गणतन्त्रका लागि दुई तिहाइ मत नपुग्न सक्छ । फलस्वरूप नेपालमा राजतन्त्रको प्रबल सम्भावना देखिन्छ । त्यसैले जनमत संग्रहबाट गणतन्त्र स्थापना हुनुपर्छ, किनकि नेपाली कांग्रेस समर्थित विद्यार्थी र युवावर्ग गणतन्त्रका पक्षमा छन्, जुन गणतन्त्र स्थापनाका लागि बलियो आधार हुन सक्छ । यति हुँदाहुँदै पनि जनमत संग्रहले राजतन्त्रलाई खुला प्रतिस्पर्धामा ल्याउन सहयोग पुग्ने देखिन्छ । यसको फाइदा उठाएर राजतन्त्रले जनतालाई लोभ्याउने सम्भावना पनि छ । गरिब, निमुखा जनता त्यस्ता किसिमका लोभमा नपर्लान् भन्न सकिँदैन । त्यसैले आठ दलले हिम्मत गर्नुपर्ने बेला आएको छ । विदेशी शक्तिकेन्द्रहरूको दबाबमा परेर बेलामा निर्णय गर्न नसक्ने हो भने प्रतिगामीहरूको टाउको उठ्ने खतरा बढिसकेको छ ।

**– अमृत काम्मुमगर, वीरकोट–१, पाल्पा**

## तीतो सत्य

-आत्मसन्तुष्टि नै सुख र शान्ति हो, जुन जीवनभर मिल्दैन ।
-सोझोपनले दुःख निम्त्याउँछ, जस्तै सोझै रूखलाई छानीछानी काट्छन् ।
-मुर्खता एवं घमन्डले दुःख दिन्छ, यौवनले पनि दुःख दिन्छ, तर पराधीनताजस्तो दुःख दिने केही हुँदैन ।

**सीता गौडेल, बुटवल**

-लक्ष्यमा पुग्न दृढ निश्चय भएको मन र पहराबाट खसेको छहरालाई कसैले पनि फर्काउन सक्दैन ।
-आपत्तिमा धैर्य गर्नु र आ□नो कर्तव्यमा दृढ रहनु नै सत्य साधन हो ।
-मित्रता जोड्न हतार नगर, तर मित्रता जोडेपछि अन्तसम्म नछोड ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

-प्रस्तुत गर्न नसकिएको कला र गाँस नअटाउने गलाको कुनै अर्थ छैन ।
-विश्वासघातीले अरू कसैको पनि विश्वास गर्दैन ।

**कीर्ति चाम्लिङ, खोटाङ**

-हरेक सिर्जशील हातले त्यही सिर्जना गरोस्, जुन सबैका निम्ति हितकारी बनोस् ।
-मानिसले ईर्ष्यालु होइन, ईखालु स्वभाव पाल्नुपर्छ ।
-मूर्तिविनाको मन्दिरमा आस्थाविनाको पूजा मात्र चल्छ ।

**सुद्धव श्रेष्ठ, पालुङ, मकवानपुर**

-असल मानिसले सबैलाई असल नै देख्छ ।
-स्त्रीले आ□नो पुरुषको सुख-सुविधाको ख्याल राख्छिन्, तर पुरुषले आ□नी स्त्रीको चरित्रको ख्याल राख्छ ।

**अनासा राई**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मुखाले

माओवादीका गतिविधिले नजानिँदो तरिकाले राजसंस्थालाई फाइदा पुर्‍याइरहेको छ ।

**मोहनविक्रम सिंह, नेता, नेकपा (मसाल)**

अदालतलाई गलत देखाएर नागरिक समाजले पूर्वाग्रही काम गरेको छ ।

**दिलीपकुमार पौडेल, प्रधानन्यायधीश**

नेताहरू नैतिक बन्धनमा छैनन्, त्यसैले संविधानसभा सरिरहेको छ ।

**के.बी. गुरुङ, नेता नेपाली काङ्ग्रेस**

भुटानी शरणार्थी समस्या अब अन्तर्राष्ट्रिय समस्या भैसक्यो ।

**प्रणव मुखर्जी, भारतीय विदेशमन्त्री**

शरणार्थी समस्या समाधानमा भारतबाहेक अरू बाधक छँदैछैन । भारतले चाहेको खण्डमा यो समस्या समाधान हुन्छ ।

**टेकनाथ रिजाल, भुटानी मानवअधिकारवादी नेता**

कुरै नबुझी भारतका बारेमा बोलेपछि प्रचण्डमा अझै पनि केटौलेपन रहेछ भन्ने थाहा भयो ।

**भरतमोहन अधिकारी नेता, नेकपा (एमाले)**

देशमा अहिले जति पनि समस्या देखिए, त्यो कांग्रेस फुटकै कारण आएको हो ।

**ओमकार श्रेष्ठ, नेता, नेपाली कांग्रेस**

प्राण गए पनि अब हामी जङ्गल फर्कन्नौं, बरु फर्काउन चाहनेलाई जंगल जानुपर्ने बाध्यतामा पुर्‍याउँछौं ।

**वामदेव क्षेत्री, नेता, नेकपा (माओवादी)**

मलाई माओवादी नेतासँग हात मिलाउने इच्छा थियो, तर उनीहरूको व्यवहार हात मिलाउन लायक भएन ।

**जेम्स एफ मोरियार्टी नेपालका लागि अमेरिकी राजदूत**

## नीति-नियम

विवाह गर्न लागेकी युवतीको घर आएको केटाले सुन्दरता, माताले उत्तम धन, पिताले उत्तम विद्या, बन्धुवान्धव, इष्टमित्रहरूले केही उत्तम कुराहरू खोज्छ भने जन्ती आउने जन्तीहरू केवल मीठो खाना खान पाइन्छ कि पाइँदैन भन्ने इच्छा गर्छन्, उनीहरूलाई कुल आदिका सम्बन्धमा कुनै मतलब हुँदैन । श्रीमती बनाउनका लागि आ□नो गोत्रभन्दा फरक गोत्रकी, आ□ना दाजुभाइसँग मिल्ने, राम्रो कुलमा जन्मिएकी, कुनै यौनरोग नलागेकी अर्थात् दुर्गुण नभएकी माताको कोखबाट जन्मिएकी युवती विवाह गर्नु राम्रो हुन्छ ।

विद्या तथा धन चाहने व्यक्तिले समय खेर फाल्नुहुँदैन । क्षण-क्षण प्रतिदिन अभ्यास गर्दै विद्या अनि कणकण गर्दै प्रतिदिन धन आर्जन गरे धनी तथा विद्वान् बन्न सकिन्छ । श्रीमती र साथीका लागि उत्तम छोरा एवं दानका लागि धन कमाउनु त राम्रो र हितकारी कार्य हो तर यदि श्रीमती र नोकर चाकर आदि छैनन् भने कमाएको त्यो धनको के प्रयोजन ? अर्थात् त्यस्तो धनको कुनै अर्थ हुँदैन ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

### शिखरमा शान्तिको कामना



**लाक्पा** थार्के शेर्पा (२६) पेसाले कुशल पर्वतारोही हुन् । उनले अहिलेसम्म तीन पटक सगरमाथाको सफल आरोहण गरिसकेका छन् । उनी व्यावसायिक चित्रकार पनि हुन् । उनी नेपालको कलासंस्कृति झल्कने पोस्टकार्ड बनाएर अन्तर्राष्ट्रिय बजारमा बिक्रीसमेत गर्छन् । केही वर्षअघि इराकमा रोजगारका लागि गएका १२ नेपालीको हत्या भएपछि, धर्मले सबैलाई अहिंसा सिकाए पनि यस्तो किन हुन्छ ? यदि धर्मावलम्बीहरूबीच मित्रता कायम गर्न सकिए यस्तो घटना रोकिन्छ भनेर उनले धर्मगुरुहरूलाई एकै स्थानमा राखेर एउटा चित्र बनाए । उनले त्यो चित्रलाई सगरमाथाको चुचुरोमा पुर्‍याएर प्रदर्शन गर्न सके सारा विश्वमा धार्मिक सहिष्णुता कायम हुने विश्वास गर्दै सन् २००६ मा सगरमाथाको सफल आरोहण समेत गरे । उनले शिखरमा छाती खोलेर 'शान्तिनै स्वर्गको प्रस्थान बिन्दु हो' भन्ने नारा घन्काए, तर उनको यो सहिष्णुता फैलाउने कार्यको गलत प्रचार भएर उनी सर्वोच्च शिखरमा नाङ्गो भए भन्ने समाचार सम्प्रेषण भयो । तिनै लाक्पाले यो वर्ष सगरमाथा आरोहणका क्रममा तीनवटा दियोलाई प्रज्वलित गरेर पुनः विश्वमा शान्तिको कामना गरे । लाक्पा भन्छन्– 'बौद्धधर्मावलम्बी भएका कारण हामी विश्वमा शान्ति फैलिएको हेर्न चाहन्छौं ।'

*गत अंकको साप्ताहिकमा लाक्पा थार्के शेर्पासँग सम्बन्धित 'सर्वोच्च शिखरमा नाङ्गो कीर्तिमान' भन्ने समाचार इन्टरनेटमा सम्प्रेषित समाचारहरूमा आधारित भए पनि स्वयं समाचार एजेन्सीहरूले त्यसको खण्डन गरेका छन् । उक्त समाचारका कारण लाक्पा तथा उनको संस्थालाई पर्न गएको चोटप्रति हामी खेद व्यक्त गर्दछौं ।*



### लन्डनको हाई फेसनमा

**मसिनो** स्वरमा बोल्ने लजालु स्वभावकी संयुक्ता श्रेष्ठ लन्डनको फेसन डिजाइनिङमा जम्छिन् भन्ने कल्पना उनका अभिभावकहरूले पनि गरेका थिएनन्, तर बाल्यावस्थामा नृत्य गर्न रुचाउने यी नेपाली बाला ठूली भएपछि फेसनमा लागेर मिस नेपालको ड्रेस डिजाइनरसम्म भइन् । फेसन डिजाइनिङमा उच्च अध्ययनका लागि लन्डन पुगेकी संयुक्ता अहिले मास्टर्स सकेर त्यहींको हाई फेसनमा जम्ने प्रयास गर्दैछिन् । भारतीय पहिरनमा फ्युजन गरिएका उनका पहिरन हाई फेसनका उपभोक्ता अर्थात् उच्चवर्गीयहरूले रुचाइरहेका छन् । उनका सिर्जनाले लन्डनका सम्भ्रान्तहरूदेखि हलिउडका सेलिब्रिटीसम्मको शरीरको शोभा बढाइसकेका छन् । कान्तिपुर पब्लिकेसन्सको महिला प्रधान मासिक 'नारी' को असार अंककी आवरण नारी संयुक्तासँग नेपाल नफर्कने त भन्ने प्रश्न गर्दा उनले आफ्नो स्वाभाविक मुस्कान छर्दै भनिन्– 'नेपाललाई त कहाँ छोड्न सक्छु ? आफ्नै देशको फेसन डिजाइनिङमा उल्लेखनीय काम गर्ने सपना साँचेकी छु ।'

## हट हेडलाइन

### उपचारका नाममा भारत जान आतुर

प्रजातान्त्रिक सरकार तथा अन्य विदेशी मित्रहरूलाई समेत गम्भीर शंका नहुने उपाय स्वरूप राजा ज्ञानेन्द्र सपरिवार भारत भ्रमणमा जाने भएका छन् भन्ने समाचार साप्ताहिक जनआस्थाले प्रकाशित गरेको छ। समाचारअनुसार भारत भ्रमणका लागि राजाले बिरामी भएको बहाना बनाइरहेका छन्। विगत केही सातादेखि राजा ज्ञानेन्द्र मोटाएको र कोलेस्ट्रोल बढेकाले उपचार गर्नुपर्ने तर्क राजदरबारको छ। जनआस्थाका अनुसार यो योजना तत्काल तैयार गरिएको भने होइन। सक्रिय शासनका बेला भारतसँग चिसिएको आफ्नो सम्बन्धमा सुधार गर्न राजा 'उपचार भ्रमण' का लागि भारत जान लागेको उक्त साप्ताहिकको समाचारमा उल्लेख छ।

### राजकुमारी बुहारीले हात छोडेपछि

अधिराजकुमार धीरेन्द्र शाहकी छोरी शाहज्यादी शीताष्माले आफ्नी सासुई कुटपिट गरेपछि उनकी सासूले घर छोडेको समाचार साप्ताहिक घटना र विचारले प्रकाशित गरेको छ। समाचार अनुसार शाहज्यादी शीताष्माले आफ्ना पति अभिनेषविक्रम शाहसँग मिलेर ससुरा अर्जुन शाहसँग दुर्वचन बोलेको र सासू आशा सिंह शाहलाई हातपात गरेपछि सासू-ससुराले घर छाडेर हिंडेको बताइन्छ। शाहज्यादीका सासू-ससुरा अहिले दरबार होटलको कोठा नम्बर १०२ र १०३ मा बसेको उक्त साप्ताहिकले उल्लेख गरेको छ।

### सलाम खाँदै उडे भरतकेशर

काठमाडौंको चार भङज्याङ काट्न नपाइने गरी निगरानीमा राखिएका जर्नेल भरतकेशर सिंह गत बिहीबार अमेरिकातिर उडेको समाचार साप्ताहिक नेपालीपत्रले प्रकाशित गरेको छ। समाचारअनुसार राजा ज्ञानेन्द्रका प्रमुख सल्लाहकार, निरंकुश शासनका हिमायती तथा जनआन्दोलन दबाउन मुख्य भूमिका निर्वाह गर्ने जर्नेल सिंह गत बिहीबार दिउँसो तीन बजे थाई एयरको विमानबाट अमेरिका उडेका हुन्। विमानस्थलमा सिंहका लागि आवश्यक सुविधा पर्यटन मन्त्री पृथ्वी सुब्बा गुरुङका अति विश्वासपात्र महाप्रबन्धक मीनराज शर्माले उपलब्ध गराएको कुरा समेत समाचारमा उल्लेख छ। रायमाझी आयोगले समेत दोषी किटान गरेका जर्नेल सिंहलाई लोकतान्त्रिक मन्त्रीका महाप्रबन्धकले विदाइ गरेको थाहा पाउनेहरू एयरपोर्टमा भन्दै थिए- अझै पनि प्रतिगामीहरू सिद्धिएका रहेनछन्।

### अर्को रक्तपात हुने विदेशीको ठहर

माओवादीहरू संविधानसभाको चुनावमा सफल भए भने त्यसलाई शान्तिपूर्ण क्रान्ति र विजय भन्नेछन् भने असफल भए उनीहरूले पुनः हिंसात्मक आन्दोलन सुरु गर्ने कुरा एक अध्ययन प्रतिवेदनको निचोड साप्ताहिक नेपालीपत्रले प्रकाशित गरेको छ। समाचारअनुसार बेल्जियमको राजधानी ब्रसेल्सस्थित अन्तर्राष्ट्रिय संकट व्यवस्थापन समूहले गरेको अध्ययन प्रतिवेदनमा भनिएको छ- नेपाली माओवादीहरू संविधानसभामा पराजित भए भने उनीहरूका लागि फेरि युद्धमा होमिन कठिन छ। किनभने फेरि हतियार जम्मा गर्नु र खुला राजनीतिमा रहेर लिएको मजा बिर्सनु उनीहरूका लागि जटिल समस्या हुनेछ तर पनि माओवादीहरू पुनः युद्धमा फर्कने सम्भावना त्यत्तिकै रहेको र यस विषयमा माओवादभित्र ठूलो आन्तरिक द्वन्द्व रहेको प्रतिवेदनमा उल्लेख छ।

### नेविसंघमा महामन्त्रीको लफडा

हालै सम्पन्न महाधिवेशनबाट गणतन्त्रको वकालत गर्दै विजय भएका अध्यक्ष प्रदीप पौडेल अहिले सेरेमोनियल किङ पक्षधरको दबाबमा पर्न थालेको समाचार साप्ताहिक छलफलले प्रकाशित गरेको छ। त्यस्तै दबाबका कारण पौडेलले अहिले आफ्नो कार्यसमितिलाई पूर्णता दिन नसकेको समाचारमा उल्लेख छ। समाचारअनुसार गोविन्दराज जोशी र सुजाता कोइरालाले नेविसंघको महामन्त्रीमा सेरेमोनियल किङको पक्षमा रहेका सिर्जना अधिकारी वा क्षितिज भण्डारीलाई मनोनय गर्न दबाब दिएपछि अध्यक्ष पौडेल धर्मसंकटमा परेका हुन्।

### हृदयेश र यादव फोरमतिर लाग्ने

माघ १९ पछि विभाजित नेपाल सद्भावना पार्टीका दुई समूहबीच एकीकरण भएपछि नेपाल सदभावना पार्टी (आनन्दी देवी) का उपाध्यक्ष भरतविमल यादव तथा अर्का प्रभावशाली नेता हृदयेश त्रिपाठी एकीकरणप्रति रुष्ट रहेको समाचार देशान्तर साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार यादव र त्रिपाठी अहिले मधेसी जनअधिकार फोरममा सहभागी हुने चर्चा भैरहेको छ। निर्वाचन आयोगमा दर्ता भैसकेको फोरमलाई राजनैतिक दलका रूपमा विकास गराई अघि बढाउने विषयमा फोरमका अध्यक्ष उपेन्द्र यादवले त्रिपाठी र यादवसँग सम्पर्क गरिरहेका छन्।

### प्रचण्डलाई गोन्जालो बनाइने

दरबार तथा दरबारिया तत्त्वले नेपालमा बढ्दो कम्युनिस्ट आतंकलाई नियन्त्रण गर्न चिलीका तानाशाह अगस्टो पिनोसेले अमेरिकी गुप्तचर संस्था सिआइएको सहयोगमा सैन्य बल प्रयोग गरेर दमन गरेजस्तै नेपालमा पनि सेनालाई राज्यसंस्थाले कब्जा गर्नुपर्ने निष्कर्ष निकालेको समाचार साँघु साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार सेनाले सत्ता कब्जा गरे माओवादी पार्टी र त्यसका अध्यक्ष प्रचण्डको अवस्था पेरूको साइनिङपाथ र त्यसका अध्यक्ष गोन्जालोको जस्तै हुने चर्चा-परिचर्चा समेत दरबारमा हुने गरेको छ।

### ४६ करोड महरालाई घाँडो

अरूबाट जसरी भए पनि लिई छाड्ने तर आफ्नो दायित्व भने पूरा नगर्ने प्रवृत्तिका कारण अहिले सरकार र माओवादीबीच खटपट सुरु भएको समाचार दृष्टि साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार माओवादी स्थायी शिविरमा रहेका जनसेनालाई मासिक तीन हजार रुपैयाँ उपलब्ध नगराए दोस्रो चरणको प्रमाणीकरणमै माओवादीले व्यवधान खडा गरेपछि सरकारले थप रकम निकासा गरिदिएको छ तर माओवादीले उक्त रकम लिन पुऱ्याउनुपर्ने कानुनी प्रक्रिया भने पूरा गरेका छैनन्। सञ्चारमन्त्री कृष्णबहादुर महरामार्फत् पटक-पटक गरी दिएको ४६ करोड १० लाख रुपैयाँको हिसाब-किताब माओवादीले अहिलेसम्म सरकारलाई बुझाएका छैनन्। यही कारणले अब चाँडै माओवादीहरू आर्थिक प्रशासन नियमावलीको फन्दामा पर्ने कुरा समाचारमा उल्लेख छ।

## संविधान सभा जिज्ञासा



**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**

**प्रश्न : संविधानसभाका लागि निर्दलीय रूपमा उम्मेदवार हुन पाइन्छ कि पाइँदैन ? पाइन्छ भने त्यसका लागि आवश्यक प्रक्रियाहरू कस्तो हुनुपर्छ ?**

**–घनबहादुर विष्ट, डडेलधुरा**

**उत्तर** : नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचनका लागि प्रस्तावित निर्वाचन प्रणालीमा दुईवटा प्रक्रिया छन्। पहिलो प्रक्रिया क्षेत्रगत निर्वाचन हो भने दोस्रो प्रक्रिया समानुपातिक निर्वाचन हो। क्षेत्रगत निर्वाचनका लागि उम्मेदवार हुन कुनै खास राजनैतिक दलको सदस्य हुनुपर्छ भन्ने बाध्यता छैन, तर समानुपातिक निर्वाचन प्रणालीमा निर्दलीय उम्मेदवारको कुनै सम्भावना छैन।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**

## मेरो विचार

### संविधानसभा र युवा

देश संक्रमणको स्थितिबाट गुज्रिरहेको छ। एकातिर संविधानसभाको निर्वाचन छिटो गर्नुपरेको छ भने अर्कातर्फ दलहरूको आपसी मतभेदका कारण त्यसका निम्ति गर्नुपर्ने अत्यावश्यक कामहरू हुन सकेका छैनन्। सबै काम ढिलो-ढिलो हुँदै आएकाले अन्ततः लक्षित मितिमा निर्वाचन हुन नसक्ने परिस्थिति देखा पऱ्यो। एकथरीले व्यवस्थापिका संसद्बाटै गणतन्त्रको घोषणा गरिनुपर्ने माग राखेका छन् भने अर्काथरीले राजतन्त्र रहने कि नरहने भनेर जनमत-संग्रह गरिहाल्ने र पछि अनुकूल समयमा संविधानसभाको निर्वाचन गर्ने प्रस्ताव राखेका छन्।

देशलाई संविधानसभाको बाटोसम्म डोऱ्याउने, डर, त्रास र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन गराउने, त्यसपछि राज्यको पुनःसंरचना तथा आर्थिक, सामाजिक, राजनीतिक विकासका कार्यक्रमहरूलाई अगाडि सार्न सघाउने– यी तीन कुरा युवाहरूका लागि चुनौती र अवसरका रूपमा खडा छन्। हामीले यिनलाई अवसरका रूपमा सदुपयोग गरेर आइपर्ने चुनौतीहरूको सामना गर्नुपर्छ। संविधानसभामा युवाको भूमिकालाई विभिन्न चरणमा यसरी व्याख्या गर्न सकिन्छ :

**(क) संविधानसभाअगाडिका क्रियाकलाप :**

- चुनावमा सबै पक्षको सहभागिता सुनिश्चित गर्न दबाब सिर्जना गर्ने।
- कस्तो उम्मेद्वार पठाउने भन्ने विषयमा बहस अघि बढाउने।
- शान्ति सम्झौताको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- आ-आ□नो टोलमा भएका युवा क्लब तथा अन्य संघ-संस्थाहरूमा संविधानसभासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू ल्याउने। संस्थाहरू नभए नयाँ गठन गरी यस्ता कार्यक्रम सञ्चालन गर्ने।

**(ख) संविधानसभा निर्वाचन अवधिका क्रियाकलाप :**

- निर्वाचनको अनुगमन तथा मूल्यांकन गर्ने।
- निर्वाचनविरोधी तत्वहरूको घुसपैठ प्रति अरुलाई सजग पार्ने र आफू पनि सजग हुने।
- मतदातासम्बन्धी उठेका स्थानीय विवादहरूलाई सुल्झाउन सघाउने।
- मताधिकार प्राप्त सबै नागरिकलाई आ□नो मतको सदुपयोग गर्नका निम्ति प्रेरित गर्ने।
- मतदान गर्ने तरिकाका सम्बन्धमा मतदाताहरूलाई सही सूचना प्रवाह गर्ने, तर यस क्रममा युवाहरू दलगत रूपमा भने तटस्थ रहनुपर्छ।

**(ग) संविधानसभा निर्वाचनपछिका क्रियाकलाप**

- निर्वाचनबाट आएको नतिजालाई अवलम्बन गरी अगाडि बढ्न सबै पक्षलाई प्रेरित गर्ने।
- निर्वाचनबाट उब्जिएका असन्तुष्टिहरूलाई वार्ताद्वारा समाधान गर्नका निम्ति प्रशासन र त्यस्ता पक्षबीच पुलको काम गर्ने।
- उम्मेदवारहरूले निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिबद्धताहरूको सफल कार्यान्वयनका निम्ति दबाब सिर्जना गर्ने।
- संविधान निर्माण प्रक्रियामा सबै पक्षको आवाज समेट्न विभिन्न गोष्ठी तथा कार्यक्रमहरूको आयोजना गर्ने। यसबाट संकलित सुझावहरूलाई संविधान निर्माण समितिसम्म पुऱ्याउने।
- समग्रमा भन्दा संविधानसभा नै देशमा विद्यमान सम्पूर्ण खाले द्वन्द्व समाधान गर्ने एक मात्र भरपर्दो उपाय हो। यसले नयाँ नेपालको भाग्यरेखा कोर्न सक्छ, तर यो रूपान्तरणको साध्य होइन, साधन मात्र हो। यही साधनको उचित एवं उपलब्धिमूलक प्रयोगका निम्ति युवाहरूको प्रभावकारी भूमिका अहिलेको प्रमुख आवश्यकता हो।

**–भवसागर घिमिरे, कीर्तिपुर**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

शिक्षा

# छात्राहरूले के पढ्ने ? नर्सिङ....



एसएलसी परीक्षा सकिएपछि छात्राहरूको ठूलो संख्या नर्सिङमा क्यारियर खोज्ने उद्देश्यले प्रवेश परीक्षाको तयारीमा जुटिसकेको हुन्छ। नर्सिङ प्रवेश परीक्षा तयारीका लागि सञ्चालनमा आएका इन्स्टिच्युटहरूमा देखिने छात्राहरूको उल्लेख्य भीडले उनीहरूको नर्सिङप्रतिको मोहलाइ प्रस्ट्याउँछ। एसएलसीपछि कुन विषय अध्ययन गर्ने ? प्रश्न टुङ्गिन नपाउँदै उत्तर आउँछ, नर्सिङ ..... त्यसपछि अन्य विषयहरू आउँछन्। किन ? उनीहरू उत्तर दिन्छन्- स्वदेशमा मात्र नभई विदेशमा पनि रोजगारी पाइने भएकाले।

युरोपका विभिन्न राष्ट्र, अमेरिका तथा विकसित एसियाली मुलुकहरूमा नेपाली नर्सहरूले रोजगारी पाउने सम्भावना बढ्दै गएको उदाहरण पेस गर्दै छात्राहरू आयस्रोतका दृष्टिकोणले पनि यो विषय आकर्षक भएको तर्क गर्छन्। त्यतिमात्र होइन, नर्सिङ अध्ययन गरेर अनुभव प्राप्त गरेका छात्राले सजिलै रोजगारी पाउने भएकाले विदेशमा रहेका नेपाली युवाहरू पनि आफ्नो जीवनसाथी नर्स नै भए हुन्थ्यो भन्ने चाहना राख्छन्। एक छात्राले नाम उल्लेख नगर्ने सर्तमा भनिन्- 'अहिले श्रीमतीको पनि रोजगारी होस् भन्ने चाहना राख्ने धेरैजसो पुरुष नर्सिङ पढेका युवतीतर्फ आकर्षित छन्। पेसागत रूपमा पनि सेवामूलक कार्य भएकाले छात्राहरूमा नर्सिङप्रति रुचि बढेको हो।'

नेपालका मेडिकल प्रशिक्षित मानिसको माग विकसित देशमा बढ्दो छ, जसमा सबैभन्दा बढी माग नर्सहरूकै छ। यसबाट नेपाली नर्सका लागि युरोप, अमेरिका, जर्मनी, अस्ट्रेलियाजस्ता मुलुकमा क्यारियर बनाउने बाटो खुलेको छ, तर नेपालमा नर्सहरूका लागि अवसर छैन भन्ने होइन। हरेक वर्ष उत्पादन हुने नर्सको ठूलो संख्या स्वदेशमै खपत हुने गरेको छ। सरकारीदेखि निजी चिकित्सा संस्थासम्म नर्सहरूको आवश्यकता छ।

प्राविधिक शिक्षाको सूचीमा स्टाफ नर्स आयआर्जनका दृष्टिले पनि रोजगारमुखी र सजिलो पेसा भएकाले यसप्रतिको आकर्षण बढिरहेको नेपाल नर्सिङ काउन्सिलकी रजिस्ट्रार ईश्वरी खनाल बताउँछिन्। रजिस्ट्रार खनालका अनुसार प्रत्येक दिन चार जना नर्सले विदेशका लागि भिसा पाउँछन्। तथ्याङ्कअनुसार नेपालमा प्रत्येक वर्ष ६ सयभन्दा बढी स्टाफ नर्स उत्पादन हुन्छन्। यो तथ्यांक हेर्दा नेपालको ९० प्रतिशत उत्पादनले विदेशमा रोजगारी पाएको छ, तर नर्सिङ काउन्सिलको प्रतिवेदनले भने ५० प्रतिशत मात्र बाहिर रहेको तथ्यांक देखाउँछ। खनाल भन्छिन्- 'पढाइ सकेर अनुभव बटुल्ने क्रममा छात्राहरू 'पिचिएफएनएच' जस्ता वैदेशिक चिकित्सा रोजगार परीक्षाको तयारीमा जुट्न थालिसकेका हुन्छन्, जसले गर्दा त्यहाँ जानेबित्तिकै उनीहरूलाई उच्च अध्ययन तथा रोजगारीको अवसर मिल्छ।

नर्सिङ अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष यो विषय अध्ययन गरेका सक्षम नर्सले स्वदेशमै पनि सजिलैसँग रोजगार पाउनु। अबको १० वर्षसम्म उत्पादन भएका नर्सहरू नेपालभरिका सरकारी अस्पतालमै खपत हुने रजिस्ट्रार खनाल बताउँछिन्।

काठमाडौंमा मात्रै करिब दुई दर्जन इन्स्टिच्युटले बर्सेनि तयारी कक्षा सञ्चालन गर्दै आएका छन्। इन्स्टिच्युटमा स्टाफ नर्स प्रवेश परीक्षाका लागि अध्ययन गर्नुपर्ने विषयवस्तु, यसअघिका प्रवेश परीक्षाका प्रश्नपत्रको समाधान, अभ्यास तथा नर्सिङ अध्ययनका आधारभूत ज्ञान प्रदान गरिन्छ। १ हजार ६ सय सिट रहेको स्टाफ नर्सको कोटाका लागि ६ हजार छात्राले प्रवेश परीक्षामा प्रतिस्पर्धा गर्छन्। त्यसैले प्रवेश परीक्षा तयारी कक्षाको आवश्यकता पनि बढ्दै गएको छ।

'नर्सिङ स्वास्थ्यसँग सम्बन्धित भए पनि सामाजिक प्रतिष्ठा र सेवासँग जोडिएको विषय हो।' सिटिइभिटीका प्रशासकीय प्रमुख रामस्वरूप सिन्हा भन्छन्- 'तर सिटिइभिटीद्वारा सञ्चालित कलेजका सन्दर्भमा गुणस्तरसँग सम्बन्धित केही कमजोरी देखिएका छन्। त्यसलाई अनुगमन तथा व्यवस्थापनका साथ अस्पतालमा प्रयोगात्मक व्यवस्था गरी पूरा गर्न सकिन्छ। जसमा उच्चस्तरको जनशक्ति निर्माण गर्ने सिटीभिटीको नयाँ संशोधनले सहयोग गर्छ।' सिटिइभिटीकै सम्बन्धनमा सञ्चालित ग्रीनतारा नर्सिङ क्याम्पसकी प्रिन्सिपल सम्झना पौडेल कलेजमा १ सय ६० विद्यार्थी भर्ना क्षमता भए पनि ४

**बाँकी पृष्ठ ७ मा**

## नर्सिङ कथा

नेपाल नर्सिङ काउन्सिलमा वि.सं. २०५२ सालमा दर्ता भएअनुरूप नेपालको पहिलो रजिस्ट्रर्ड नर्स लक्ष्मी प्रसाईं हुन्। प्रसाईंले वि.सं. २०४९ सालमा पोखरा नर्सिङ कलेजबाट नर्सिङ उत्तीर्ण गरेकी थिइन् तर २००९ सालमा अठार महिने 'मिडवाइफ' तालिमका लागि पठाइएकी डा. उमादेवी दास नै नेपालकी पहिलो नर्सका रूपमा चिनिन्छिन्। यसैगरी काउन्सिलमा दर्ता भएअनुसार २०४२ सालमा स्थापना भएको महाराजगन्ज नर्सिङ क्याम्पस नेपालको पहिलो नर्सिङ क्याम्पस हो, जुन २०१३ सालमा सुरेन्द्र भवन सानेपामा एचएमजी स्कुल अफ नर्सिङका रूपमा स्थापना भएको थियो। २०५२ सालभन्दा अघिका नर्सको रेकर्ड काउन्सिलसँग छैन। हालसम्म काउन्सिलको दर्तामा रजिस्टर्ड नर्सको संख्या ८ हजार १ सय ६२ तथा असिस्टेन्ट नर्सको संख्या १ हजार ५ सय पुग्न लागिसकेको छ, जसमा स्टाफ नर्सदेखि नर्सिङमा स्नातकोत्तरसम्म पर्छन्। असिस्टेन्ट नर्सिङमा टेस्ट उत्तीर्ण भै अठार महिने तालिम लिएकाहरू पर्छन्। काउन्सिलको यो तथ्याङ्कमा ५ वर्षयता अत्यधिक वृद्धि भएको छ।

## प्रवेश परीक्षा तयारी कक्षाका लागि इन्स्टिच्युटको भूमिका

'छोरा बिग्रिए कमर्स छोरी बिग्रिए नर्स' एक दशकअघिसम्म यो भनाइ सार्वजनिक प्रयोगमा आउँथ्यो। त्यसै कारणले अभिभावकले पनि आफ्ना छोरीलाई नर्सिङ अध्ययनका निम्ति बाटो बन्द गरिदिएका थिए। नेपालकै पहिलो स्टाफ नर्स तयारी कक्षा सञ्चालन गर्ने इन्स्टिच्युटका रूपमा १२ वर्षअघि स्थापित आईसीई इन्स्टिच्युटका निर्देशक विनोद दाहाल भन्छन्- 'चलनचल्तीको त्यो उखान अहिले आएर ठ्याक्कै विपरीत भएको छ।' दाहालका अनुसार इन्स्टिच्युटमा प्रारम्भिक वर्षमा एक दर्जन विद्यार्थी प्रवेश परीक्षा तयारी कक्षामा आएका थिए तर अहिले अठार सिफ्टसम्म कक्षा सञ्चालन हुन्छ। प्रविधिको सहयोगले साँघुरिदै गएको विश्व अर्थतन्त्रको फाइदा लिंदै नेपाली स्टाफ नर्सको माग अन्तर्राष्ट्रिय बजारमा बढ्दै गएकाले पनि स्टाफ नर्सको क्रेज बढेको हो।

त्यस्तै स्टाफ नर्सका लागि पायोनियर भएको दाबी गर्दै आएको नेसनल इन्स्टिच्युट अफ नर्सिङ एजुकेसन (नाइन) का निर्देशक मातृका खनाल वर्षैपिच्छे१ हजार ६ सय विद्यार्थी तयारी कक्षामा आउने र यो संख्या वर्षैपिच्छे डेढ गुनाले बढ्दो क्रममा रहेको बताउँछन्। वि.सं. २०११ सालदेखि प्रवेश परीक्षा तयारी कक्षाको ट्रेन्ड प्रारम्भ भए पनि २०५२ सालदेखि यसले पूर्णतः व्यावसायिक स्वरूप लिएको खनालको अनुभव छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत कलेजमा भर्ना पाउन चाहनेहरूको संख्या बढी हुने भएकाले प्रवेश परीक्षामा तीव्र प्रतिस्पर्धा हुने गरेको इन्टेल इन्स्टिच्युटका व्यवस्थापक निर्देशक अम्बिर थापा बताउँछन्। प्रत्येक वर्ष १ हजार विद्यार्थीलाई तयारी कक्षा गराइरहेको बताउँदै थापा भन्छन्- 'अभिभावकको करकापमा नआई निरन्तर कक्षामा सामेल हुने विद्यार्थीलाई प्रवेश परीक्षामा नाम निकाल्न गाह्रो छैन।' त्यसैगरी विज्ञान, गणित, अंग्रेजीजस्ता विषयमा वस्तुगत प्रश्न समाधान तरिकामा जोड दिए विद्यार्थीले सहजै नाम निकाल्न सक्ने निम्स इन्स्टिच्युटका निर्देशक लेखनाथ बराल बताउँछन्। बरालका अनुसार निम्सले तयारी कक्षा लिन आउने विद्यार्थीको आत्मविश्वास बलियो बनाउनेतर्फ पनि त्यत्तिकै ध्यान दिंदै आएको छ। 'नर्सिङ मानव सीप तथा सैद्धान्तिक विषयको सम्मिश्रण हो,' बराल भन्छन्- 'नर्सिङ अध्ययन सामान्य विषयजस्तै नै भए पनि यसको अध्ययनमा लाग्ने लगानीको प्रतिफल चाँडो र राम्रो आउँछ।' विद्यार्थीलाई प्रतिस्पर्धामा खरो रूपमा उत्रिन नेम इन्स्टिच्युटले सातामा एक पटक नमुना परीक्षा सञ्चालन गर्दै आएको छ। नमुना परीक्षाले विद्यार्थीलाई हौसला प्रदान गर्छ, नेमका निर्देशक डा. नवीनकुमार शर्मा भन्छन्- 'यस वर्ष मात्र ३ सय विद्यार्थी नेमको तयारी कक्षामा सम्मिलित छन्।'

यसबाहेक केएस एमटी अल्फा बिटा इन्स्टिच्युट, आइएमई सचदेवाजस्ता इन्स्टिच्युट पनि प्रमुख यही क्षेत्रमा सक्रिय छन्। इन्स्टिच्युटहरूले मुख्यगरी विद्यार्थीलाई 'गाइड-लाइन' प्रदान गर्दै पाँचै बोर्डको परीक्षा प्रणाली, परिमार्जित प्रश्नपत्र ढाँचाजस्ता विषयमा सहयोग गर्छन।

शिक्षा

# छात्राहरूले के पढ्ने ? नर्सिङ....

पृष्ठ ६ बाट जारी


सयसम्म विद्यार्थी प्रवेश परीक्षामा सामेल हुने गरेको बताउँछिन् । सिटिइभिटीका उत्पादनलाई त्रिभुवन विश्वविद्यालयसरह मान्यता दिनु पनि यसको सकारात्मक पक्ष हो । 'यो संसारभर बिक्ने पेसा हो,' सुषमा कोइराला मेमोरियल ट्रस्ट नर्सिङ क्याम्पस बत्तीसपुतलीकी प्रिन्सिपल जानकी प्रधान भन्छिन्- 'अहिले प्रायःजसो नर्सिङ कलेजमा शिक्षकहरूको कमी छ । दक्ष जनशक्ति बिदेसिएपछि त्यस्तो अवस्था आएको हो ।'

नेपालमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् सिटिइभिटी तथा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले छुट्टाछुट्टै समयमा नर्सिङ परीक्षा लिन्छन् । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त नर्सिङ क्याम्पस ६ वटा छन् भने सिटिइभिटीबाट सम्बन्धनप्राप्त नर्सिङ इन्स्टिच्युट ३० वटा छन् । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा नर्सिङ अध्ययन गर्नका लागि प्रवेशिका परीक्षामा ५० प्रतिशत अंक हासिल गरेको हुनुपर्छ । सिटिइभिटी तथा अन्य क्याम्पसमा अध्ययनका लागि द्वितीय श्रेणीमा उत्तीर्ण भए पुग्छ, तर सिटिइभिटीअन्तर्गतका क्याम्पसमा अध्ययन गर्न इच्छुक छात्राले अनिवार्य विषयहरू अंग्रेजी, विज्ञान र गणितमा ५० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्छ ।

सिटिइभिटी तथा त्रिभुवन विश्वविद्यालयका पाठयक्रम एकै प्रकारका छन्, जसमा प्रथम वर्षमा आधारभूत नर्सिङ, कम्युनिटी इन्ट्रिग्रेटेड साइन्स, होम भिजिटिङ, दोस्रो वर्षमा मिडवाइफरी, ए, बी, सी, नेपाल परिचय, बिहेविएर साइन्स, नर्सिङ केयर अफ चिल्ड्रेन र तेस्रो वर्षमा नर्सिङ केयर अफ एडल्ट, लिडरसिप एनड म्यानेजमेन्ट आदि विषय अध्ययन गर्नुपर्छ ।

स्टाफ नर्स भएपछि कमसेकम तीन वर्षको अनुभवपछि मात्र नर्सिङ स्नातक (बीएन नर्सिङ) गर्न सकिन्छ, तर सिटिइभिटीका कलेजहरूमा एक वर्षको अनुभवपछि भर्ना आवेदन दिन सकिन्छ । महाराजगन्ज नर्सिङ कलेज, ललितपुर नर्सिङ क्याम्पस, पाटन नर्सिङ क्याम्पस तथा स्तूपा नर्सिङ क्याम्पसले बीएन कोर्स उपलब्ध गराउँछन् भने त्रिभुवन विश्वविद्यालयअन्तर्गत १० वटा बीएस्सी नर्सिङ कलेज सञ्चालित छन् ।

त्रिभुवन विश्वविद्यालयमा बीएन कोर्स ३ वर्षको तथा पूर्वाञ्चल विश्वविद्यालयमा २ वर्षको छ । नेपालमा सन् १९७७ सालदेखि महारागन्ज नर्सिङ क्याम्पसमा बीएन नर्सिङको अध्यापन हुन थालेको हो । स्नातकोत्तर तहको कोर्स सन् १९९५ देखि सञ्चालन हुन थालेको हो ।



## नर्सिङ अध्ययनका लागि आवश्यक छ

- संवेदनशील र धैर्यवान् हुनुपर्छ ।
- सेवा एवं त्यागको भावका साथ व्यावसायिक हुनुपर्छ ।
- दयालु हुनुपर्छ तर उत्तरदायित्व निर्वाह गर्ने एवं कठोर अनुशासनमा रहने हुनुपर्छ ।
- त्यागको भावनाले ओतप्रोत हुनुका साथै शारीरिक रूपमा पनि मजबुत हुनुपर्छ, किनभने यो पेसामा आइपर्ने विभिन्न अप्ठ्यारा परिस्थितिमा ८ देखि २० घन्टासम्म संवादमा कुशल र हँसिलो हुनुपर्छ । बिरामीसँग चाँडोभन्दा चाँडो घुलमिल हुनु सक्नुपर्छ ।
- बौद्धिक रूपमा दक्ष हुनुपर्छ ।

**नर्सिङ अध्ययनका लागि आवश्यक कुरा**

सिटिइभिटीको प्रवेश परीक्षामा दुई घन्टाको समयमा १ सय ५० वटा प्रश्न हल गर्नुपर्छ । अंग्रेजी ५०, विज्ञान ५० तथा गणित ५० अंक गरेर १ सय ५० पूर्णांकको परीक्षा दिनुपर्छ । एउटा विद्यार्थीले वर्षभरिमा ५ स्थानमा प्रवेश परीक्षा दिन सक्छन् ।

नर्सिङ अध्ययनमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजमा तीन वर्ष समय अवधिको बढीमा १ लाख रुपैयाँसम्म खर्च हुन्छ भने सिटिइभिटीअन्तर्गत कलेजमा ३ देखि साढे ३ लाखसम्म खर्च हुन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतका नर्सिङ क्याम्पसहरूमा प्रतिमहिना २ सय रुपैयाँ छात्रवृत्ति पाइन्छ ।

प्रवेश परीक्षामा अंग्रेजी, विज्ञान, गणित स्वास्थ्य तथा सामान्य ज्ञानसम्बन्धी प्रश्नहरू सोधिन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा माघको अन्तिम साता प्रवेश परीक्षा लिइन्छ । काठमाडौं विश्वविद्यालय तथा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले असार महिनाको अन्त्यतिर प्रवेश परीक्षा लिन्छन् भने सिटिइभिटीले भदौको अन्तिम साता परीक्षा लिन्छ ।

## सिटिइभिटीबाट सम्बन्धन प्राप्त कलेजहरू

१. लर्डबुद्ध एजुकेसन एकेडेमी नेपालगन्ज, बाँके
२. ख्वप मल्टिपल एजुकेसन कलेज, भक्तपुर
३. चक्रवर्ती हबी एजुकेसन एकेडेमी, मध्यपुर ठिमी
४.श्रद्धा नर्सिङ क्याम्पस, भक्तपुर
५.इन्स्टिच्युट अफ मेडिकल टेक्नोलोजी, चितवन
६.बालकुमारी कलेज, चितवन
७.कलेज अफ मेडिकल साइन्स, भरतपुर, चितवन
८. जनकपुर नर्सिङ कलेज, धनुषा, जनकपुर
९ सेती-महाकाली नर्सिङ क्याम्पस महेन्द्रनगर, कञ्चनपुर
१०. मणिपाल स्कुल अफ नर्सिङ, कास्की, पोखरा
११.पोखरा टेक्निकल हेल्थ मल्टिपल इन्स्टिच्युट, कास्की, पोखरा
१२.नेसनल भिजन हायर सेकेन्डरी स्कुल, पुरानोबानेश्वर
१३. सुष्मा कोइराला मेमोरियल ट्रष्ट बत्तीसपुतली
१४. ओम इन्स्टिच्युट फर हेल्थ मेनपावर डेभलपमेन्ट चावहिल
१५.विनायक कलेज अफ हेल्थ साइन्स, गौशाला
१६.गुणराज पाठक स्मृति नर्सिङ क्याम्पस, बालुवाटार
१७.ग्रिन तारा नर्सिङ क्याम्पस, बालुवाटार
१८.नेपाल इन्स्टिच्युट अफ मेडिकल साइन्सेज, थापाथली
१९. नेपाल इन्टिच्युट अफ हेल्थ साइन्स, बौद्ध
२०. नेपाल कान्तिपुर इन्टिच्युट अफ टेक्निकल साइन्स, कमलादि
२१. काठमाडौं मोडल हस्पिटल स्कुल अफ नर्सिङ, बागबजार
२२.फुल्चोकी नर्सिङ क्याम्पस, बनेपा
२३ . हिमालयन एजुकेसन सोसाइटी, ग्वार्को, ललितपुर
२४.मदन स्मृति प्रतिष्ठान, मोरङ
२५. विराट हेल्थ कलेज एन्ड रिसर्च सेन्टर, विराटनगर
२६. द हिमालयन इन्टिस्च्युट अफ हेल्थ साइन्स, वीरगन्ज
२७. मायादेवी टेक्निकल इन्स्टिच्युट, बुटवल
२८. युनिक एजुकेसन एकेडेमी, राजविराज, सप्तरी


**स्टाफ नर्सको कमाइ**

वर्तमान समयमा जुनियर स्तरमा एउटा नर्सले ७ हजारदेखि १० हजार रुपैयाँ प्रतिमहिना पाउँछन् । त्यसबाहेक उनीहरूले अतिरिक्त भत्ता पाउन सक्छन् । विकसित मुलुकमा रोजगारीका लागि गएकाहरूले न्युनतम २ हजार डलर प्रतिमहिना कमाउँछन् ।

# उत्तरपुस्तिकाको परीक्षण कसरी ?



विश्वमणि अधिकारी



एसएलसी परीक्षापछि अब सबैको ध्यान उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशनतर्फ छ । परीक्षा नियन्त्रण कार्यालयमा कार्यरत कर्मचारीबाटै केही विषयको प्रश्नपत्र केही स्थानमा परीक्षा अगावै सार्वजनिक भएको तथा एकाध स्थानमा भएका अमर्यादित घटनाका तीक्तताका बाबजुद समग्रमा यस वर्षको एसएलसी परीक्षा सफलतापूर्वक सम्पन्न भएको मान्न सकिन्छ । दस कक्षाको पाठ्यक्रमबाट मात्र प्रश्न सोधिनु, विद्यार्थीलाई पायक पर्ने गरी गाउँ-गाउँमा परीक्षा केन्द्र राखिनु, राजनैतिक वातावरण समेत तुलनात्मक रूपमा राम्रो भै विद्यार्थीहरू तनावमा नरहनु यो वर्षको एसएलसी परीक्षाको उल्लेख्य पक्ष हो ।

यसै कारण यो वर्ष एसएलसी परीक्षाको नतिजा राम्रो आउने अपेक्षा धेरैलाई छ जुन असामान्य होइन तर परीक्षा सम्पन्न हुनु नै सबै थोक होइन । परीक्षा त्यतिखेर सफल भएको ठहरिन्छ, जतिखेर उत्तरपुस्तिका वैज्ञानिक, व्यावहारिक तथा अर्थपूर्ण ढंगले राम्रोसँग जाँचिन्छ ।

परीक्षा सञ्चालन गरिसकेपछि उत्तरपुस्तिका जाँच्ने काम हुन्छ जुन अत्यन्त गहन जिम्मेबारी हो किनकि यसमा विद्यार्थीको भविष्य निर्भर हुन्छ । विषयगत तथा वस्तुगत परीक्षाको अंकन प्रविधि फरक-फरक हुन्छ । वस्तुगत प्रश्न जाँच्न खासै चुनौती नभए पनि विषयगत प्रश्नको उत्तरपुस्तिका परीक्षण निकै जटिल हुन्छ ।

खासगरी विषयगत तथा छोटा उत्तर परीक्षण गर्दा अंक तलमाथि हुन सक्ने सम्भावना बढी देखिन्छ । जस्तो कि- दस नम्बर अंक भार भएको विषयगत प्रश्नमा कुनै एउटा परीक्षकले अत्यन्त राम्रो लागेको जवाफलाई दसमा नौ अंक दिन सक्छ भने अर्को परीक्षकले त्यही स्तरको जवाफलाई सात अंकमात्र दिन सक्छ । यस्तो भए अघिल्लो परीक्षार्थीको भाग्य चम्कन सक्छ भने पछिल्लो परीक्षार्थीमाथि अन्याय हुन्छ । यही कारणले गर्दा नै विषयगत प्रश्नका उत्तरपुस्तिकाहरू परीक्षण गर्न प्रत्येक प्रश्नका मुख्य-मुख्य बुँदाहरू छुट्याई परीक्षण कुञ्जिका अपनाउन शिक्षाविद्हरूले सल्लाह दिने गरेका हुन् ।

त्यसो त केही वर्षयता नेपाल सरकार, परीक्षा नियन्त्रण कार्यालयले मार्किङ स्किम तयार पारी उत्तरपुस्तिका परीक्षण गराउन थालेको छ जुन उचित कदम हो तर पनि सबै परीक्षकले यो विधिलाई पूर्ण रूपमा भने अझै अपनाएको देखिँदैन । समस्या नेपाली, अंग्रेजी, सामाजिक, स्वास्थ्य तथा शारिरीक शिक्षा जस्ता भाषागत विषयमा मात्र होइन गणित जस्ता विषयमा समेत पाइएको छ ।

गणितमा केवल अन्तिमको उत्तर मिलेमात्र अंक दिने तर सूत्र, प्रक्रिया अथवा आधा मिले अंक नदिने प्रवृत्ति छ जुन सरासर गलत त हो नै विद्यार्थीप्रति धोका पनि हो । विषयगत प्रश्नको उत्तरपुस्तिका परीक्षण गर्दा परीक्षकले पूर्वाग्रह छोडी अंक दिनुपर्छ । मैले पढाउँदा यसरी पढाएको थिएँ, यसले अर्कै पाराले उत्तर दिएछ, बढी बाठो भएर अर्को विधि पो प्रयोग गरेछ, जवाफ ट्याक्क नमिले पनि अक्षर कति राम्रा हुन् भन्ने जस्ता पूर्वाग्रह राखी अंक दिनु हुँदैन । कापी जाँच्ने बेलामा यस्तो प्रभाव पर्न नदिन जाँच्ने बुँदा तयार पारेर वा आधारहरू बनाएर अंक दिन सकिन्छ ।

त्यसैगरी विद्यार्थीका प्रश्नहरूको जवाफ फिजाएर एकै चोटी हेरे विद्यार्थीहरूको उत्तर तुलना गर्न सकिन्छ । यसप्रकार सबै विद्यार्थीको एउटै प्रश्नको उत्तर पढिसकेपछि तुलनात्मक ढंगमा अंक दिन सकिन्छ । जाँच्न केही असजिलो भए पनि यसको विश्वसनीयता बढी हुन्छ । विषयगत परीक्षाको उत्तरपुस्तिका कम्तीमा दुई जना परीक्षकले परीक्षण गर्नु उत्तम हुन्छ । किनकि यसरी जाँचेको उत्तरपुस्तिकाको अंकन बढी विश्वसनीय हुन्छ ।

वस्तुगत प्रश्न जाँच्न पनि स्कोरिङ कि बनाउनु उत्तम हुन्छ । यसरी छिटो तथा ठीकसँग उत्तर जाँच्न सकिन्छ । वस्तुगत प्रश्नमा बढी वा कम अंक दिनु हुदैन । बहुवैकल्पिक प्रश्नको उत्तरपुस्तिका परीक्षण गर्न उत्तरकुञ्जिकामा उत्तरपुस्तिका अनुसारको फ्रेम बनाएर ठीक उत्तर भएको स्थानमा प्वाल पारेर यस प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ ।

वस्तुगत परीक्षामा अन्दाजले मात्र चिह्न लगाउँदा पनि ठीक उत्तर मिल्ने सम्भावना बढी हुने हुँदा त्यस्तो बानीलाई निरुत्साहित गरी परीक्षालाई बढी विश्वसनीय बनाउन कहिलेकाहीं प्रत्येक प्रश्नको गलत उत्तरमा ठीक उत्तरबाट केही प्रतिशत अंक घटाएर परीक्षार्थीको वास्तविक अंक निकाल्ने चलन पनि छ । यसप्रकारले उत्तरपुस्तिका जाँच्ने हो भने परीक्षार्थीको वास्तविक मूल्यांकन त हुन्छ नै, साथसाथै परीक्षाको उद्देश्यसमेत पूरा हुन्छ । किनकि सबै परीक्षार्थीलाई उनीहरूले हासिल गरेको ज्ञान, सीप, बोध तथा प्रयोग आदि देखाउने समान अवसर प्रदान गर्नु नै परीक्षाको मुख्य उद्देश्य हो ।

*(अधिकारी ड्याफोडिल पब्लिक स्कुलका शिक्षक हुन् ।)*

अपराध

# बेवारिसे शिशु जन्माउँदै छन् विक्षिप्त महिलाहरू

**प्रदीप मेयाङ्बो**

बोलीको ठेगान नभएकी अन्दाजी २४ वर्षीया युवतीलाई जब सुत्केरी व्यथाले चाप्यो, उनले धरान रेल्वेलाइननजिकैको एक कल्भर्ट मुनि हिँड्दाहिँड्दै शिशु जन्माइन्, तर शिशुसँगै झर्ने साल नझरेपछि उनी बेहोस हुन पुगिन् । संयोगले स्थानीय बासिन्दाहरूले देखेर उनलाई बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रसूतिगृहमा भर्ना गरे । सामान्य स्वास्थ्यस्थितिमा फर्किएपछि उनको नाम, ठेगाना र लोग्नेको विवरण सोधियो । जवाफमा उनले जुन पुरुषले उनलाई पहिले देखेर उद्धार गरेका थिए तिनैप्रति इङ्गित गर्दै सबैलाई चकित पारिन् ।



उनले आफ्नो नाम सुरुमा सावित्री बताएकी थिइन् । दोस्रो र तेस्रो पटक सोध्नेलाई अरू नै नाम बताइन् । शिशुलाई स्तनपान गराउन र लुगा लगाउनसमेत नजान्ने ती सुत्केरी युवतीसँग फेरि लोग्नेको नाम सोधियो, जवाफमा विदेश गएको छ भनिन् । तिनले ढाँटेकी थिइनन्, न त सत्य नै बोलेकी थिइन् । उनी मानसिक रूपले पूरै विक्षिप्त छिन् भनेर जो-कोहीले सजिलै अनुमान गर्न सक्छन् ।

उनको अवोध र विक्षिप्त स्थितिलाई विश्लेषण गर्दा उनलाई कुनै पुरुषले बलात्कार गरेर गर्भवती बनाएको हो भन्न सकिन्थ्यो तर उनमा आफू बलात्कृत भएको र सुत्केरी भएको अनुभूतिसम्म थिएन । यो घटना दुई महिनाअघिको हो । चिकित्सकहरूले उनको पाठेघर निकालेर फालिदिए, फेरि सडकमा जाँदा बलात्कृत भए पनि गर्भवती बनेर शिशु जन्माउन नसक्ने गरी । उनले जन्माएको शिशु स्थानीय अनाथालयमा जिम्मा दिइयो । तिनी अहिले सडकमा बरालिन्छिन् । सायद उनी बलात्कृत हुनबाट बच्न सकेकी छैनन् ।

उनको जस्तै घटना धरानमा छ महिनाअघि पनि भएको थियो । सडकमै रात-दिन भौंतारिएर हिंड्ने परिचय खुल्न नसकेकी एक अर्की युवती पनि बारम्बार बलात्कृत भएपछि शल्यक्रिया गरेर उनको पाठेघर नै निकालियो । मानसिक सन्तुलन गुमाएका युवतीलाई बलात्कृत हुनबाट जोगाउन समाज, परिवार, प्रहरी प्रशासनले अरू केही गर्न नसके पनि गर्भवती भएर पाउने दुःखबाट मुक्त गराउने उपाय भने पाठेघर नै फाल्नु एक मात्र उपाय रहेको धरानकी सक्रिय समाजसेवी युगकुमारी लिम्बू बताउँछिन् ।

लिम्बूको पहलमा धरानमा बलात्कृत भएका यस्ता थुप्रै मानसिक सन्तुलन गुमाएका युवतीको उद्धार गरिएको छ । 'बारम्बार बलात्कृत भैरहेका छन् यी मानसिक सन्तुलन गुमाएका युवतीहरू,' लिम्बू चिन्ता व्यक्त गर्छिन्– 'कसले रोक्ने यो घिनलाग्दो विकृतिलाई ?

केही वर्षअघि राति हिंडिरहेकी एक लाटी युवतीलाई समाएर जबर्जस्ती बलात्कार गर्न खोज्ने पाँच युवालाई खेद्ने क्रममा धरानका तत्कालीन नगर प्रमुख मनोजकुमार मेयाङ्बोमाथि कट्टी प्रहारसमेत भएको थियो । रातको समयमा आफ्नो घरको बाहिरपट्टिको अँध्यारो कुनामा घिसार्दै ल्याएर ती युवाहरूले सडकमा भौंतारिने लाटीलाई बलात्कार गर्न थालेपछि ती युवती चिच्याएकी थिइन् । आफ्नै घरबाहिरको कुनामा महिला चिच्याएको सुनेपछि नगरप्रमुख मेयाङ्बो प्रतिकार गर्न खुकुरी लिएर दौडिएका थिए । लाटी महिलालाई बलात्कार गर्न नपाएको झोंकमा ती युवाहरूले मेयाङ्बोलाई घाइते बनाएका थिए । मिडियामा बलात्कारका समाचारहरू आए पनि ती घटनाहरू प्रायः सद्धे नारीमाथि भएका घटना नै हुन्छन्, तर सडक चहारी हिंड्ने, मानसिक सन्तुलन गुमाएका नारीमाथि हुने बलात्कारजस्तो ज्यादतीप्रति खबरदारी गर्न न नारीवादीहरू अघि सरेका छन्, न त मिडियाले नै चासो लिएको छ ।

सहरमा यस्ता कैयौं घटना रातैपिच्छे हुन्छन्, तर समाचार बन्दैनन् । उनीहरू बलात्कृत भए पनि प्रहरी प्रशासनमा उजुरी नपरेपछि यौन विचलन भएका पुरुषहरूमाथि हालसम्म कुनै कारबाही भएको रेकर्ड छैन । निरीह, अवला, अपाङ्ग र मानसिक रूपले नै विक्षिप्त भएर सडकमा डुलिहिंड्ने वा बोल्न नसक्ने महिला बलात्कृत भएपछि गर्भवती हुनेहरूको संख्या धरान, इटहरी तथा विराटनगरजस्ता सहरी क्षेत्रमा बढिरहेको छ ।

आखिर कस्ता पुरुषहरू यस्तो अस्वाभाविक यौन चर्तिकलाप्रति आकर्षित हुन्छन् ? सबैलाई जिज्ञासा लाग्न सक्छ । सडकमा फोहोरी जीवन बिताउने मानसिक सन्तुलन गुमाएका महिलासँग यौनसम्पर्क गर्ने, बलात्कार गर्ने पुरुष पनि मानसिक रूपले सद्धे नै हुन्छन् ? बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका मानसिक रोग विभागका एसोसिएट प्रोफेसर डा. रवि शाक्यको भनाइलाई मान्ने हो भने उनीहरूलाई यौन व्यभिचारीको निकृष्ट श्रेणीमा राख्न सकिन्छ । पर्सनालिटी डिसअर्डर, यौन उन्मादजस्ता मानसिक रोगीहरू यस्तो कुकृत्य गर्न हिचकिचाउँदैनन् ।

डा. शाक्य भन्छन्, 'मानसिक रूपले विकृत युवाहरू सामाजिक मान-मर्यादा, सांस्कृतिक मूल्य-मान्यता, पारिवारिक र नैतिक सीमा, कानुन उलङ्घन गर्छन् । उनीहरूलाई लाज, डर, घीन, पश्चात्ताप केही हुँदैन । आफूले पूरा गर्नुपर्ने कर्तव्यप्रति उनीहरूलाई कुनै वास्ता हुँदैन । त्यस्ताले यस्ता अनौठा यौन व्यवहार देखाउँछन् ।' जे गरे पनि बोल्न सक्दैन, कारबाहीका लागि प्रहरी प्रशासनमा उजुरी दिन सक्दैन भनेर पनि मानसिक तथा शारीरिक रूपले अपाङ्ग, लाटी, पागल महिलालाई यौनशोषण गर्ने प्रवृत्ति भएका कतिपय पुरुष बलात्कार गर्छन् ।

डा. शाक्यका अनुसार बाल्यकालमा स्वयम् यौनशोषणका सिकार भएका पीडित पुरुष पनि अरूलाई आफ्नो यौनविकृतिको सिकार बनाउन सक्छन् । मनमा असामाजिक भावना भएका, समाजविरोधी र विकृत संवेग भएका व्यक्तिले लोकलाज नराखी यस्ता यौन विचलन प्रदर्शन गर्न सक्छन् । डा. शाक्य स्पस्ट पार्दै भन्छन्– 'अघाउन्जी खान पाएकालाई जुठो खान घीन लाग्छ, तर खान नपाएका भोको पेट भएको मान्छेलाई जुठो खान घीन लाग्दैन । त्यस्तै हो यी यौन व्यवहार पनि ।' कतिपय सद्धे व्यक्तिले पनि यस्ता यौनविकृति अचानक प्रदर्शन गर्छन् । मानसिक रूपले स्वस्थ रहँदा-रहँदै पनि हाडनाता करणी गर्ने, नजिकको साइनो सम्बन्ध भए पनि सामाजिक, सांस्कृतिक पक्षलाई बिर्सेर यौनसम्पर्क गर्नेहरूलाई यो श्रेणीमा राख्न सकिन्छ । परिवारभित्रैका आफन्तलाई करणी गर्ने व्यक्तिहरू मानसिक रोगी कम यौन उन्मादी बढी मान्न सकिन्छ । यसलाई पनि व्यक्तिमा उत्पन्न यौन विचलन नै मान्न सकिने यौन मनोविश्लेषकहरू बताउँछन् ।

पछिल्लो समयमा मिडियाले यौनलाई सहज रूपमा प्रस्तुत गरेकाले पनि युवायुवतीहरू यौनप्रति बढी नै जागरूक भएको निक्यौंल डा. शाक्यको छ । यौनविकृतिबाट बचाउन समाज, परिवार, विद्यालय, शिक्षकले सही र पूर्ण जानकारी दिन सक्नुपर्ने नत्र यस्ता विकृति समस्याका रूपमा झाँगिंदै जाने पनि उनी बताउँछन् ।

## हाम्रो नेपालमा

### प्रेमिकाको हत्यारा

भनिन्छ, मायाप्रीतिको गाँठो सबैभन्दा जटिल हुन्छ । पिरतीमा परेकाहरू संसार भुलेर आफैंमा रमाउँछन् तर लम्जुङका हर्क सिंहले भने आफ्नै प्रेमिकाको हत्या गरेको आरोप खेपेका छन् । प्राप्त समाचारअनुसार लम्जुङ जिल्लाको गिलुङ गाविसकी २८ वर्षीया जगमायाले हर्क सिंहसँग प्रेम गरेकी थिइन । प्रेममा परेका हर्क र जगमायाबीचको शारीरिक सम्बन्धका कारण जगमाया गर्भवती भएपछि हर्कले जगमायाको गर्भपतन गराउने नाममा उनलाई गएको जेठ ३ गते विष ख्वाएका थिए । जगमायाको हत्या गर्न गुरुङलाई विष उपलब्ध गराउने कारबहादुर पनि हर्कसँगै प्रहरीको फन्दामा परेका छन् ।

### १५ वर्षपछि

जुनसुकै धर्म वा सम्प्रदायमा विवाहलाई मानिसको जीवनको सबैभन्दा महत्त्वपूर्ण पक्ष मानिन्छ । कतिपय ठाउँमा उमेर पुगेपछि विवाह गर्नैपर्ने बाध्यात्मक परिस्थितिसमेत सिर्जना गरिन्छ र मानिसहरू जन्म-जन्मको वाचाहरू सम्झँदै रसमय यौवन र सुखमय भविष्यका लागि विवाह-बन्धनमा बाँधिन्छन्, तर दाङ जिल्लाको नारायणपुर गाविसका भीमबहादुर खत्रीले भने त्यस्तो रसमय यौवनलाई लत्याएर परित्याग गरिएकी श्रीमती तिलावतीलाई विवाह गरेको १५ वर्षपछि स्वीकार गरेका छन् । प्राप्त जानकारीअनुसार सामान्य घरायसी झगडाका कारण विवाह गरे लगत्तै २०४९ सालदेखि खत्री दम्पती अलग रहँदै आएका थिए ।

### पिण्डपानी खाने बेलामा

हाम्रो समाजमा ८१ वर्षको उमेरलाई सामान्यतः पिण्डपानी पर्खिएको उमेर मानिन्छ । यो उमेरमा पनि कसैले विवाह गर्छ भने त्यसलाई आश्चर्यकै रूपमा लिइन्छ । एउटा यस्तै घटना धादिङ जिल्लाको सुनौला बजार गाविसको निबुवास्वाँरा गाउँमा घटेको छ । प्राप्त समाचारअनुसार आफ्नो शरीरको आवश्यकता पूरा गर्न देवीनाथ योगीले ८१ वर्षको उमेरमा ३५ वर्षीया महिलासँग विवाह गरेको बताइन्छ । आफ्नो पछिल्लो विवाहपछि योगीनाथ भन्छन्- उमेरले बूढो भए पनि मेरो मन अझै तन्नेरी छ । यसअघि ४ वटा विवाह गरिसकेका देवीनाथका कुनै पनि श्रीमती अहिले उनीसँग छैनन् । देवीनाथका ३ छोरा, २ छोरी, १३ नातिनातिना र ९ पनातिनी छन् ।

### पानी बर्साउने रूख

हाम्रो प्रकृतिमा अनेक किसिमका वनस्पति छन् । त्यस्ता वनस्पतिमध्ये पानी संकलन गर्नेदेखि लिएर निश्चित समयमा पानी फ्याँक्ने वनस्पतिसमेत छन् । यस्ता वनस्पतिहरू प्रायः गरेर भूमध्यरेखा क्षेत्रमा रहेका मरुभूमिहरूमा प्राकृतिक रूपमै पाइन्छन् तर नेपालमा पनि पानी बर्साउने रूख छ भन्दा पत्याउन गाह्रै पर्छ । दबदबे जातको रूख प्राकृतिक रूपमा पानी बर्साउने रूख होइन, तर तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नम्बर १ कमलडिट्टीमा रहेको शिव पाञ्चायन मन्दिरको आँगनमा भएका तीनवटा दबदबेको रूखबाट नियमित रूपमा पानी बर्सन थालेपछि स्थानीय बासिन्दा चकित भएका छन् । दबदबेका ती तीन रूखलाई स्थानीय बासिन्दाले ब्रह्मा, विष्णु, महेशको प्रतीक मानेर धर्तीमा पाप बढेकाले भगवान् स्वयं आई उक्त रूखबाट पानी पारेको विश्वास गरेका छन् । अहिले उक्त तीनवटा रूखमा मानिसहरूले पूजा-अर्चना गरी भेटी चढाउने गरेका छन् । उक्त रूखबाट वर्षिएको पानीलाई अहिले स्थानीय मानिसहरू पिउने, नुहाउने काममा प्रयोग गरिरहेका छन् ।

### र अन्त्यमा...

हाम्रो कानुनअनुसार विवाहका लागि केटाको उमेर २१ वर्ष र केटीको उमेर १८ वर्ष पुग्नैपर्छ, तर बाँके जिल्लाको मनिकापुर गाविसअन्तर्गत मणिपुर गाउँमा भने ९ वर्ष पुग्नेबितिकै छोरीको विवाह गरिदिने चलन छ । लगभग ४० घरधुरी रहेको उक्त गाउँमा बाल्यकालमै वा रजस्वला नहुँदै छोरीको विवाह गरिदिए धर्म हुन्छ भने विश्वास छ । अधिकांश मानिस अवधिभाषी रहेको उक्त गाउँको त्यस्तो चलनका बारेमा अहिलेसम्म पनि कसैले प्रश्न नउठाएको स्थानीय बासिन्दा रामगोपाल काँदु बताउँछन् ।

## कान्तिपुर समाचार डायरी

### प्रत्येक दिन सवा सय नेपालीले दृष्टि गुमाउँदै छन्

हरेक दिन १ सय २५ नेपालीले दृष्टि क्षमता गुमाउँदैछन् । यसरी दृष्टि क्षमता गुमाउनेमध्ये ८० प्रतिशतभन्दा बढीले समयमै उपचार पाए आँखाको ज्योति बच्न सक्ने विशेषज्ञहरू बताउँछन् । अहिले सवा २ लाख नेपाली दृष्टिविहीन छन्, जुन संख्या आगामी २० वर्षमा दोब्बर हुनेछ । करिब ६ लाख नेपाली दृष्टिदोषबाट प्रभावित छन् । नेपालमा अहिले आँखा रोग विशेषज्ञको संख्या १ सय १६ छ । तीमध्ये अधिकांश सहरबजारमै केन्द्रित छन् । ४८ जिल्लामा मात्र आँखा उपचार सेवा उपलब्ध छ । नेपालमा प्रतिवर्ष डेढ लाखभन्दा बढीको मोतिविन्दुको शल्यक्रिया हुन्छ । करिब ३५ लाख नेपालीको आँखा कमजोर रहेको नेत्र चिकित्सकहरूले बताएका छन् । कुल जनसंख्याको करिब १५ प्रतिशतमा दृष्टिको कमजोरी अर्थात् रिफ्राक्टिङ इरर भएको चिकित्सकको अनुमान छ । नेपाल नेत्रज्योति संघले स्कुले बालबालिकामा गरेको एक सर्वेक्षणले १० देखि ३० प्रतिशत बालबालिकाको दृष्टि कमजोर रहेको देखाएको छ ।

### २ अर्ब रुपैयाँ फ्रिज हुने

सरकारले चालु आर्थिक वर्षमा सडक निर्माणका लागि छुट्याइएको रकममध्ये २ अर्ब रुपैयाँभन्दा बढी रकम फ्रिज हुने भएको छ । लोकतन्त्र बहालीपछि पनि दिनहुँजसो भैरहेका बन्द, हडताल र आन्दोलनका कारण सडक निर्माण कार्य प्रभावित भएकाले यस्तो अवस्था देखिएको सडक विभागले जनाएको छ । अहिले नेपालमा ५५ वटा सडक आयोजनालाई सरकारले आफ्नो प्राथमिकता सूचीमा राखेको छ ।

### १२ हजार शिक्षक थप्न स्वीकृति

शिक्षा मन्त्रालयको माग अनुसार अर्थ मन्त्रालयले १२ हजार नयाँ शिक्षक थप्न स्वीकृति दिइएको छ । आगामी आर्थिक वर्षमा १२ हजार नयाँ शिक्षक भर्ना गर्ने गरी अर्थ मन्त्रालयले उक्त स्वीकृति दिइएको हो । शिक्षा मन्त्रालयका अनुसार देशभरका सामुदायिक विद्यालयहरूमा तत्काल ६२ हजार शिक्षकको आवश्यकता छ । शिक्षा मन्त्रालयसूत्रका अनुसार आगामी आर्थिक वर्षमा १२ हजार, त्यसपछि १३ हजार र त्यसपछि १४ हजार गरी तीन वर्षभित्र ३९ हजार नयाँ शिक्षकले नियुक्ति पाउनेछन् ।

### ६० हजार सौर्यटुकी वितरण हुने

सरकारले आगामी असार महिनाभित्र हिमाली तथा पहाडी क्षेत्रका नौ जिल्लामा ६० हजार सौर्य टुकी वितरण गर्ने भएको छ । विद्युत् सेवाबाट वञ्चित कर्णाली अञ्चलको हुम्ला, जुम्ला, कालिकोट, डोल्पा र मुगु, सेती अञ्चलको बझाङ, अछाम र बाजुरा तथा भेरी अञ्चलको जाजरकोट जिल्ला यो कार्यक्रमबाट लाभान्वित हुनेछन् । कार्यक्रमअनुसार कर्णाली अञ्चलका ५ जिल्लामा ३१ हजार तथा अन्य जिल्लामा २९ हजार सौर्य टुकी वितरण हुनेछन् । सौर्य टुकी वितरण भएपछि ती नौ जिल्लाका ६० हजार परिवारले कम्तीमा २ वटा बत्ती बाल्ने र रेडियो बजाउन सक्ने सुविधा पाउनेछन् । यो कार्यक्रमका लागि सरकारले १४ करोड रुपैयाँ लगानी गर्नेछ ।

### विज्ञापन कारोबार घट्यो

चालु आर्थिक वर्षमा विज्ञापन व्यवसायमा बढ्दै गएको उच्च वृद्धि रोकिएको छ । यो वर्ष व्यवसायीहरूले विज्ञापन दिने क्रम घटेको बताइन्छ । कुनै बेला ४० प्रतिशतसम्मले वृद्धि भएको रेकर्ड रहेको विज्ञापन व्यवसायमा पहिलो पटक यति ठूलो ह्रास आएको हो । चालु आर्थिक वर्षमा लगभग १ अर्ब रुपैयाँ बराबरको विज्ञापन कारोबार हुने नेपाल विज्ञापन एजेन्सी संघले बताएको छ । संघले यसअघि यो वर्ष लगभग २ अर्ब २५ करोड रुपैयाँको विज्ञापन कारोबार हुने बताएको थियो ।

### युनिसेफले नेपाल छाड्ने

संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ) को क्षेत्रीय कार्यालय नेपालबाट हट्ने भएको छ । युनिसेफ नेपालबाट हट्नुका पछाडि सरकार र आठ दलबीच देखिएको सामन्जस्यताको अभावलाई प्रमुख कारण बताइएको छ । २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालको सकारात्मक स्थितिका कारण दक्षिण एसिया क्षेत्र हेर्ने युनिसेफको उक्त कार्यालय नयाँ दिल्लीबाट काठमाडौं सारिएको थियो । काठमाडौंको युनिसेफ कार्यालयलाई अहिले थाइल्यान्डको राजधानी बैंकक सार्ने तयारी भैरहेको बताइन्छ ।

### गणतन्त्रका पक्षमा ५९ प्रतिशत

साउथ एसिया डेमोक्रेसी स्टडी ग्रुपको नेपाल च्याप्टरले गरेको एक सर्वेक्षण प्रतिवेदनले नेपालका ५९ प्रतिशत जनता गणतन्त्रको पक्षमा रहेको देखाएको छ । सर्वेक्षण प्रतिवेदन अनुसार ४१ प्रतिशत जनता भने राजतन्त्रका पक्षमा छन् । प्रतिवेदनअनुसार ३१ प्रतिशत जनताले राजतन्त्रलाई राष्ट्रिय एकताको प्रतीक मानेका छन् भने ३४ दशमलव ०५ प्रतिशत जनता नेपाली राजतन्त्र हिन्दु धर्मको संरक्षक हुनुपर्ने पक्षमा छन् । प्रतिवेदन अनुसार ५९ प्रतिशत नेपाली जनतालाई संविधानसभाका बारेमा कुनै जानकारी छैन । संविधानसभाका बारेमा जानकारी राख्नेमध्ये ८१ प्रतिशत जनता संविधानसभा नयाँ संविधान निर्माण प्रक्रिया भएको, १३ प्रतिशत जनता संविधानसभाले द्वन्द्वको निवारण गर्ने र १३ प्रतिशत जनता संविधानसभा राजनैतिक संस्था भएको विश्वास गर्छन् । प्रतिवेदनअनुसार ६७ प्रतिशत जनताले माओवादीहरूको बहुदलीय व्यवस्थाप्रतिको प्रतिबद्धतामा आशंका व्यक्त गरेका छन् भने भयरहित वातावरणमा संविधानसभाको निर्वाचन हुन्छ भन्ने पक्षमा १४ प्रतिशत र विपक्षमा ४७ प्रतिशत जनता देखिएका छन् । त्यसैगरी नेपालमा संघीय शासन व्यवस्था हुनुपर्छ भन्ने पक्षमा ४२ दशमलव ०४ प्रतिशत जनता छन् ।

### ६ लाख महिलामा आङ खस्ने समस्या

विश्व स्वास्थ्य संगठनले नेपालमा गरेको एक अध्ययन प्रतिवेदनअनुसार नेपालमा प्रजनन उमेरका ६ लाख महिला पाठेघर (आङ) खस्ने समस्याबाट पीडित छन् । तीमध्ये २ लाख तत्काल उपचार गर्नुपर्ने अवस्थाका छन् । सर्वेक्षणले नेपालका १० प्रतिशत विवाहित महिला पाठेघर खस्ने समस्याबाट पीडित रहेको देखाएको छ । उमेरगत हिसाबले ४५-४९ वर्ष समूहका २४ प्रतिशत तथा १५-१९ वर्ष समूहका ३ प्रतिशत महिलामा यो समस्या देखिएको प्रतिवेदनमा उल्लेख छ ।




## रमित र उषा बोल्दैनन्

**नेपाली** चलचित्र क्षेत्रका धेरै कलाकर्मी एक–आपसमा बोल्दैनन् । तीमध्ये नायक रमित ढुंगाना र उषा पौडेल पनि केही समयदेखि बोलचाल बन्द गरेर बसेका छन् ।

एकपछि अर्को चलचित्र भेटिरहेका रमित र नायिका उषा पौडेल दुवै निर्माता–निर्देशकका रोजाइका नायक/नायिका हुन्, तर यी दुई अरू बोलचाल बन्द गर्ने कलाकर्मीभैंm गैरजिम्मेवार छैनन् । किनभने यी दुई एउटै चलचित्रमा सँगै काम गरिरहेका छन् । केही समयअघि रमित र उषा नायक–नायिका भएको चलचित्र 'चोर सिपाही' सफल भएको थियो । यी दुईको बोलचाल बन्द भए पनि नबोल्ने कुराचाहि स्वीकार्दैनन् । उषा र रमित दुवै भन्छन्– 'सँगै काम गरिरहेका छौं, नबोल्ने भए कसरीसँगै काम हुन्छ ?'





## डेढलाखे हिरो

**विक्रान्त** बस्नेतले एउटा चलचित्र डेढ लाखमा साइन गरे रे । पाठकलाई 'कन्फ्युज' हुनसक्छ, को हुन् यी विक्रान्त बस्नेत ? झट्ट हेर्दा कता-कता बलिउडका जोन अब्राहमसँग मिल्दाजुल्दा विक्रान्तलाई निर्देशक दीपक रायमाझीले पहिलो 'ब्रेक' दिएका हुन्, चलचित्र 'बज्रपात'बाट । रायमाझी कलिउडमा राजेश हमालदेखि रमेश उप्रेतीसम्मलाई पहिलो 'ब्रेक' दिने 'गडफादर' हुन् । यसअर्थमा रायमाझीले ल्याएका सबै नायक एक न एकपटक चर्चित भएका छन् । भनेपछि पक्कै पनि रायमाझीको 'गोल्डेन टच' परेको नायक भएकाले ती निर्माताले विक्रान्तलाई आफ्नो चलचित्रमा डेढ लाख दिएर अभिनय गराउन लागेका हुन् । न त दर्शकले, न त वितरकले विक्रान्तको प्रतिभा वा क्षमता हेर्न पाएका छन् । निर्माता तथा द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठले सोभित बस्नेतको निर्देशनमा निर्माण गर्न लागेको चलचित्र 'सैनिक'मा अभिनय गरेबापत उनलाई डेढ लाख पारिश्रमिक दिइँदैछ । कुनै एक संघर्षरत नायकले नेपाली चलचित्रमा अभिनय गरेर पाएको यो सबैभन्दा बढी पारिश्रमिक हो । योगेन्द्रको भनाइमा विक्रान्तमा 'कमर्सियल हिरो'मा हुनुपर्ने सबै गुण छ । उनलाई एउटा गतिलो चलचित्र चाहिएको छ र 'सैनिक' त्यो चलचित्र हो, जसमा उनले आफ्ना सबै गुण वा प्रतिभा देखाउनेछन् । 'बज्रपात'पछि उनका आधा दर्जन चलचित्र सार्वजनिक हुनेछन् । सेन्सरमा अड्किएको 'बारुद'मा पनि उनी नायक छन् । यसका साथै उनले निर्माणको सुरसारमा रहेका एक दर्जन चलचित्रमा अभिनय गर्ने पक्कापक्की भैसकेको बताइन्छ । लौ, विक्रान्तको भाग्य चम्कियो कि क्या हो ?

## भुवन उम्किए ठगी मुद्दाबाट



'**केही** दिनअघि चलचित्र कलाकार संघमा आफूविरुद्ध परेको उजुरीबाट नायक भुवन केसी उम्किएका छन् । उनीविरुद्ध ठगीको उजुरी परेको थियो ।' -साप्ताहिकलाई कलाकार संघले जनायो । कलाकार संघका अध्यक्ष रमेश बूढाथोकीका अनुसार भुवनविरुद्ध उजुरी पर्केको थियो, तर उनले उक्त ठगीकार्यमा आफ्नो संलग्नता नरहेको कागज गरेका छन् । अध्यक्ष बूढाथोकी बताउँछन् ।

पोखराका केही युवा-युवतीलाई युरोप लाने भन्दै जनही १० लाख उठाएर भुवन दम्पतीले ८० लाखजति संकलन गरे । चलचित्र 'चोर-सिपाही' को ५१ औं दिन प्रदर्शनको कार्यक्रममा भुवन दम्पतीले उक्त कार्य गरेको आरोपीहरू बताउँछन्, तर समय धेरै बितेपछिसम्म विदेश लाने कार्य नभएको भन्दै पोखराका केही युवाले मुद्दा दर्ता गरेको कलाकार संघ, न्यायिक समितिले जनायो । आखिर भुवन के भनेर उम्किए त ? अध्यक्ष बूढाथोकी भन्छन्- 'मानिस बाहिर लाने भनेर रकम असुल्दै सुस्मिता केसी जमानी बसेकी थिइन् ।' 'भुवनले सुस्मिता आफ्नी श्रीमती नभएको पुष्टि गर्दै उक्त कार्यमा आफ्नो संलग्नता नरहेको बताएपछि यो मुद्दा सेलाएको हो,' न्यायिक समितिकी अध्यक्ष लक्ष्मी गिरीले जनाइन ।

## अब तृप्ति आफैं बोल्ने



**अभिनेत्री** तृप्ति नाडकर अब आफैं बोल्ने भएकी छिन् । उनी चलचित्र 'सपनाको नौलो संसार' देखि आफैं बोल्ने भएकी हुन् । यसअघि उनका लागि अरूले नै स्वर दिन्थे । 'लाहुरे', 'कुसुमे रुमाल', 'सम्झना', 'साइनो' र 'कोसेली' जस्ता सफल चलचित्रमा अभिनय गरेर स्थापित भएकी तृप्तिको स्वर भने आफ्नो थिएन । उनका निम्ति नायिका तथा गायिका भारती घिमिरेले स्वर दिन्थिन् । नेपाली भाषा राम्रो नभएका कारण तृप्तिलाई चलचित्रको संवाद बोल्न दिइँदैन्थ्यो, तर 'सपनाको नौलो संसार' का निर्देशक राजु शाहले हिम्मत गरेर उनलाई स्वर डबिङ गर्न दिएका छन् । निर्देशक शाह भन्छन्– 'मेहनत गर्दा उनले सक्छिन् ।' नेपाली चलचित्रमा भुवन केसीकी श्रीमती नायिका सुस्मिता केसीका लागि पनि अरूले नै स्वर दिएका छन् ।

## गफै त हो

## हरेस खाइन् अरुणिमाले



**चरेस** खानु तर हरेस नखानु भन्ने त भनाइ नै छ, तर यो भनाइ सम्भवतः अरुणिमा लम्सालले सुनेकी छैनन् वा सुनेर पनि त्यसले उनलाई प्रभाव पार्न सकेको छैन । हालै एक टेलिभिजन च्यानलमा अरुणिमाका कुरा सुन्दा त त्यस्तै देखिन्थ्यो । कलाकारहरू विदेश पलायन भएको प्रसंगमा अरुणिमा आफूले पनि त्यही बाटो पछ्याउन सक्ने कुरा गर्दै भनिरहेकी थिइन्- 'यहाँ काम गरेर भविष्य सुरक्षित छैन, नायिका त दुई-चार वर्ष भइन्छ, बुढेसकालमा के गर्ने हो ?' भर्खर स्थापित हुन लागेकी अनि भर्खरै घरजम बसाएकी अरुणिमाको वितृष्णाको कारण बुझ्निसक्नु छ । यद्यपि उनी भन्छिन्- 'स्थापित कलाकारहरू किन पलायन हुनुभयो, बल्ल बुझ्दैछु । यहाँ नाम मात्र छ, कमाइ छैन ।' अरुणिमा मैयाँ, फिल्म लाइनमा नजम्दै यसरी खुट्टा कमाउने हो भने त कहिल्यै जम्न सकिनेछैन । त्यसमाथि भर्खर-भर्खर विवाह गरेको श्रीमान्, त्यसमाथि यहीं पैसा कमाउने मात्र होइन, श्रीमान्का लागि घोर्ले छोरा पनि जन्माइदिनु छ । अलि दिन संघर्ष नै नगरी यसरी हातखुट्टा त छोड्नु भएन नि, विदेश नै जाने उद्देश्य हो भने किन यहाँ संघर्ष गर्ने ? उतै गएर संघर्ष गरे भैहाल्यो । कमसेकम रेखा थापालाई हेरेर पनि केही त सिक्नुहोस् । रेखा नायिकाबाट निमात्री हुँदै अब निर्देशक बन्ने योजनामा छिन् । बुढेसकाल लागे पनि कलाक्षेत्रमै केही गर्न नसकिने त पक्कै होइन । तैपनि अरुणिमा मैयाँलाई कसले सम्झाओस् ? त्यसै पनि यो काम हाम्रोभन्दा उनकै श्रीमान्को हो क्यार □

## हिरोभन्दा महँगो

**हाल** सम्पादन भैरहेको चलचित्र 'अन्त्य'मा अभिनय गरेको कुकुरको पारिश्रमिक उक्त चलचित्रका सबै कलाकारको भन्दा महँगो छ । जुनु नाम गरेको उक्त कुकुरले चलचित्र अन्त्यबाट अढाई लाख रुपैयाँ लिएको थाहा भएको छ । चलचित्रका प्रस्तुतकर्ता समेत रहेका नायक दिनेश शर्माका अनुसार कुकुर र गाइडको दैनिक खर्च २५ हजार रुपैयाँ थियो ।



दिनेश शर्मा दावी गर्छन्- दैनिक २५ हजार रुपैयाँ त नेपालका कुनै नायकको पारिश्रमिक छैन । उनी थप्छन्- चलचित्रमा अभिनय गर्ने जुनु सबैभन्दा महँगो कलाकार हो । चलचित्र निर्माणमा हात हालेका दिनेश उक्त कुकुर कसको र कहाँबाट ल्याएको भन्ने कुराचाहिँ गोप्य राख्न चाहन्छन् । 'अन्त्य' मा उक्त कुकुरको भूमिका सबैभन्दा लामो रहेको निर्माणपक्षले जनाएको छ ।

# शोषण र ह्यारेसमेन्टको सिकार ग्ल्यामर क्षेत्र



पृष्ठ १ बाट जारी

सय जनाजति १६ देखि २५ वर्षबीचका महिला छन् । आगमनको क्रम बढ्दो छ । 'यो क्रम कहिल्यै रोकिँदैन,' -अधिकारी बताउँछन् ।

'किन अभिनय सिकिरहेको ?' -अभिनयको प्रशिक्षण लिइरहेकी विराटनगरकी अनुषाको जवाफ थियो- 'दर्पण-छायाँ हेरेपछि म निरुता सिंहको फ्यान भएँ । उनले जस्तै अभिनय गर्ने र उनीजस्तै हुने चाहना बढ्यो । काठमाडौं पढ्न आएको बेला उनकै गुरु तुलसी घिमिरेसँग अभिनय सिक्न थालेकी हुँ ।' झापाकी विपासनाले पनि त्यस्तै जवाफ दिइन् । फरक छ त केवल उनको 'आइडियल पर्सन' । उनी जल शाहको अभिनय र लोकप्रियताबाट प्रभावित छिन् । दाङकी सुषमा, कैलालीकी सुमित्रा आदिले कसै न कसैबाट प्रभावित भएर अभिनय क्षेत्रमा नाम कमाउने उद्देश्यका साथ प्रशिक्षण लिइरहेका छन् । उनीहरूलाई सोधियो- 'यो क्षेत्रमा हुने 'ह्यारेसमेन्ट'का बारेमा थाहा छ ?' उनीहरू सबैले प्रतिप्रश्न गरे- 'के हो त्यो ?' जब उदाहरण दिएर त्यसका बारेमा बताएपछि धेरैले श्रीषा कार्कीको आत्महत्या प्रकरणका बारेमा मात्रै थाहा भएको बताए । उनीहरूको संयुक्त जवाफ यस्तो थियो- 'हामी त भर्खर प्रशिक्षण लिइरहेका छौं । यो क्षेत्रमा त्यस्तो हुन्छ रे भन्ने अरूको मुखबाट पनि सुनेका थियौं, तर हाम्रो पहिलो चिनाजानी नै तुलसी घिमिरेसँग भएकाले सायद हामीले त्यस्तो परिस्थितिको सामना गर्नु पर्दैन ।' घिमिरे पनि यो क्षेत्रमा शारीरिक, आर्थिक आदि शोषणका बारेमा सुनेको बताउँछन् । उनी भन्छन्- 'मेरो क्याम्पमा काम गरुन्जेल ऊ मेरो अभिभाराभित्र पर्छ र मेरो क्याम्पमा त्यस्ता क्रियाकलाप हुँदैनन्, तर बाहिर गएपछि उसले के गर्छ वा उसलाई कसैले केही गर्छ भने हामीलाई थाहा हुने कुरा भएन ।'

## यसरी हुन्छ 'ह्यारेसमेन्ट'

**चलचित्रमा अभिनय गराउने लोभ देखाएर रेस्टुराँ वा एकान्त स्थानमा बोलाएपछि प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाबाट प्रेम वा शारीरिक सम्पर्कको प्रस्ताव राखेर** : यस्तै प्रकृतिको घटनाका बारेमा केही वर्षअघि एक जना निर्देशकको नाम त्यतिबेलाकी एउटी नायिकाले भनेपछि केही दिन उक्त चलचित्रको छायाङ्कन नै प्रभावित भएको थियो । यद्यपि उक्त कुरा त्यति फैलन पाएन । मोडलिङ वा अभिनय गराइदिन आफैंले खर्च गरेर प्रशिक्षण गर्न पठाउने तथा डेरा लिइदिएर 'रखौटी'को जस्तो व्यवहार गर्ने । यस्तो व्यवहारमा धेरैजसो कम अध्ययन गरेका युवतीहरू फस्ने गरेका छन् ।

**एउटा वा दुईवटा काम दिलाएपछि अरू पनि काम दिलाउने प्रलोभनमा आफूसँगै डुलाउने वा शारीरिक सम्पर्कको प्रस्ताव राख्ने** : यस प्रकारको व्यवहारलाई पीडितहरू बाध्यताको नाम दिन्छन् ।

**काम सकिएपछि कबुल गरेको पारिश्रमिक दिने बेलामा फोन नउठाउने र सम्पर्कमा नआउने** : यस्तो व्यवहारबाट प्रायः सबै कलाकार पीडित छन् । हालै पनि एउटी स्थापित अभिनेत्रीले एक नाम चलेका निर्माताले त्यस्तो व्यवहार गरेको साप्ताहिकलाई बताएकी थिइन् । यसलाई आर्थिक शोषण भन्न सकिन्छ ।

**प्रेम गरेको अभिनय गरेर शारीरिक/आर्थिक शोषण गर्ने** : एक एजेन्सीका कोरियोग्राफर मोडल बनाइदिने लालसा देखाउँदै उनको चिनाजानीमा आएका प्रायः नयाँ युवतीहरूसँग प्रेम गरेको नाटक गर्थे । उनले एउटै समयमा तीन-चारजना युवतीसँग प्रेमको नाटक गरेर कसैसँग मोबाइल त कसैसँग सिमकार्ड वा बाइक चलाउन पेट्रोलसमेत उपहार लिने गरेका थिए । आफ्ना प्रेमीका आवश्यकता पूरा गर्नु उनीहरू आफ्नो कर्तव्य सम्झन्थे । ती कोरियोग्राफरले आफ्नो शारीरिक/आर्थिक शोषण गरिरहेको उनीहरूले धेरै समयपछि मात्र थाहा पाए र सबै जना एकजुट भएर उनका विरुद्धमा लागे । यद्यपि महिला भएका कारण अझै उनीहरू खुलेर विरोध गर्न सकिरहेका छैनन ।

**कुनै चर्चित पत्रिका वा वेबसाइटका लागि तस्बिर खिचाउने नाममा** : केही फेसन फोटोग्राफर फोटो सेसन गराउने नाममा नवप्रवेशी युवतीहरूसँग मोटो रकम त लिन्छन् नै, साथै कतिपयले नचाहँदा-नचाहँदै पनि नग्न वा अर्धनग्न तस्बिर खिच्छन् ।

**प्रतियोगिता जिताइदिन्छु भन्ने लालसा देखाएर** : च्याउझैं उम्रिएका इभेन्ट कम्पनीहरूले ब्युटिकन्टेस्टमा सहभागिताकै लागि सहभागी मोडलसँग हजारौं रुपैयाँ लिन्छन्, अनि फेरि आयोजकसँग सम्पर्क गरेर प्रतियोगिता जिताइदिने लालसा देखाएर थप रकम वा उपहारको माग गर्छन् । साथै सहभागीहरूलाई नै टिकट पनि बेच्न लगाइन्छ ।

**छायाँङ्कनस्थलमा महिला कलाकार वा नवप्रवेशिका सामु अश्लील गाली, क्रियाकलाप वा ठट्टा** : नाम चलेका केही कलाकर्मी पनि यस्तो कार्यमा पछि छैनन् । 'टाइमपास' नाम दिइए पनि त्यस्तो क्रियाकलापबाट महिला कलाकारलाई अप्ठेरो परेको महसुस कसैले गर्दैनन् । यद्यपि कतिपय अवस्थामा केही महिला कलाकारले नै पुरुष कलाकारलाई त्यस्ता कार्यमा साथ दिइरहेका हुन्छन् । छायाङ्कनस्थलमा पुगेका आमदर्शक वा नवप्रवेशीमा त्यसबाट पर्न सक्ने नकारात्मक असरका बारेमा कसैलाई पर्वाह हुँदैन ।

यस्ता उदाहरण अरू पनि छन्, तर यस्ता उदाहरणका भरमा चलचित्र वा मोडलिङ क्षेत्रलाई नराम्रो नै भनिहाल्नचाहिँ मिल्दैन । कलाकार बन्न चाहनु वा कुनै चर्चित कलाकारबाट प्रभावित भएर ऊजस्तै हुन चाहनु आफैंमा नराम्रो कुरा पनि होइन । यहाँ कलाक्षेत्रको प्रतिष्ठा जोगाउने कलाकर्मीहरू पनि निकै छन् । नवप्रवेशी महिला मोडल वा कलाकारहरूलाई उनीहरूको प्रतिभा अनुसारको निःस्वार्थ अवसर दिनेहरू प्रशस्तै छन् । व्यक्तिगत आचरण र विचार ठीक नभएका मानिसहरू हरेक क्षेत्रमा हुन्छन्, यो क्षेत्रमा पनि छन् । सीमित स्वार्थका लागि अरूको सपना वा लक्ष्यसँग खेल्नु उनीहरूको पेसा नै भैसकेको छ । निर्देशक नारायण पुरी भन्छन्- 'चम्किलो देखिने भएकाले कलाक्षेत्रमा हुने त्यस्ता क्रियाकलापमा सबैको चासो छ, तर अरू क्षेत्रमा पनि ह्यारेसमेन्टका सिकारहरू भेट्न सक्नुहुन्छ ।'

चलचित्र नायिका ऋचा घिमिरे आफूले त्यस्ता मानिसको संगत गर्नु नपरेको बताउँछिन् । उनका आँखा अगाडि भने केहीले त्यस्तो हविगत भोग्नुपरेको उनले बताइन् । 'त्यस्तो अवस्था मैले पनि भोग्नुपर्थ्यो होला, तर म बेलैमा सजक भएँ । कसैले मलाई कुनै पनि प्रकारको ह्यारेसमेन्ट गर्न सकेन । म स्पष्ट स्वभावकी छु । यदि कसैले त्यस्तो व्यवहार गर्न खोज्छ भने म या त त्यो स्थानबाट उठेर अन्यत्रै हिंड्छु, नभए आपत्ति जनाउँछु ।' -ऋचाले नवप्रवेशीहरूलाई आफूलाई बचाउने उपाय बताउँदै भनिन् । समाजमा इज्जतभन्दा ठूलो अरू केही हुँदैन । धनसम्पत्ति वा नाम कमाउने लालसामा इज्जत दाउमा राख्नुको कुनै अर्थ हुँदैन । सजकता अपनाएर, सानोतिनो लोभमा नफसेर, बुद्धि विवेक लगाउँदै पाइला चाल्ने हो भने यस्ता खराब मानिसको सिकार हुनबाट जोगिन सकिन्छ । एक चलचित्रकर्मीले नाम नछाप्ने सर्तमा बताए- 'तपाईंले भनेका जस्ता क्रियाकलाप प्रायः आपसी सहमतिमा हुन्छ, तसर्थ त्यस्ता कुरा सार्वजनिक हुँदैनन् । स्वयं महिलाहरू आफैं त्यस्ता मानिसबाट बच्न सक्छन् । उनीहरूलाई तरीका पनि थाहा छ, तर चमक-दमकको उज्यालोमा उनीहरू आफैंलाई हराउन खोज्छन् भने कसले रोकेर रोकिन्छ र यो विकृति ?'

(**तस्बिर : मोडलिङमा आधारित**)

### युवकहरू पनि शोषित

• राई थरका एक युवकले नायक बन्ने सपना देखेको दस वर्ष भयो । हाल उनी एउटा वित्तीय संस्थामा जागिरे छन् । उनले नायक बन्ने अवसर सात वर्षअघि नै पाएका थिए । सबै तयारी भैसकेपछि एक चलचित्र निर्देशकले उनीसँग ५ लाख रुपैयाँ मागे । पैसा दिन नसक्ने बताएपछि उनको सपना त्यत्तिकै तुहियो ।

• अधिकारी थरका एक युवकलाई एक व्यक्तिले नायक हुने अवसर दिलाउने प्रलोभन देखाई हरेक दिन रेस्टुराँको बिल तिर्न लगाउँथ्यो । 'उसले हरेक साँझ मलाई फोन गर्थ्यो र पुतलीसडकको एउटा रेस्टुराँमा बोलाउँथ्यो । ऊसँग हरेक दिन फरक-फरक मानिस हुन्थे, जसलाई ऊ निर्देशक, निर्माता वा पत्रकारका रूपमा परिचय गराउँथ्यो । उनीहरू गलगिद्ध हुने गरी खान्थे । घटीमा पनि दुई हजार रुपैयाँसम्म आउने बिल मैले तिर्नुपर्थ्यो, उल्टो त्यो मानिसलाई घर फर्कने ट्याक्सी भाडा पनि दिन्थें । एक सातामै मलाई लाग्यो, त्यसले मेरो सपना पूरा गर्न सक्दैन । त्यसपछि त्यसले बोलाएको ठाउँमा जानै छाडें ।' -ती युवकले बताए ।



• एउटा प्रशिक्षण केन्द्रमा प्रशिक्षण लिइरहेका एक अर्का युवकलाई प्रलोभन देखाई आफूलाई निर्माता बताउने एक जना मानिसले उनलाई नायक लिने र नयाँ नायिकाको खोजी गरिरहेको भन्दै उनकै माध्यमबाट अन्य केही युवतीसँग परिचय गऱ्यो । ऊ एक युवतीसँग धेरै नजिक पनि भयो । त्यसपछि चलचित्र बनाउनु त कता हो, उसले त्यो युवकको वास्तै गर्न छाड्यो ।

---

## दुबईमा चण्डीपूर्णिमा




**युएई**– किराँत राई यायोख्खा युएईको आयोजनामा गत जेठ २५ गते दुबईको अल नासर लिजरल्यान्ड हलमा चण्डीपूर्णिमा सांस्कृतिक साँझ सम्पन्न भयो । किराँत राईहरूको आफ्नै वेशभूषा तथा संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले आयोजित कार्यक्रम परम्परागत नृत्य चण्डी नाचबाट सुरु भएको थियो । प्रवासमा रहँदै आएका तथा विभिन्न स्टेज सोमा आफ्नो प्रस्तुति र आकर्षक नृत्य देखाइसकेका सरस्वती तामाङ, दीपा गुरुङ, देवी तामाङ, योगेन गुरुङ, सुनीता तामाङ, सागर रेग्मी आदि कलाकारको नृत्यले कार्यक्रमलाई आकर्षक बनाएको थियो । युएईमा आफ्नो छुट्टै पहिचान बनाउन सफल एडी ब्यान्ड अर्थात् अबुधावी ब्यान्डका युवा कलाकारहरू आशिष राई, सरोज भट्टराई, राजन श्रेष्ठ तथा रोशन लामा, सुमन सिलुवाल, सुनील श्रेष्ठ, लाकछिरिङले दर्शकहरूलाई नाच्न बाध्य तुल्याएको थियो ।

उक्त कार्यक्रमका लागि भनेर नेपालबाट आएका आभा मुकारुङले 'कता हिंडेको', 'कालीपारे दाइ', तथा तामाङ सेलोहरू प्रस्तुत गर्दा दर्शकहरूको ताली र सिठीले हललाई गुञ्जायमान बनायो । उक्त अवसरमा राजेशपायल राईले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्दा दर्शकहरू कोही गीतको तालमा थिए भने कोही हात हल्लाउँदै राईको जोस बढाइरहेका थिए । कार्यक्रम सम्पूर्ण कलाकार, आयोजक तथा अन्य पाहुनाहरू स्टेजमा चण्डी नाच नाच्दै फेरि अर्को चण्डी पूर्णिमामा भेट हुने वाचाका साथ समापन भएको थियो ।

**–खेमनाथ पौडेल**

---

## नाच्नुमै छ मजजा

**साप्ताहिक समाचार**

**काठमाडौं**- राजधानीमा दिनहुँजसो हुने डान्स पार्टीहरूमा यो वर्ष कमी आएको छ । नयाँ वर्षको अघिल्लो साँझ राजधानीका हरेक क्लब, डिस्को तथा पबमा घुइँचो देखिएको थियो । त्यसपछि तीन महिना बितिसक्दा पनि डान्स पार्टीका आयोजकहरू लगभग निष्क्रिय देखिएका छन् । अहिले दर्शक जुटाउन मुस्किल हुने भएकाले डान्स पार्टीको आयोजना नगरिएको केही आयोजकले बताए, तर पनि गत शुक्रबार र शनिबार राजधानीका दुई भिन्न स्थानमा दुईवटा डान्सपार्टी सम्पन्न भए ।

शुक्रबार साँझ सानेपास्थित क्लब इन्टरनेसनलमा डिजे शिशिर अर्का डिजे न्युरोटोक्सिकको साथ पाएपछि रातभरि त्यहाँको वातावरण घन्काउने मुडमा थिए । धेरै दिनपछि नाच्न पाउने भएकोमा पार्टीचराहरूको उपस्थिति पनि उल्लेख्य थियो । ओरान्जेबुम बियरको प्रस्तुतिमा एक्सेल बिजनेस लिंकले आयोजना गरेको 'ओरान्जेबुम ब्यास' शीर्षकको उक्त पार्टीमा बियर पिउँदै रमाउनेहरूको भीड नै थियो । दुई जना डिजेले डान्सफ्लोरमा मानिसहरू नाचुन्जेल पालैपालो हिपहप, ट्रान्स र हाउस संगीत बजाइरहे ।

शनिबार साँझ ठमेलस्थित एफटिभी बारमा राति आठ बजेपछि युवायुवतीहरूको घुइँचो देखियो । हरेक शुक्रबार फेसन सो आयोजित हुने उक्त फेसन बारमा त्यो साँझ मोडलहरूसँग दर्शकहरूले पनि नाच्न पाए । संयोजक सुनीलसिंह ठकुरी भन्दै थिए- 'मोडल र दर्शकबीच दूरी कम गर्न यो पार्टी आयोजना गरिएको हो ।'



---

## धरानमा फूल प्रदर्शनी

**साप्ताहिक समाचार**

**धरान**– माओवादीले आफ्नो कार्यालय सारेपछि छाताचोकस्थित पुरानो अस्पताल क्षेत्रको वातावरण प्रायः सुनसान हुने गरेको छ । विश्व वातावरण दिवस जून ५ को दिन भने अस्पताल क्षेत्रमा मानिसहरूको निकै चहलपहल देखिएको थियो । उक्त दिन सो क्षेत्र रङ्गीन फूलले सजिएको थियो ।

धरान नगरपालिकाको वातावरण उपसमितिद्वारा आयोजित एकदिने पुष्प प्रदर्शनी तथा प्रतियोगितामा सजाइएका रङ्गी-विरङ्गी फूल हेर्नेहरूको घुइँचो देखिएको थियो । दस-दस किसिमका फूलसहित धरान नगर क्षेत्रका २३ वटा वातावरणीय सरसफाइ समूहले सहभागिता जनाएका थिए ।

उनीहरूले सुनाखरीलगायतका दुर्लभ तर आकर्षक फूलहरूदेखि जताततै देख्न सकिने गुलाफ, सयपत्री, गोदावरीजस्ता फूलहरू प्रदर्शनीमा राखेका थिए । बोन्साई गरेर गमलामै फलाइएको मुन्तला प्रदर्शनीकै मुख्य आकर्षण थियो । इन्डोर प्लान्ट तथा विविध किसिमका फूल फुल्ने र नफुल्ने वनस्पति पनि



प्रदर्शनीमा राखिएको थियो । बोन्साई गरेर ४० वर्षदेखि सानो गमलामा अटाइएको पीपलले पनि अवलोकनकर्ताहरूको मन जितेको थियो ।

प्रतियोगितामा आकर्षक तथा दुर्लभ फूलहरूसहित सहभागी भएको धरानको अमर स्वच्छ वातावरण समूह प्रदर्शनीमा सर्वोत्कृष्ट ठहरियो भने धरानकै हातेमालो सरसफाइ समूह दोस्रो भएको थियो । सिर्जनशील महिला वातावरण समूह तेस्रो स्थानमा रह्यो । उनीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

## लभगुरु रेखा

**म २४ वर्षीय अविवाहित युवक हुँ। म २१ वर्षीया विधवालाई मन पराउँछु। उनका श्रीमान् सैनिक सेवामा थिए। माओवादीसँगको भिडन्तमा तिनको देहान्त भयो। अब हामी विवाह गर्ने योजनामा छौं। उनकी छोरी १७ महिनाकी छिन्। म छोरीसहित उनलाई आफ्नो घरमा भित्र्याउन चाहन्छु।विधवा विवाहका सम्बन्धमा के-कस्तो कानुनी प्रावधान छ, मलाई थाहा छैन। यदि कसैले यस्तो विवाह गर्न पाउँदैनस् भन्यो भने के गर्ने ? उनकी १७ महिनाकी छोरीमा कसको अधिकार हुन्छ ? मैले छोरीको जन्मदर्ता मेरै नाममा दर्ता गर्दा कानुन मिचेको ठहर्छ कि ठहर्दैन ? यसरी विवाह गर्न खोज्नु प्रेम हो कि काँचो निर्णय ? यसबाट मलाई फाइदा-बेफाइदा के हुन्छ ?**

**संगम, पुरानो बानेश्वर**

मैले प्रेमको समस्या समाधान गर्न थाले यता यति गम्भीर पत्र कहिल्यै पाएकी थिइन। तपाईंको पत्रले एकैसाथ धेरै मर्म एवं व्यथा बोकेको छ। तपाईंले १७ महिने छोरीसहित विधवा विवाहको जुन निर्णय गर्नुभएको छ, त्यो अनुकरणीय छ। विज्ञहरूका अनुसार विधवा विवाह गर्नु कानुनी अपराध होइन। त्यसैले तपाईंले कानुनी रूपमा दर्ता विवाह गर्न सक्नुहुन्छ। अर्काकी छोरीलाई आफ्नो छोरीको नाम दिन भने कानुनअनुसार केही रीत पुऱ्याउनुपर्छ। यसका लागि तपाईंकी प्रेमीकाले आफ्नो श्रीमान्को घरबाट स्वीकृति लिएपछि छोरीले तपाईंकी धर्मपुत्रीको मान्यता पाउनेछिन्।

कानुनले प्रमाणका आधारमा मान्यता दिने भएकाले तपाईंले पनि कानुनलाई भुक्याउनु नै उचित ठहर्छ। किनभने कानुनले तपाईंको प्रेमलाई बुझ्छ भन्ने कुनै ग्यारेन्टी छैन। यस्तो अवस्थामा तपाईंले कसैलाई केही नभनी आफ्नो नाममा छोरीको जन्मदर्ता गर्नुभयो भने छोरी ठूली नहुन्जेलसम्म उनी तपाईंकै छोरी हुनेछिन्। यसमा तपाईंकी प्रेमीकाले पनि साथ दिनुपर्नेछ। किनभने छोरी कसकी हो भन्ने निर्णय गर्ने व्यक्ति नै आमा हुन्। जहाँसम्म आफूले गरेको निणयबाट हुने फाइदा र बेफाइदाका बारेमा सोध्नुभएको प्रश्न छ, त्यसमा म नढाँटी के भन्न सक्छु भने, यो तपाईंलाई फाइदा हुने काम भने होइन। यद्यपि यस्तो काम फाइदाका लागि गरिँदैन। नेपाली समाजमा बाँच्नुपर्ने भएकाले तपाईंले यसका लागि केही मूल्य चुकाउनुपर्नेछ। एउटी विधवालाई फेरी रंगीन संसार दिने तपाईंको निर्णय कठोर तर अनुकरणीय छ।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**केही** समयसम्म सेन्सर बोर्डले अड्काएको चलचित्र अहंकार सेन्सरबाट उम्किएको छ। जातीय दंगा फिजाउन सक्ने आशंकामा उक्त चलचित्रलाई बोर्डले रोकेको थियो। अहंकारले मधेशको जल्दोबल्दो समस्यालाई प्रमुख विषय बनाएको छ। अहंकारलाई सरकारको मातहतमा रहेको सेन्सर बोर्डले रोकेपछि चलचित्र क्षेत्रमा संलग्न डेढ दर्जनजति संघसंस्थाले विरोध गरेका थिए। विरोध कार्यक्रम बाक्लै गरी हुन थालेपछि सञ्चार मन्त्रालयका सचिव शंकरप्रसाद कोइरालाले चलचित्र हेरेर केही संवाद काटी प्रदर्शन गर्ने अनुमति दिएका थिए। निर्माता संजीव प्रधानका अनुसार मधेसी र पहाडीबीचको गाली गलौज काट्ने सहमति भएपछि चलचित्रले प्रदर्शनका लागि अनुमति पाएको हो। कति संवाद काटियो त ? निर्माता प्रधान भन्छन्- चार-पाँचवटा संवाद काटियो होला। दिनेश कार्कीको निर्देशन रहेको चलचित्र अहंकारमा नायक सुशील क्षेत्री, ध्रुव कोइराला, नायिका ऋचा घिमिरे एवं प्रेरणा शर्माको प्रमुख भूमिका छ।

**चलचित्र** विकास बोर्डले राष्ट्रिय पुरस्कार आयोजना गर्ने घोषणा गरेको छ। बोर्डको वार्षिकोत्सव (असार १७) को अवसर पारेर दिइने उक्त पुरस्कार पाँच विधाका ६ जनालाई प्रदान गरिने पनि बोर्डले जनाएको छ। कुनकुन विधालाई पुरस्कृत गरिनेछ त ? बोर्डका अध्यक्ष शैलेश आचार्य बताउँछन्- 'त्यस्ता पाँच विधालाई पुरस्कृत गरिनेछ, जुन विना चलचित्र निर्माण सम्भव छैन।' उनका अनुसार उत्कृष्ट चलचित्र, निर्देशक, पटकथा लेखक, क्यामेराम्यान र अभिनेता अभिनेत्रीले राष्ट्रिय पुरस्कार पाउनेछन्। यसपटक राष्ट्रिय पुरस्कारमा प्रतिस्पर्धी बन्न २०६३ भित्रमा जाँच पास भएका चलचित्र हुनुपर्नेछ। बोर्डले राष्ट्रिय पुरस्कारमा पाँच विधालाई मात्र समावेश गर्ने घोषणा गरेपछि चलचित्रकर्मीको गुनासो सुरु भएको छ। विकास बोर्डका सदस्य नयनराज पाण्डेका अनुसार प्रत्येक वर्ष विधा थप गर्दै जाने लक्ष्य बोर्डको छ।

**निर्मात्री** तथा नायिका जेनी कुँवरले निर्माण गरेको चलचित्र 'घायल' को छायाङ्कन कार्य सकिएको छ। मदन घिमिरेद्वारा निर्देशन गरिएको उक्त चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, जेनी कुँवर, अरुणिमा लम्साल, विक्रान्त बस्नेत, जयकिशन बस्नेत आदि कलाकारले अभिनय गरेका छन्।

**उदय** सुब्बाको लेखन तथा निर्देशनमा निर्माण गरिएको चलचित्र 'कानुन' प्रदर्शनका लागि तयार छ। मदनकुमार इङ्नामले निर्माण गरेको यो चलचित्रमा संविधानसभाको कुरा पनि उठाइएको छ। चलचित्रमा राजेश हमाल, दिलीप रायमाझी, निखिल उप्रेती, अरुणिमा लम्साल आदिले मुख्य भूमिका निर्वाह गरेका छन्।

**गोपीकृष्ण** मुभिजले निर्माण गर्ने सातवटा चलचित्रमध्ये पहिलो चलचित्र 'पर्खी बसें'को निर्माण पूरा हुन लागेकै बेला दोस्रो चलचित्र 'सुन्दर मेरो नाम'को छायाँङ्कन थालिएको छ। उक्त चलचित्रमा हास्यकलाकार दीपकराज गिरी केन्द्रीय भूमिकामा छन्। चलचित्रमा निखिल उप्रेती नायक रहनेछन्। एक जना कुरूप मानिसको कथा समेटिएको उक्त चलचित्रलाई धेरै वर्षअघिको हिन्दी चलचित्र 'मै सुन्दर हुँ'को नेपाली स्वरूप भनिएको छ। चलचित्रमा गरिमा पन्तले पनि अभिनय गरिरहेकी छिन् भने दीपककी जोडी भएर हास्यश्रृंखला 'तीतो सत्य'मा देखा परिरहेकी दीपाश्री निरौला चार वर्षपछि ठूलो पर्दाको चलचित्रमा देखा पर्दैछिन्। चलचित्रको निर्देशन विजय थापाले गरिरहेका छन्।

**भाउजू** र देवरको नाता केलाउँदै



निर्माण भैरहेको चलचित्र 'देवरबाबु'को हाल नेपाल चलचित्र विकास कम्पनीमा स्वराङ्कन भैरहेको छ। चलचित्रमा तृप्ति भाउजू बनेकी छिन् भने रमित ढुंगाना र विराज भट्ट देवर बनेका छन्। पूर्ण रूपमा पारिवारिक यो चलचित्रमा रेखा थापा नायिका छिन्। अभिनेता केशव भट्टराईले निर्माण गरेको यो चलचित्रका निर्देशक ज्ञानेन्द्र देउजा हुन् भने जसमा सुरेश अधिकारीको संगीत, सुरज सुब्बा नाल्बोको लेखन, वसन्त श्रेष्ठको नृत्य, राजेन्द्र खड्गीको द्वन्द्व हेर्न पाइन्छ।

**दुई** चलचित्र 'दादागिरी' र 'डन'ले व्यावसायिक सफलता दिइएपछि चलचित्र निर्माता रोज राणा चलचित्र निर्माणमा हौसिएका छन्। उनले हालै आफ्नो तेस्रो चलचित्र 'जोस'को घोषणा गरेका छन्। उक्त चलचित्रको निर्देशन 'डन'का निर्देशक ऋषि न्यौपानेले नै गर्ने भएका छन्। प्रमुख कलाकार र अन्य प्राविधिक पक्ष तय नभैसकेको उक्त चलचित्रमा 'दादागिरी' र 'डन'मा अभिनय गरेका अधिकांश कलाकार दोहोरिने लगभग पक्का नै छ। चेतन सापकोटाको संगीत तथा मौनता श्रेष्ठको लेखन रहने उक्त चलचित्रपछि निर्माता राणा चलचित्र 'खलनायक'को निर्माणमा जुट्ने तयारीमा छन्।

# पर्यटन सुन्दरीका प्रतिभा




कुन्छाङ मोक्ताङ, लक्ष्मी लामा, सुशीला जोशी, रोशनी महर्जन, लक्ष्मी गुरुङ, आयशा गिरी, सृष्टि मानन्धर, रीना अधिकारी, पाला गुरुङ, सिम्ला रायमाझी, मनोजना नकर्मी, बबिता लामा, सुजता नकर्मी तथा शुभेच्छा देवान गरी चौध जना प्रतिस्पर्धी। एउटै उद्देश्य, एउटै लक्ष्य अनि कडा परिश्रम। एभरेष्ट मिस टुरिज्म कबिन इन्टरनेसनल नेपाल २००७ शीर्षकमा पोखरास्थित फूलबारी रिसोर्ट एन्ड स्पाको सहभागिता एवं ग्रुप अफ इभेन्ट इन्टरटेनर्सको आयोजनामा सञ्चालन हुन लागेको पर्यटन सुन्दरीको छनौट अन्तर्गत गत सोमबार नेपाल पर्यटन बोर्डको सभाकक्षमा सहभागी सुन्दरीहरूले आ-आफ्नो प्रतिभा प्रदर्शन गरे। प्रतिस्पर्धात्मक उक्त कार्यक्रममा ट्यालेन्ट उपाधिको छुट्टै स्थान हुने भएकाले सहभागी प्रतिस्पर्धीले आफूलाई सकेसम्म उत्कृष्ट रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेको देखिन्थ्यो। सहभागी सुन्दरीहरूमध्ये १२ जनाले नृत्य प्रस्तुत गरेका थिए भने दुई जनाले गायन विधालाई आफ्नो प्रतिभा देखाउने माध्यमका रूपमा छनौट गरेका थिए।

भोलि शनिबार पोखराको फूलबारी रिसोर्टमा सम्पन्न हुने यो प्रतियोगिताको अन्तिम प्रतिस्पर्धामा मुख्य उपाधिका लागि प्रतिस्पर्धीहरूमध्येबाट फस्ट तथा सेकेन्ड रनरअप, मिस ट्यालेन्टेड, मिस फोटोजेनिक, मिस पर्सनालिटी, मिस ब्युटिफुल हेयर तथा मिस फ्रेन्डसिप एवार्डका विजेता पनि छनौट गरिनेछ। मिस टुरिज्म क्विन इन्टरनेसनल नेपाल २००७ एवार्ड विजेताले आगामी जुलाई महिनामा सम्पन्न हुने मिस टुरिजम क्विन इन्टरनेसल २००७ मा नेपालको तर्फबाट सांस्कृतिक राजदूतका रूपमा प्रतिनिधित्व गर्नेछिन्। प्रतियोगिता अन्तर्गत कोरियोग्राफी, क्याटवाक, व्यक्तित्त्व विकास लगायत राजधानी, भक्तपुर र पाटनस्थित विभिन्न पर्यटन र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण



स्थानहरूको भ्रमण गरिसकेका प्रतिस्पर्धी सुन्दरीहरूले नेपालको पर्यटन र सांस्कृतिक विशेषता एवं महत्त्वका सम्बन्धमा जानकारी पनि हासिल गरेका छन्। हेयर स्टाइलिस्ट नील डेविडबाट सुन्दरतासम्बन्धी टिप्स पाइसकेका सहभागीहरू भोलिको अन्तिम प्रतिस्र्धामा एनइएफटी डिजाइनिङ संस्थाका डिजाइनरले तयार पारेको इभिनिङ गाउन तथा क्रिएटिभ फेसन वेअरमा सजिएर आफ्नो लक्षका लागि भिड्नेछन्।

# जम्का भेट



**चकलेटी अनुहारका नायक आर्यन सिग्देल नायिका रेखा थापाले निर्माण गरेको चलचित्र 'किस्मत' मार्फत आफ्नो भाग्य अजमाउँदैछन्। नायक बन्न वलिष्ठ शरीर होइन, आकर्षक रूप र अभिनय क्षमता आवश्यक पर्ने बताउने सिग्देलले यसअघि हाउसफूल, कथा, खुसी पलभरको जस्ता टेलिश्रृङ्खलामा अभिनय गरिसकेका छन्। टेलिभिजन कार्यक्रम 'सुपर एक्टिङ कम्पिटिसन' का सञ्चालक भैसकेका तथा आधा दर्जन म्युजिक भिडियो र विज्ञापनमा अभिनय गरेका आर्यनसँग साप्ताहिकको जम्काभेट:**

**पहिलो चलचित्रको अनुभव कस्तो रह्यो ?**
पहिलो पटक सेल्युलाइडमा काम गर्दा रमाइलो हुने नै भयो। नाम चलेका कलाकारहरूसँगै मुख्य भूमिकामा रहेर काम गरियो। त्यसबाहेक राम्रो कथा र नाम चलेको ब्यानरमा काम गर्न पाएँ, खुसी छु।

**चलचित्रले सफलता पाउने आशा कत्तिको छ ?**
यो चलचित्रले अवश्य राम्रो व्यापार गर्नेछ। अहिलेसम्मका नेपाली चलचित्रभन्दा फरक कथामा निर्माण भएकाले यसबाट मेरो क्यारियर राम्रैसँग उठ्छ भन्ने आशा गरेको छु।

**नाम चलेका कलाकारसँग काम गर्दा असहज महसुस भएन ?**
रेखा थापा पहिलेदेखि नै साथी भएकाले खासै गाह्रो भएन। विराज भट्टलगायत अन्य कलाकारसँग पनि अगाडिदेखि नै चिनजान थियो।

**किस्मतमा ब्रेक पाउन कत्तिको गाह्रो भयो त ?**
खासै भएन, किस्मतको टिमले मेरो अभिनय-क्षमता हेरिसकेको थियो। छवि ओझा र उज्ज्वल सरले नयाँ अनुहारको खोजी भैरहेको भनेर मसँग अघिदेखि नै कुरा गर्नुभएको थियो। हिरो बन्न लगानी गर्नुपरेन, उल्टै राम्रै पारिश्रमिक समेत पाइयो।

**तपाईंलाई आफू हिरो बन्न लायक छु जस्तो लाग्छ ?**
लागेर नै होला नि, उहाँहरूले चलचित्रमा लिनुभएको। अनुहारका दृष्टिकोणले मलाई पनि राम्रै छु जस्तो लाग्थ्यो, त्यस्तै नृत्य, अभिनय सीप भएकाले पनि नायक बन्नेमा विश्वास थियो।

**अहिले त स्टन्ट गर्न सक्ने हिरोहरू मात्रै जमिरहेका छन् नि ?**
म खतरनाक स्टन्टलाई पछ्याउने हिरो होइन। अभिनयका दृष्टिले राम्रो काम गर्न सक्ने कलाकारलाई पनि नेपाली दर्शकले त्यत्तिकै माया गर्छन् भन्ने मेरो विश्वास छ।

**अब तपाईंको टेलिश्रृङ्खला यात्रा समाप्त भयो कि ?**
छैन, टेलिश्रृङखला मनभित्र गडिसकेकाले त्यसलाई चाहेर पनि छोड्न सक्दिनँ, तर सेल्युलाइडमा काम गर्न थालेपछि समय निकाल्न भने गाह्रो हुन्छ। भर्खरै यसतर्फ हात हालेकाले सेल्युलाइड मेरो प्राथमिकता भने हो।

# केवल एक प्रश्न



## गर्लफ्रेन्डलाई रेस्टुराँमा ख्वाइसकेपछि वालेट (पर्स) घरमै छुटेको वा हराएको थाहा पाए के गर्नुहुन्छ ?

सर्वप्रथम त म होसियार भएकाले पहिल्यै गोजी छामेर मात्र रेस्टुराँ पस्छु। कथंकदाचित त्यस्तो भैहाले मोबाइल फोन दिएर हिंड्छु। त्यसले पनि नपुग्ने अवस्था भए देब्रे हातमा एउटा सुनको औंठी छ त्यही दिन्छु, के गर्नु त ?

**नारद खतिवडा, हास्य अभिनेता**

म त सीधै गर्ल फ्रेन्डलाई नै तिर भनिदिन्छु। त्यसमा लजाउने कुरा के हुन्छ र ? तर तपाईंले यो प्रश्न मलाई सोध्नु हुँदैनथ्यो। अविवाहित युवकहरूसँग सोध्नुहोस् न।

**–ऋषि लामिछाने, निर्देशक**

बल्लबल्ल प्रश्न गर्दा पनि कस्तो काइते प्रश्न गर्नुभएको ? अलि राम्रो प्रश्न गर्नुहोस् न, उत्तर दिन पाउने गरी।

**रामशरण घिमिरे, निर्देशक**

त्यति साह्रो लजाउन आवश्यक छैन, यथार्थ कुरा भनिदिने। गर्लफ्रेन्डसँग पनि छैन भने साहूलाई कन्भिन्स गर्ने। होटलमै बसेर भाँडा मोल्ने भन्ने कुरा त फिल्ममा मात्रै हो।

**दिनेश डिसी, निर्देशक**

आफ्नो परिचय दिन्छु र पछि आउँछु भन्छु। त्यतिले पनि नपुगे घडी खोलेर दिन्छु, सिक्री दिनुभन्दा चाहिं गर्लफ्रेन्डलाई नै जानकारी दिन्छु।

**सरोज केसी, कलाकार/भिजे**

## चलचित्र



### पालेदाइ

गुर्जु फिल्मसको ब्यानरमा निर्मित चलचित्र पालेदाइ काठमाडौं उपत्यकाका एक दर्जन सिनेमा हलमार्फत् आज शुक्रबार प्रदर्शनमा आउनेछ। मदनमान बज्राचार्य निर्माता रहेको यो चलचित्रका निर्देशक दयाराम दाहाल हुन्। दाजु-बहिनीको कथालाई आधार बनाएर तयार गरिएको पालेदाइमा एक्सन र कमेडी पनि समावेश छ। पालेदाइका कलाकारमा राजेश हमाल, दिलीप रायमाझी निखिल उप्रेती, रेखा थापा, उषा पौडेल, रवि गिरी, दिनेश शर्मा, रवि डंगोल (बेइमान) आदि छन्। नायक राजेश हमालले पालेको अर्थात् चलचित्रको मुख्य भूमिका निर्वाह गरेका छन्। मदनमान बज्रचार्यको कथामा निर्माण भएको पालेदाइको पटकथा-संवाद निर्देशक दयाराम दाहाल र छायांकार किशोर ढकाल मिलेर तयार गरेका हुन्।

### झुम बराबर झुम



यशराज फिल्म्सको ब्यानरमा यश चोपडाको प्रस्तुति चलचित्र 'झुम बराबर झुम' आज शुक्रबार सार्वजनिक हुँदैछ। उत्कृष्ट तथा हिट चलचित्र दिँदै आएको यशराज ब्यानरको चलचित्र आउने भएपछि त्यो दिन सानो लगानीका बाहेक ठूला लगानीका अन्य चलचित्र सार्वजनिक नहुने भएका छन्। 'बन्टी और बब्ली' जस्तो हिट चलचित्र निर्देशन गर्ने निर्देशक शाद अलीलाई यो चलचित्रले पनि त्यत्तिकै साथ दिने अनुमान विश्लेषकहरूको छ। चलचित्रको प्रारम्भमा अभिषेक बच्चन र प्रीति जिन्टा लन्डन स्टेसनमा आ-आफ्ना मंगेतरलाई स्वागत गर्न पर्खिरहेका हुन्छन्। त्यसबीच दुवैले आ-आफ्नो प्रेमकहानी एक-अर्कालाई सुनाउँछन्। अपरिचित यो जोडी केही समयमै एक-अर्कासँग घुलमिल हुन्छ। उनीहरूबीचको सम्बन्ध प्रगाढ भएपछि चलचित्रको कथाले अर्को मोड लिने संकेत देखिन्छ। लन्डनमा छायांकन गरिएको यो चलचित्रको निर्माण आदित्य चोपडाले गरेका हुन्। अभिषेक बच्चन, प्रीति जिन्टा, बबी देवल, लारा दत्ता, श्रुति सेठ, अभिताभ बच्चन आदिले अभिनय गरेको यो चलचित्रको कथा निर्देशक अलिले नै लेखेका हुन्।

### न्यान्सी ड्रिउ

हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'न्यान्सी ड्रिउ' सार्वजनिक हुँदैछ। रोमाञ्चक तथा रहस्यमय कथामा आधारित यो चलचित्रमा एउटी टिन एजर युवतीको कथा प्रस्तुत गरिएको छ। न्यान्सी चलचित्रकी प्रमुख पात्र हुन्। उनी आफ्नो प्रिय होमटाउनलाई छोडेर हाइस्कुल अध्ययनका लागि हलिउड जान्छिन्। न्यान्सी प्रभावशाली युवती हुन्। उनले त्यो स्थानमा केही समयमै आफ्नो प्रभाव छोड्न सफल हुन्छिन्। चलचित्र अघि बढ्दै जाँदा त्यहाँ विभिन्न अनौठा घटनाहरू देखिन थाल्छन्। स्कुलमा न्यान्सीजस्तै अर्की एक युवतीको प्रवेश हुन्छ। नाटकीय शैलीको यो चलचित्रमा अहिलेको पुस्ताको कथा भेट्न सकिने विश्लेषकहरू बताउँछन्। एन्ड्रिउ फ्लेमिङको निर्देशन रहेको यो चलचित्रमा एम्मा रोबर्ट्स, टेट डोनोभान, ब्यारी बोस्टविक, लाउरा एलेना ह्यारिङ तथा जोस फ्लिटरले प्रमुख भूमिका निर्बाह गरेका छन्।

# किराँत राईहरुको वृत्तचित्र



**किराँत**-राई जातिको धर्म, संस्कृति, वेशभूषा, रीतिरिवाज एवं बासस्थानहरूलाई समेटिने वृत्तचित्र निर्माणको क्रममा छ। राईहरूको भिन्दै धार्मिक तथा सांस्कृतिक महत्त्व छ तर अहिलेको पुस्तामा आफ्नो संस्कृतिलाई बिर्सने क्रम बढेको हुँदा त्यो लोप हुने खतरा पनि छ। विभिन्न कला-संस्कृति र धर्मका धनी किराँत-राईहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नै पहिचान छ। नेपालको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको किराँत राई जाति विशेषत: नेपालको पूर्वी पहाडी जिल्लामा छन्। किराँत-राईहरूको इतिहास एवं संस्कृति जगेर्ना गर्ने उद्देश्यले उक्त ऐतिहासिक वृत्तचित्र निर्माण गर्न लागिएको वृत्तचित्रका निर्देशक शालिक सतासकले बताए। चार महिनाअघिदेखि पूर्वका विभिन्न ठाउँमा छायाङ्कन गरिँदै आएको उक्त वृत्तचित्रमा किराँत-राईहरूको सिलिचोङ्ग, टावामा खियामा डाँडा, सुत्केरी ढुङ्गा, चिलिमढुङ्गा, हरेलु डाँडा, वराह पोखरी, हेतुवागढी, चौदण्डीगढी, विजयपुरगढी आदिलाई प्रस्तुत गरिने छ। किराँत-राईहरू बसोबास गर्ने पूर्वका भोजपुर, खोटाङ, संखुवासभा, धनकुटा, सुनसरी, मोरङ, इलाम र दार्जीलिङमा छायाङ्कन गरिएको उक्त वृत्तचित्रबाट किराँत-राईहरूको धार्मिक, सांस्कृतिक ऐतिहासिक कुरा थाहा पाइने निर्देशक सतासकले जानकारी दिए। राईका अनुसार वृत्तचित्रमा किराँत-राईहरूले नाच्ने साकेला, पापानी, बढाङ्गी, तोस, विजुवा आदि नाचको पनि परिचय गराइने छ। शान्ता चाम्लिङ तथा शिव चाम्लिङको लगानीमा निर्माणाधीन यो वृत्तचित्रको छायाङ्कन धनकुटामा भैरहेको छ।

**–भिषा काफ्ले**

## पहिलो विश्व

### अत्याचारविरुद्ध निर्वस्त्र साइकल यात्रा

**सडकमा** हिँड्डुल गर्दा तपाईंले धेरै पटक सवारी साधनको मनपरी सहनुभएको होला। यस्तो समस्या हाम्रो देशमा मात्र होइन, अन्य मुलुकमा पनि छ। सवारी साधनको मनपरी र उनीहरूले वातावरणमा पुऱ्याएको क्षतिविरुद्ध अहिले अन्तर्राष्ट्रिय क्षेत्रमा निर्वस्त्र भएर साइकल चलाउने अभियान चलेको छ।




लगातार चौथो वर्ष 'विश्व निर्वस्त्र साइकल यात्रा' यो वर्ष गत शनिबार युरोपलगायत अमेरिकाका ६० वटा सहरमा एकैपटक सम्पन्न भएको थियो। यो यात्राको एक चरणअन्तर्गत लन्डनमा भएको विरोधमा ७ सय साइकलयात्रीले सहभागिता गरेका थिए। लन्डन लिग नामकरण गरिएको उक्त विरोध प्रदर्शनमा सहभागीहरूले ६ माइल लामो यात्रा गरेका थिए। सहभागीहरूका अनुसार साइकल चलाउँदा र निर्वस्त्र हुँदा वातावरणमा कुनै किसिमको क्षति पुग्दैन, तर सवारी साधनको बढ्दो चापले सडकदेखि वातावरण सम्मलाई क्षति पुगिरहेको छ।

### स्ट्रिप डान्सको मोह बढ्यो



**कुनै** समय थियो, युवतीहरू आफूलाई सुन्दर देखाउन अनेक किसिमका प्रयास गर्थे, तर अहिलेका युवतीहरूमा सुन्दरी देखिनेभन्दा पनि कामुक देखिने लालसा जागेको छ। युवतीहरूको कामुक देखिने चाहनालाई बुझेर अहिले ताइवानमा स्ट्रिप डान्स ट्रेनिङ सेन्टरहरू सञ्चालनमा आएका छन्। ताईवानमा पहिलो स्ट्रिप सेन्टर सञ्चालनमा ल्याएका चेनका अनुसार स्ट्रिप डान्सले युवतीहरूलाई कामुक देखाउन सहयोग गर्छ। यसमा मोडलहरूको मात्र नभएर विद्यार्थी, कर्मचारी तथा कामकाजी महिलाहरूको समेत उल्लेखनीय उपस्थिति छ। उनले सञ्चालन गरेको स्ट्रिप डान्स सेन्टरमा महिलाहरूले ऐनाअगाडि नृत्य गर्दै आफ्नो कुनचाहिँ अंगले कामुकता जागाउन सक्छ भन्ने कुरा प्रशिक्षार्थी स्वयंले थाहा पाउन सक्छन्। 'अनुभव र व्यवहारमा कसरी कामुक हुने' भन्ने विषयमा चेनले विगत ६ महिनादेखि स्ट्रिप डान्सको कार्यशाला सञ्चालन गर्दै आएका छन्। चेनको यो कार्य लोकप्रिय भएपछि अहिले विभिन्न विद्यालयले स्ट्रिप डान्सलाई आफ्नो पाठ्यक्रममै समावेशसमेत गरेका छन्। दैनिक ५ घन्टा सञ्चालन हुने यो कार्यशालामा स्कर्ट र टिसर्टमा प्रवेश गर्ने महिलाहरू पछि कार्यशालाको समापन हुँदासम्म भित्री पोसाकमा सीमित भैसकेका हुन्छन्।

### अन्त्यमा साइबरका कुरा...

**तपाईंलाई** इन्टरनेटमा अश्लील तस्बिर हेर्ने लत छ कि छैन ? यदि तपाईंलाई यस्तो लत छ भने सकभर ब्रिट्नी स्पेयर्सको नाङ्गो तस्बिर नहेर्नुस्। कम्प्युटर वा इन्टरनेटमा लाग्ने भाइरस रोक्ने एन्टी भाइरस उत्पादक म्याकएफीका अनुसार इन्टरनेटमा ब्रिट्नी स्पेयर्सको निर्वस्त्र तस्बिर हेर्दा कम्प्युटरमा भाइरसको खतरा बढी हुने गरेको छ। म्याकएफीका अनुसार ब्रिट्नीको तस्बिर हेर्दा कम्प्युटरमा भाइरस सर्ने खतरा २ हजार ३ सय गुणा बढी छ, तर तपाईंले पेरिस हिल्टनको निर्वस्त्र तस्बिर हेर्दा ब्रिट्नीको जस्तो नभए पनि खतरा भने कायमै रहन्छ।




### प्रचण्ड गर्मीसँगै कम्मर मर्काउनेहरू

गाईघाट- केही महिनादेखि एक्कासि बढेको गर्मीले गाईघाटका बासिन्दालाई हैरान खेलाएको थियो। ढिलै भए पनि गत सातादेखि परेको सिमसिमे पानीले दिन काट्न सजिलो भएको छ। मौसममा एक्कासि आएको परिवर्तनसँगै गाईघाटका ठिटाठिटीहरूलाई नचाउन मंगोलियन युवा समूह तथा समाज सुधार समूहले संयुक्त रूपमा गत शनिबार सिटिहलमा एक सांस्कृतिक कार्यक्रम आयोजित गऱ्यो। उक्त कार्यक्रममा लोक, पप तथा आधुनिक गीतमा नृत्य प्रस्तुत गरिनुका साथै लोपन्मुख भोजपुरी, सोरठी, चण्डीका साथै व्यंग्यात्मक प्रहसन प्रस्तुत गरियो।

गर्मीले पीडित बनेका गाईघाटवासी त्यो दिन भने शीतलताको अनुभव गर्दै पाँच वर्षका नाबालकदेखि लिएर ७० वर्षका सेतै फुलेका वृद्धाहरू नृत्यको मजा लिँदै गर्मीलाई बाई-बाई गरिरहेका थिए। कार्यक्रममा संचारकर्मी, राजनैतिक दलका नेता तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूसमेत नृत्यमा मग्न थिए। गाईघाटकै कलाकार सागर आत्मा थापामगरले आधा दर्जन मर्करी र बियरका सिसाले आ□नो शरीरमा हिर्काई रगतका धारा बगाएपछि भने दर्शकहरू एकछिन स्तब्ध भए। कार्यक्रम झन्डै दस घण्टा चलेको थियो।

**–विमल खतिवडा**

### नाटक, चलचित्र र नृत्य एउटै मञ्चमा



**विराटनगर**- गाउँले किसानहरू खेतमा काम गरिरहेका छन्। कोही खनजोत गर्दैछन् त कोही गोडमेल, सबै आ-आ□नै काममा व्यस्त छन्। सबै आ□नै सुरमा व्यस्त रहेकै बेला गोली-बारुद बर्सन थाल्छ। शान्त वातावरणमा अशान्ति फैलन्छ। त्यहाँ दुईवटा हतियारधारी समूहबीच युद्ध चर्कन्छ। लडाइँमा संलग्न भएका मात्रै होइन, निर्दोष किसानहरू पनि मारिन्छन्। त्रास, भय र कोलाहल मचिन्छ, रुवाबासी चल्छ। यो गत शुक्रबार विराटनगरको वीरेन्द्र सभागृहमा मञ्चित नाटकको दृश्य हो।

माओवादीको दसवर्षे जनयुद्धका बेला सर्वसाधारणले भोगेका समस्यालाई समावेश गरेर इन्द्र परियारको लेखन-निर्देशनमा तयार पारिएको नाटक 'शान्ति दीप' ले दर्शकलाई भावुक बनायो। रंगमञ्चमा नाम कमाउन नसकेका विराटनगरका कलाकारहरूको प्रस्तुतिले घटनाको सजीव चित्रण गऱ्यो। विराट रंगकर्मी जमातले कलाकार कल्याण कोष स्थापनाका लागि सहयोग जुटाउन उक्त नाटक मञ्चन गरेको हो।

नाटकले भावुक बनाएका दर्शकलाई हास्यकलाकार पारस थापाले एकैछिनमा पेट मिचीमिचि हाँस्न बाध्य पारे। लगत्तै समीरा गैरेलको नृत्यले दर्शकलाई नचाएको थियो। उक्त अवसरमा विभिन्न जातजाति, भाषाभाषीका संस्कृति झल्कने गीत तथा नृत्यहरू पनि प्रस्तुत गरियो। कार्यक्रमको बीच-बीचमा नृत्य, प्रहसन र चुट्किलाले समेत दर्शकलाई पूर्ण मनोरञ्जन प्रदान गऱ्यो। उक्त कार्यक्रमअन्तर्गत मोफसलमै निर्माण गरिएको चलचित्र 'क्याबिन गर्ल' पनि प्रदर्शन गरिएको थियो।

**–कमल रिमाल**

## सानो पर्दा



**साइबर** संसारमा फोटोसेसन गराएर चर्चामा आएकी अमेरिकी/नेपाली मोडल एली ब्राउनली टेलिभिजन प्रस्तोता भएकी छिन्। नेपाल वान टेलिभिजनबाट हरेक शुक्रबार राति साढे आठ बजे प्रसारण हुने कार्यक्रम 'गिज्मो एन्ड मोर'की सञ्चालिकाका रूपमा उनी टेलिभिजनको पर्दामा देखिन थालेकी हुन्। पुष्पा जोशी निर्माता रहेको उक्त कार्यक्रममा युवाहरूको फेसन तथा उनीहरूका एसेसरिजका बारेमा चर्चा गरिन्छ।

**नेपाल** टेलिभिजनमा हरेक सोमबार प्रसारण हुँदै आएको हास्यश्रृंखला 'जीरे खुर्सानी'का निर्देशक तथा कलाकार जितु नेपालले नेपाल टेलिभिजन-२ मा पनि कार्यक्रम सञ्चालन गर्न थालेका छन्। उक्त च्यानलमा हरेका बिहीबार साँझ प्रसारण हुने कार्यक्रम 'तातो पीरो'को सञ्चालन उनले गरिरहेका छन्। कार्यक्रममा जितुले विभिन्न समसामयिक हास्यव्यंग्य प्रस्तुत गर्नुका अतिरिक्त म्युजिक भिडियो पनि प्रसारण गर्छन्।

**नेपाल** वान टेलिभिजनका कार्यक्रम निर्माता असिम शाह कार्यक्रम प्रस्तोता पनि भएका छन्। उनकै निर्माण तथा प्रस्तुतिमा उक्त च्यानलबाट हरेका शनिबार राति साढे नौ बजे कार्यक्रम 'म्युजिक स्टार' प्रसारण हुन थालेको छ। उक्त कार्यक्रममा असिमले प्रत्येक साता एक जना चर्चित संगीतकर्मीलाई निम्त्याउँछन् र उनीसँग एल्बम, संगीतलगायत अन्तरंग कुराकानी गर्दै सम्बन्धित कलाकारका म्युजिक भिडियो तथा उनलाई मन परेका म्युजिक भिडियोहरू प्रसारण गर्छन्। कार्यक्रममा कुल तीनवटा म्युजिक भिडियो देखाइन्छ।

**नेपाल** टेलिभिजनको दोस्रो च्यानल एनटिभी टुको हरेक दिन साँझ सवा नौ बजेको समयलाई 'स्पोर्ट्स टाइम' बनाइएको छ। उक्त समयमा आइतबार 'स्पोर्ट्स क्लासिक' शीर्षकमा पुराना खेलकुद गतिविधिलाई कार्यक्रम सञ्चालिका अमृता शाक्यले सञ्चालन गर्छिन्। कराँते खेलाडी शाक्य १२ औं सागकी रजत पदक विजेता हुन्। सोम, बुध र शुक्रबार सञ्चालक सञ्जीव शिल्पकारले 'स्पोर्ट्स वर्ल्ड' शीर्षकमा अन्तर्राष्ट्रिय खेलकुद गतिविधिहरू समेट्छन्। त्यसैगरी मंगलबार'स्पोर्टस् इन्फो' शीर्षकमा कुनै खेलसम्बन्धी विस्तृत जानकारी, इतिहास, खेल नियम आदिका बारेमा कार्यक्रम सञ्चालक वासुदेव अर्याल र प्रज्ज्वल शाक्यले जानकारी दिन्छन्। शनिबार भने सञ्चालक सञ्जीव शिल्पकारले नै खेलकुदसम्बन्धी अन्तरविद्यालय हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्छन्।

## साताको स्वर



## सुरेन्द्रमान सिंह

**'सुपारी दाना' कस्तो प्रकारको गीत हो ?**
नेपाली लोक र रकको सम्मिश्रणमा बनेको लोकरक गीत हो।

**यसको रचना कसरी भयो ?**
यो तीन वर्षअघि साथी कैलाश र चन्द्रसँग बसेर कम्पोज गरेको गीत हो। यो गीतमा गाउँघरमा चलनचल्तीमा रहेका शब्दहरू प्रयोग गरिएको छ।

**यसमा नेपाली बाजाहरूको पनि पर्याप्त प्रयोग छ नि ?**
हो, यसमा अरू बाजाहरूका साथमा मुर्चुंगा, मादललाई पनि प्राथमिकता दिइएको छ। हाम्रा प्रायः सबै गीतमा स्वदेशी बाजा पनि प्रयोग हुन्छ।

**म्युजिक भिडियो कस्तो बनाउनुभएको छ ?**
वेस्टर्न टच दिन खोजेको छु, साथै नेपाली संस्कृतिलाई पनि समेट्ने प्रयास गरेको छु।

**म्युजिक भिडियो बजारमा आएपछि त्यसको प्रतिक्रिया कस्तो पाउनुभयो ?**
हाम्रो अहिलेसम्मको म्युजिक भिडियोमध्ये यो म्युजिक भिडियोलाई सबैले उत्कृष्ट भनेका छन्।

**डिजे** राजुद्वारा रिमिक्स गरिएका गीतहरूको एल्बम 'डिजे राजु'मा समावेश 'च्याङ्बा होइ च्याङ्बा' आदि गीतले चर्चा पाएको झन्डै दुई वर्षपछि उनी त्यसको दोस्रो शृंखला बजारमा ल्याउने अन्तिम तयारीमा जुटेका छन्। 'डिजे राजु-पार्ट टु' शीर्षकको उक्त एल्बमका लागि गीत रेकर्डिङको काम तीव्र गतिमा भैरहेको जानकारी दिँदै राजुले यस पटकको एल्बममा 'मोहनी लाग्ला है', 'यो मात चढेको साँझमा', 'जिन्दगानी दर्पणछायाँ', नक्कली कान्छीको' आदि गीतका रिमिक्स रहने बताए। ती गीतहरूमा मीरा राणा, राजेशपायल राई आदिले स्वर दिइरहेका छन्। एल्बम डेढ महिनाभित्रै बजारमा आउनेछ।

**सान्नानी** तिमीलाई हिर्काउँला लौरीले..को सफलतासँगै स्थापित भएका गायक बाबु बोगटी तेस्रो एल्बम 'रिजल्ट' बजारमा ल्याउने अन्तिम तयारीमा जुटेका बेला टेलिभिजन कार्यक्रम सञ्चालक भएका छन्। भारतको उत्तरपूर्वी क्षेत्रमा प्रसारण हुने टेलिभिजन च्यानल 'नर्थ इष्ट हाइफाई'बाट अन एयर हुने नेपाली गीतहरूको कार्यक्रम 'शिखर संगीत'का सञ्चालकका रूपमा गायक बोगटीलाई देख्न सकिन्छ। यसका साथै उनले नायकका रूपमा अभिनय गरेको पारिवारिक टेलीशृंखला 'संस्कार'को प्रसारण कान्तिपुर टेलिभिजनबाट हुन थालेको छ। गायक हुनुअघि बोगटी रंगमञ्च तथा नृत्यकलाकार थिए।

**गीता** लामा नेपाली सांगीतिक फाँटकी उदियमान सर्जक हुन् भन्दा फरक नपर्ला। गीताको पहिलो गीतिसंग्रह 'फूलो' ले बजारमा आएको केही समयमै श्रोताको मन जित्न सफल भैसकेको छ। फूलोमा समावेश एचआईभी एड्सविरुद्ध जनचेतना फैलाउने गीत 'आँखाहरू....' ले उनलाई सम्भावना बोकेकी गायिकाको रूपमा चिनाएको छ। एचआईभी एड्सविरुद्ध जनचेतना फैलाउने सन्देश बोकेको यो गीतको म्युजिक भिडियो पनि त्यत्तिकै आकर्षक छ। यो गीत इमेज एवार्डअन्तर्गत उत्कृष्ट म्युजिक भिडियो विधामा मनोनयनमा परेको थियो।

**गायक** निमा रुम्बा तथा गायिका नलिना चित्रकारलगायत आधा दर्जन संगीतकर्मी गत शनिबार एक कार्यक्रममा सम्मानित गरिए। उनीहरू राष्ट्रिय सांस्कृतिक मञ्च तथा राष्ट्रिय सरोकार अभियान नेपालले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा सम्मानित भएका हुन्। कार्यक्रममा सम्मानित गायक/गायिका तथा गायक बाबु बोगटीले आफ्ना चर्चित गीतहरू सुनाएका थिए।

**केही** संगीतकर्मी तथा अन्य कलाकार कार्यक्रमका लागि भनेर पटक-पटक विदेश गैरहेका छन्। गायकमा राजेश पायल राई, निमा रुम्बा, अभिनेतामा महजोडी, ब्यान्डमा १९७४ एडी आदि विदेश गैरहनेमा पर्छन् भने मौसमी गुरुङ पछिल्लो समयमा सबैभन्दा बढी विदेश जाने गायिका भएकी छिन्। यद्यपि उनी अहिलेसम्म अमेरिका भने पुगेकी छैनन् तर उनले त्यो अवसर गत मंगलबार पाइन्। मंगलबार उनी पहिलो पटक अमेरिकाका दर्शक सामुन्ने आफ्ना गीत सुनाउन त्यसतर्फ प्रस्थान गरिन्। द युनाइटेड नेप्लिज डेमोक्रेटिक एसोसियसनले आयोजना गर्न लागेको उक्त कार्यक्रमपछि आउँदो महिना उनी पार्टी नेपालको आयोजनामा जर्मनीमा हुने कार्यक्रममा कान्ति आलेको साथ हुनेछिन्। उताबाट फर्किएपछि उनी आफ्नो नवीनतम एल्बम 'पल' सार्वजनिक गर्ने योजनामा छिन्।

**एउटै** क्षेत्रमा कार्यरत दुई जनाको नाम उस्तै पर्दा नयाँ आउनेलाई समस्या नै पर्दो रहेछ। गायन क्षेत्रमा नाम कमाउन आएका एक जना गायकलाई त्यस्तै परेको छ। 'बाधा परुन् जति नै' गीतको रिमिक्स गरेपछि तीन वर्षअघि चर्चामा आएका गायक सुमन श्रेष्ठ पछिल्लो समयमा गायनका साथै संगीत कम्पनी रियाज म्युजिकको सञ्चालनमा व्यस्त छन्। दुई साताअघि त्यही रियाज म्युजिकबाट 'फर अवे' शीर्षकमा एउटा एल्बम बजारमा ल्याइएको छ। उक्त एल्बमका गायक सुमन श्रेष्ठ नै हुन् तर यी सुमन श्रेष्ठ ती सुमन श्रेष्ठ होइनन्, जसले 'बाधा परून् जति नै'को रिमिक्स गाएका थिए। एक त रियाजबाटै एल्बम निकाल्नु र अर्को नाम कम्पनीका सञ्चालक/गायकसँग मिल्नुले यी नवप्रवेशी सुमन श्रेष्ठको अस्तित्व नै संकटमा परेको छ। उनले गाएको गीत 'मेरो मुटु' हाल टेलिभिजन च्यानल तथा एफएमहरूमार्फत चर्चित बन्दै गएको छ तर त्यसको श्रेय अर्का सुमन श्रेष्ठले पाएका छन्। त्यसो त उनले आफ्नो गीतको म्युजिक भिडियोमा आफैले अभिनय गरेका छन् तर उनलाईकतिपय मानिसले मोडल मान्छन्। सुमन श्रेष्ठले केही महिनापछि अर्को एक जना गायकसँग पनि नाम जुधेकै कुरामा संघर्ष गर्नुपर्ने भएको छ। केही वर्षअघि 'सुमनको आगमन' शीर्षकको एल्बम निकालेका निर्माण सामग्री व्यवसायी तथा गायक सुमन श्रेष्ठ नयाँ एल्बमको रेकर्डिङमा खटेर लागेका छन्।



**युवापुस्ता : गायनक्षेत्रका युवाहस्ती अनिल सिंह, प्रनिल एल. तिमिल्सिना तथा सुदीन पोखरेल**

## लाइभ शो

• हरेक महिनाको पहिलो दिन 'शास्त्रीय संक्रान्ति' शीर्षकमा पुरानो बानेश्वरस्थित आरोहण नाट्यसमूहले बिपी कोइराला नेपाल-भारत फाउन्डेसनका साथमा गुरुकुलमा आयोजना गर्दै आएको प्रत्यक्ष शास्त्रीय संगीत सुनाउने कार्यक्रमअन्तर्गत आज शुक्रबार साँझ साढे पाँच बजे बेलावादक मिलन तण्डुकार तथा तबलावादक मिलेस तण्डुकारको जुगलबन्दी प्रस्तुत हुँदैछ।

• भोलि शनिबार दिउँसो दुई बजेदेखि रातीसम्म कान्तिपथस्थित क्लब १९०५ को बलिङहल तथा लैनचौरस्थित मल्ल होटलमा डिजे बिम्यानको डिजेइङ प्रस्तुत हुनेछ। उक्त दुई स्थानमा आयोजना हुने डान्स पार्टीमा डिजे कान्ति तथा डिजे एनबिएन पनि सहभागी हुनेछन्।

**आधुनिक** गायनमा बेग्लै अस्तित्व बनाउन सफल गायक कर्णदास पनि विदेश पलायन भएका छन्। पोखराका यी गायक पछिल्ला केही वर्षयता सर्वाधिक चर्चित गायकको श्रेणीमा छन्। सम्झना अडियो भिडियोले अर्को एकल एल्बम बजारमा ल्याउने सम्पूर्ण तयारी गरिरहेको बखत उनी अमेरिका भासिएका हुन्। त्यसो त उक्त संगीत उत्पादन कम्पनीका सञ्चालक तथा गायक रमणसिंह श्रेष्ठ पनि अमेरिकामै छन्। गायक कर्णदासको नजिकका मित्र श्रेष्ठकै आग्रहमा उनी अमेरिका बसेको बताइन्छ।

**नायक** भुवन केसीसँग लोकदोहोरी गीत 'पानमा पराग छ' गाएपछि चर्चामा आएकी गायिका निशा सुनुवारले दोस्रो एल्बम सार्वजनिक गरेकी छिन्। गत शुक्रबार सुनुवारले हरेक बेलुकी लोकगीत गाउने सुन्धारास्थित देउराली दोहोरी साँझमा लोकगायिका बिमाकुमारी दुराले उनको एल्बम 'नभन मायाले' को विमोचन गरिन्। उक्त एल्बममा समाविष्ट लोकदोहोरी गीतमा गायिका सुनुवारलाई गायिका दुरालगायत गायक राजु परियार, नेपाली तारा दीपक लिम्बु तथा लोकगायिकाद्वय मञ्जु गुरुङ र दीपा राईले साथ दिएका छन्।

**मंगलबार** गायक मिग्मा शेर्पा, हेमन्त शर्मा, जनगायक जीवन शर्मा, लोकगायकद्वय राजु परियार र भगवान भण्डारी गायिका तथा मोडल पुजा लामा, लोकगायिका निशा सुनुवारसहितको एक टोली खाडी मुलुक साउदी अरब गएको छ। युनिटी लाइफ इन्टरनेसनलको आयोजनामा उक्त टोलीमा नायिका झरना थापा, नायक निखिल उप्रेती तथा हास्यकलाकार दीपकराज गिरी पनि छन्। कार्यक्रमका संयोजक प्रसाद गुरुङका अनुसार उनीहरूले हिंजो बिहीबार आबुधाबी सहरमा झन्डै तीन घण्टाको कार्यक्रम प्रस्तुत गरे भने आज शुक्रबार दुबईमा कार्यक्रम प्रस्तुत हुनेछन्।

## छनिएका टप टेन




**साप्ताहिक समाचार**

काठमाडौं- धेरैजसो टेलिभिजन च्यानलमा गायन प्रतिस्पर्धाका कार्यक्रमहरू चलिरहेका छन्। कतै 'इन्डियन आइडल' त कतै 'नेपाली तारा'। 'स्टार एफएम ९५ दशमलव २' पनि त्यस्तो प्रतिस्पर्धा गराउन पछि परेन। शनिबार 'इन्डियन आइडल'को तेस्रो संस्करणमा दार्जीलिङका प्रशान्त तामाङ उत्कृष्ट दस बन्ने होडमा लागिरहेका बखत त्योभन्दा एक दिन पहिले शुक्रबार पर्यटन विकास बोर्डको सभाकक्षमा दर्शक, सञ्चारकर्मी तथा सांगीतिक व्यक्तित्वहरूका सामु १५ जना गायक-गायिकाबीच पनि उत्कृष्ट दस बन्ने होड चलिरहेको थियो।

दर्शकहरूका अतिरिक्त त्यहाँ चलचित्रकर्मीहरू अशोक शर्मा, उद्धव पौडेल, युवराज लामा, शिव रेग्मी, विरेन श्रेष्ठ, दिवस उप्रेती, चलचित्र संगीतकारद्वय सुरेश अधिकारी र चेतन सापकोटा, गायक-गायिकाहरू सुगम पोखरेल, सत्यराज, स्वरूपराज आचार्य, हेमन्त शर्मा, सुदीप गिरी, शिव मुखिया, मौसमी गुरुङ, ज्योति घिमिरे आदि निर्णायक थिए। १५ जना प्रतिस्पर्धी कलाकारले सबैका सामु आफ्नो गायनकला प्रस्तुत गरेपछि उपस्थित सबैको मतका आधारमा कोपिला थापा, सुमन राई, सम्झना आचार्य, विवेक श्रेष्ठ, कमल श्रेष्ठ, नीरज घिमिरे, सत्यजित समाल, गणेश तामाङ, केबी राई र दीपा दोङ उत्कृष्ट दसमा परेका छन्।

गत मंसिर महिनादेखि नयाँ गायन प्रतिभाको खोजी गर्ने क्रममा उक्त कार्यक्रमको आयोजना हुन थालेको एफएमका अध्यक्ष प्रदीप उदयले बताए। हरेक शुक्रबार साँझ ४ बजेदेखि ५ बजेसम्म प्रत्यक्ष प्रसारण हुने उक्त कार्यक्रम 'अब मेरो पालो'मा आजदेखि दर्शक मतका आधारमा हरेक साता एक जना गायक कार्यक्रमबाट बाहिरिँदै जाने र अन्तिम साता विजयी हुने कलाकारको एकल एल्बम प्रकाशन गरिने जानकारी कार्यक्रमका सञ्चालक राज श्रेष्ठले दिएका छन्।

## नजिकबाट — यशोदा पराजुली



| | |
|---|---|
| **जन्ममिति** | : २०२६, फूलपातीको दिन |
| **घरमा बोलाउने नाम** | : यशोदा |
| **परिचय** | : गायिका |
| **जन्मस्थान** | : भारतको मणिपुर, इम्फाल |
| **कर्मथलो** | : नेपाल, काठमाडौं |
| **तपाईंको गोप्य कुरा** | : इलाम जाँदा डोको बोकी चिया टिप्न जान्छु। |
| **रुचि** | : संगीतमा समय बिताउने |
| **अध्ययन** | : बी.ए., बी.म्युजिक |
| **विवाह** | : २०४९ वैशाख २२ गते गणेश पराजुलीसँग |
| **पहिलो एल्बम** | : गाउँको माया |
| **प्रेरणा** | : परिवार |
| **हनिमुन** | : सिक्किममा |
| **पहिलो प्रेमपत्र** | : लेखिएन |
| **पहिलो बाजा** | : तानपुरा |
| **मनपर्ने परिकार** | : दालभात-तरकारी |
| **मनपर्ने रंग** | : कालो, गुलाफी |
| **मनपर्ने पहिरन** | : साडी, कुर्ता-सुरुवाल |
| **मनपर्ने मौसम** | : कात्तिक-मंसिर, न जाडो न गर्मी |
| **मनपर्ने खेल** | : फुटबल |
| **नजिकको साथी** | : श्रीमान् |
| **पहिलो चुम्बन** | : आमाबाट |
| **मनपर्ने बानी** | : गाउँदा अरू सबै कुरा बिर्सन्छु |
| **खराब बानी** | : छिट्टै विश्वास गर्ने |
| **सबैभन्दा बढी माया** | : परिवारलाई |
| **रमाइलो क्षण** | : मणिपुरमा बेस्ट सिङ्गरको उपाधि पाउँदा |
| **नरमाइलो क्षण** | : हडकडमा दुई वर्ष बसी श्रीमान्‌लाई त्यहीं छाडी एक्लै नेपाल फर्किंदा |
| **जीवन के हो ?** | : अनन्त यात्रा |
| **जीवनको लक्ष्य** | : कर्मपछिको प्राप्ति |

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



दुई जना भर्खरका मानिस परलोक पुगेछन्, तर परलोकमा यमराज समयमै अफिसमा नआएकाले दुवै जना उनलाई कुर्न थाले। त्यत्तिकैमा ती दुई अपरिचित मरेका मानिस एक-आपसमा कुराकानी गर्न थालेछन्। एक जनाले सोधेछ : तपाईंको मृत्युको कारण के हो ?

दोस्रो मृतक : चिसोको कारणले मेरो मृत्यु भएको हो। अनि तपाईंको नि ?

पहिलो मृतक : खै कसरी भनूँ, मेरो मृत्युको कारण ? धेरै अघिदेखि नै मलाई किन हो किन मेरी पत्नीको चरित्रमाथि शंका लागिरहेको थियो, कतै उसको कोही प्रेमी त छैन भनेर। त्यसैले एक दिन म अफिसबाट चाँडै घर फर्किएँ उसले घरमा आफ्नो प्रेमीलाई बोलाएकी होली भन्ने शंकामा, तर मैले घरभरि खोज्दा पनि कोही भेटिन। त्यसपछि मलाई आफ्नी पत्नीमाथि त्यति ठूलो शंका गरेँ भनेर यति आत्मग्लानि भयो कि मलाई हृद्याघात नै भयो।

पहिलो मृतक : हे भगवान्, कस्तो संयोग ? यदि तपाईंले आफ्नो घरको भान्छाको फ्रिज खोलेर हेरेको भए, न तपाईं मर्नुहुन्थ्यो, न म।

०००

विकुराम आफ्नो छोरालाई एउटा सङ्ग्रहालय घुमाउँदै थियो। त्यत्तिकैमा बिकुरामको छोराले प्रश्न गरेछ : 'बा, त्यो ठूलो अस्थिपन्जर कसको हो ?'

बिकुराम : त्यो एउटा महान् योद्धाको हो, जसले दस हजार सेनासँग एक्लैले युद्ध गरेर उनीहरूलाई जितेको थियो।

छोराले फेरि अर्को प्रश्न गरेछ : अनि त्यो सँगै राखेको सानो अस्थिपन्जरचाहिँ कसको नि ?

बिकुराम : त्योचाहिँ त्यही वीर योद्धा सानो बालक छँदाको अस्थिपन्जर हो।

०००

बिकुराम धेरै बेरसम्म ऐनाअगाडि आँखा चिम्लेर उभिएको देखेर श्रीमतीले सोधिछन् : ए हजुर, किन आँखा चिम्लेर ऐनाअगाडि उभिइरहनुभएको ?

बिकुराम : हैन, म सुत्दा कस्तो देखिन्छु भनेर हेरेको नि □

०००

एक कक्षामा अध्ययनरत पारसले गलत होमवर्क गरेको देखेर मिसले उसलाई बेन्चमाथि उभिन लगाइछन्। त्यसपछि पारसले नम्र हुँदै मिससँग सोधेछ : मिस, एक जनाले गरेको गल्तीको सजाय अर्कोलाई दिन मिल्छ ?

मिस : त्यो त मिल्दैन। गल्ती जसले गरेको हो उसले मात्र सजाय पाउँछ।


पारस : त्यसो भए म यो बेन्चमा उभिन्नँ।

मिस : किन ?

पारस : किनभने यो सबै होमवर्क मेरो ड्याडीले गरेको हो, मैले होइन।

## कविता

### देशै तुऱ्याए



दाप्सिएका भुँडीहरू
टाक्सिएरका ज्यानहरू
ग्याट्रिकयुक्त आन्द्राहरू
अल्सर भएका आमाशयहरू
निका भए, चङ्गा भए
चाहिएन ओखती, चाहिएन वैद्य
नभरिएकाले थियो- भरियो, बौरियो
चिल्लो भयो, पुक्क भयो, ढुक्क भयो
धेरै नाङ्गाले दोसल्ला ओढे
धेरै बुङ्गाले घरजम जोडे
च्यापु अड्याए, नाक ठड्याए
सक्दो लुँड्याए, देशै तुऱ्याए □□

–टंकनाथ शर्मा

### कल्पना

कोमल मुहार बिहानीको उषा भित्र पाँउछु
वदन हेर्न पूर्णिमाको जून सम्म धाँउछु।
सपनीमा तिमी आँउछौ मायाप्रिती साट्छौ
नजर पर्दा तिमीमा लजाइ लजाइ हिड्छौ।
तिमीसँग दिन साट्न निमन्त्रणा गर्दा
पानी-पानी भएथें म फूलले बाटो छर्दा।
तिम्रो मेरो सृष्टि भयो यो जूनीको लागि
सिन्दूर पोते किनीसकें तिम्रै निम्ति भनी।
तिमी विना यो जिन्दगी सधैं आधा लाग्छ
तिमी सँगै जिउँछु म त संसार प्यारो लाग्छ।
मलेवाको जोडी लेख्दा लाज किन मान्छौ
मेरो साथ यो जूनीको र त स्वर्ग ठान्छौ।

–दर्शन दिनेश

### फुल्नुको अर्थ



कपालहरू फुल्छन्, सेता हुन्छन्
फूलहरू फुल्छन्, राता हुन्छन्
फुल्नुको एउटै अर्थ छ
अनुभव खारिएर ज्ञानहरू खुल्छन्
कमजोर हुन्छन् फूलहरू
ओइलाउँछन्, झर्छन्
कमजोर हुन्छन् मान्छेहरू
रुवाउँछन् र मर्छन्।

–सबिना सिन्धु

### खेल्न जान्नुपर्छ

जीवन एउटा खेल हो, खेल्न जान्नुपर्छ
परिस्थिति र बाध्यतामा, लड्न जानुपर्छ
आँसुहरू धेरै आउँछन्
बगाइदिने हाँसो जीवन आखिर के हो र ?
विछोडको नासो सुख-दुःख
जीवनको यही नै हो रीत
सफलता सधैं जोडिरहन्छ
असफलतासित बुझ्न सके हुनेछ
इर्ष्या पनि प्रीत
हार पनि बदलेर हुन्छ तिम्रै जित
जीवन आखिर के हो र ?
दुई दिनको पाहुना
सफलता सधैं तिम्रो होस्
मेरो यो शुभकामना।

–प्रेमकुमार राई

### तिम्रै कल्पनामा हुन्छु



झस्कँदा तिम्रै कल्पनामा हुन्छु
सम्झँदा गुनगुनाउँदै म रुन्छु
किन छाँगा छर्छराउँछ
किन सावन गडगडाउँछ
किन फेरि बतासले
हाँगा निचोर्न मन पराउँछ
गम्दै एक्लै टोलाइरहन्छु
झस्कँदा तिम्रो कल्पनामा हुन्छु
सम्झँदा गुनगुनाउँदै रुन्छु।

–उदासी अनु

### रक्सी पिउँदापिउँदै

जाँड-रक्सी पिउँदा पिउँदै मात यसको चढे पछि
पिउँदा पिउँदै थाहै नपाई बीच सडकमा लडेपछि।
झै-झगडा गर्छन् धेरै दाइ-भाइ भए पनि
छट्पटाउँदै बरबराउँछन् नालीभित्र खसेपछि।
जाँड-रक्सीको नशा कस्तो जति पनि पिउँछन् हजूर
दिन-रात बिताइदिन्छन् यसको नशा चढेपछि।
निँहु केही चाहिँदैन झै-झगडा गर्न यिनलाई
समयको पतै छैन पिउँदा पिउँदै लडेपछि।
भट्टी-भट्टी धाउँछन् हजूर जाँड-रक्सी पिउन भनी
जहान-बच्चा बिर्सिदिन्छन् भट्टी भित्रै लडेपछि।

–बद्रीप्रसाद शिवाकोटी

## लघुकथा

### शोषणको नयाँ रूप

माझगाउँ र गौरीगाउँका किसानहरूको अवस्था निम्न थियो। आफूले खेतबारीमा उत्पादन गरेको अनाजले छ महिना पनि खान पुग्दैनथ्यो। त्यसैले किसानहरू गाउँका जमिनदारकहाँ दास र कमारोजस्तो भएर हली र गोठालो बसेर पनि आफ्ना जहान र बालबच्चा पाल्न बाध्य थिए। किसानहरूको यस्तो अवस्था थाहा पाएर सरकारले माझगाउँ र गौरीगाउँका किसानको जीवनस्तर उठाउन कृषिविज्ञहरूको टोली पठायो। उन्नत कृषि बीउ-बिजन, मात्राअनुसारको मलखाद, कीटनाशक औषधीहरू, माटोसुहाउँदो बाली लगाउने तरिका र आधुनिक तवरले खेती गर्ने तरिका विज्ञहरूद्वारा आवश्यक सहयोगसहित किसानहरूलाई परामर्श दिइयो। विज्ञहरूको सल्लाहमुताबिक किसानहरूले खेती गर्न थालेको केही वर्षपछि नै कृषि उत्पादनमा वृद्धि भएर माझगाउँमा धान र गैरीगाउँमा गहुँको उत्पादनले प्रसिद्धि कमायो। किसानहरूको जीवनस्तरमा परिवर्तन आउन थाल्यो। किसानहरू जमिनदारकहाँ हली र गोठालो बस्न छोडे।

जमिनदारले यो कुरा थाहा पाए। उनले धान फल्ने माझगाउँमा गहुँ पिस्ने र गहुँ फल्ने गौरीगाउँमा धान कुट्ने मिल स्थापना गरे। किसानहरूलाई आ-आफ्नो उत्पादन बोकेर मिलसम्म पुऱ्याउन ज्यादै गाह्रो हुन थाल्यो। जमिनदारले गाउँले किसानहरूको भेला गराए र माझगाउँ र गैरीगाउँको मिलसम्म गाडी चल्न सक्ने बाटो श्रमदान गरेर खनाए। खनिएको त्यो बाटोमा जमिनदारले मालवाहक गाडी चलाउन थाले। किसानहरू मिलसम्म पुऱ्याउन धान र गहुँ गाडीमा लोड गर्न थाले। जमिनदारले आफूखुसीले गाडी र मिलको भाडा उठाउन थाले, किसानहरू चुपचाप जमिनदारले तोकेको भाडा तिर्न बाध्य भए।

–चित्र कुइँकेल

## आठदेखि तीन



**साप्ताहिक समाचार**

काठमाडौं– कान्तिपथस्थित क्लब १९०५ को परिसरमा सवारी साधन पार्किङ गर्ने ठाउँ थिएन। राति ११ बजेपछि आउनेहरू आफ्ना सवारी साधन सडकमै पार्किङ गरिरहेका थिए। डिजे रुममा एकपछि अर्को गीत बजाइरहेका डिजे बीम्यान पनि डान्स फ्लोरमा नाच्नेहरूको भीड बढ्दै गएपछि दंग परे। एक कलेजका पूर्वछात्राहरूले आयोजना गरेको पार्टी भएकाले होला, नाच्नेहरूमा धेरै युवती नै थिए। राति आठ बजेपछि डिजे बीम्यानले गीत घन्काउन थाले। त्यसपछि उनी लगातार विभिन्न गीत बजाउँदै गए। उनी भन्दै थिए– 'आज सबैभन्दा बढी एट्टिजका हिन्दी तथा अंग्रेजी डान्सिङ नम्बरहरू बजाइन्छ।' बप्पी लहरी, आरडी वर्मन आदिलगायत माइकल ज्याक्सन, मडोना, डोना समरजस्ता असीको दशकका चर्चित संगीतकर्मीका गीतलाई बिम्यानले मिक्स गर्दै प्रस्तुत गरे। १९०५को वातावरण कुनै रात्रि पिकनिक जस्तो थियो। खाने, पिउने र नाच्नेहरू निकै रमाइरहेका देखिन्थे। अधिकांश मानिस नाच्दा पसिनाले निथ्रुक्क भिजेका थिए। 'इनर्जी २००७' शीर्षकमा आयोजित उक्त डान्स पार्टीको व्यवस्था अबिरले गरेको थियो।

## आज मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल



अभिनय, गायन, नृत्य क्यारिकेचर आदि प्रतिभा प्रदर्शन गरेर सोमबार काठमाडौंस्थित नाङ्लो बेकरी धरहरामा मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल २००७ का सहभागीहरूले ट्यालेन्ट उपाधिका लागि प्रतिस्पर्धा गरे। राजधानीका १९ वटा कलेजमा अध्ययनरत १२ जना छात्र तथा १२ छात्रा गरी २४ जना प्रतिस्पर्धी सहभागी रहेको वेभ मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल २००७ प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा आज साँझ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा सम्पन्न हुँदैछ। वर्ल्डकार्प नेपालको सहभागितामा वेभ म्यागजिनको आयोजना तथा प्रशान्त ताम्रकारको कोरियोग्राफीमा सम्पन्न हुने यो प्रतियोगिताका विजेताले अगामी जुलाई महिनामा कोरियामा सम्पन्न हुने मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल २००७ मा नेपालको प्रतिनिधित्व गर्नेछन्। आज सम्पन्न हुने यो प्रतिस्पर्धामा सहभागीहरू नील डेबिडको हेयर स्टाइलिङ र मेकअप तथा आइइसी डिजाइनिङ संस्था एवं श्रेष्ठ टेलरिङ सेन्टरका पहिरनमा सजिएर आफ्नो प्रतिभा, आत्मविश्वास, बौद्धिकता तथा सुन्दरताको परीक्षणमा भिड्नेछन्।

# तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
२. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
३. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
४. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
५. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
६. बुद्धि ठूलो कि बल ? किन ?
७. देशभक्ति के हो ?
८. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
९. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
१०. अहिलेकी सेक्सी नेपाली नायिका को हुन् र किन ?



पैसा, यो भए सबै टेन्सन साफ, अनि भइएन त सन्तुष्ट ।

**हरिन्द्र कार्की** (२२)

म एउटी राम्री युवतीसँग डेटिङमा जाँदा सुखी एवं सन्तुष्ट हुन्छु ।

**पवन त्रिपाठी**, (१७), **नेपालगन्ज**

भन्नै पर्ने..., जँड्याहालाई जाँडले, नेतालाई झूटले, पार्टीलाई बन्दले अनि मलाई चाहिं यिनीहरूको कुरा कोट्याउनाले ।

**कौशल देवकोटा, बर्दिबास**

जब यो देशमा स्थायी शान्ति स्थापना, षड्यन्त्रको खेतीको अन्त्य तथा संविधानसभाको निर्वाचनका साथै गणतन्त्र स्थापना हुन्छ, त्यसैले ।

**उद्धव श्रेष्ठ** (२०), **महांकाल**

सुख र सन्तुष्टि भनेको आफ्नै मनमा हुन्छ । यही कुरा सन्तुष्ट र सुखी बनाउँछ भन्न मिल्दैन ।

**रोशन** (१९), **महोत्तरी**

मलाई परेको काममा सहयोग दिने मेरी प्यारी आमा तथा परिवार एवं साथीहरूबाट ।

**मखन श्रेष्ठ, भिमान**

आजको युगमा पैसा नभई नहुने वस्तु भएकाले सर्वप्रथम अर्थ, त्यसपछि आत्मविश्वास तथा स्वाभिमानले सुखी एवं सन्तुष्ट बनाउँछ ।

**शशिकान्त गुप्ता** (१८), **पर्सा**

हालको परिस्थितिमा देशमा शान्ति तथा सुव्यवस्था भयो भने म अत्यन्त सुखी एवं सन्तुष्ट हुने थिएँ ।

**विनोद खतिवडा, सुनसरी**

आत्मा खुसी तथा कामप्रति सन्तुष्टि छ भने त्यहाँ भन्दा सुखी र सन्तुष्ट हुन गाह्रै पर्ला ।

**प्रेमकान्छा मगर, तानसेन**

आफ्नो जितमा र उनीसँग हुँदा ।

**जयराम भट्टराई, जनकपुर**

पैसाले, पैसा भएपछि जोकोही सुखी हुन सक्छ तर सन्तुष्टि चाहिं किटेर भन्न सक्दिन ।

**प्रकाश श्रेष्ठ** (२०), **सिन्धुली**

गीत-संगीत तथा आफूलाई मनपर्ने मानिसलाई देख्दा ।

**चूडामणि पाण्डे**

मलाई सुखी तथा सन्तुष्ट बनाउने वस्तु आविष्कार नै भएको छैन ।

**ऋषिराम पाण्डेय** (२३), **स्याङ्जा**

परिवारका सदस्यहरूसँगको गफ अनि पुस्तक तथा पत्रपत्रिकाको अध्ययनले मलाई सुखी र सन्तुष्ट बनाउँछ ।

**बालमुकुन्द अधिकारी**

जसलाई माया गर्छु जसले मेरो जीवनको अन्तिम अवस्थासम्म माया दिन्छ उनको मायाले मात्र म सुखी हुन्छु ।

**वीरेन्द्र बस्नेत , अर्घाखाँची**

आफूले गरेका हरेक राम्रा कार्यको सफलताले सुखी र सन्तुष्ट बनाउँछ ।

**नोदनाथ त्रिताल** (२५), **धनकुटा**

सोचे अनुसारको काम पूरा हुँदा ।

**हरिराम दाहाल** (२०) **नयाँवस्ती**

मानिसलाई प्रेम एवं सफलताले सुखी र सन्तुष्ट बनाउँछ भन्ने छैन, असफलताबाट पनि सफलताको बीउ रोप्न सकिन्छ ।

**राना रमेश**

जब म मेरी नानुलाई मेरो समीपमा पाउँछु म उनीसँग माया-प्रेम, सुख-दुःख अनि हामी भविष्यको कुरा गरेर घन्टौं अँगालोमा बाँधिन्छौं त्यही नै मेरो सुख र सन्तुष्टि हो ।

**मनिक**(२४), **गोर्खा**

अरूलाई सहायता दिंदा र मन्दिर जाँदा ।

**मीरा श्रेष्ठ, चाँगु**

आत्मविश्वास र दृढताले ।

**करवीर उदासी** (१९), **रुकुम**

उनको सहारा पाए सुखी र सन्तुष्ट हुन्छु ।

**रामु सिंजाली, स्याङ्जा**

जब म सफल हुन्छु तथा मेरो लगानीको सदुपयोग हुन्छ त्यसैले मलाई सुखी र सन्तुष्ट बनाउँछ ।

**प्रतिमा श्रेष्ठ** (२०), **पोखरा**

म संसारदेखि अघाइसकें अब मात्र अन्तिम चाहना छ चिर निद्रा...।

**कृष्णजी थापा**

जब यात्रा गर्ने अवसर मिल्छ । अझ सुन्दर ठाउँमा जान पाए त क्या मज्जा □

**कमल जिसी** (२३), **खोटाङ**

मेरी उनैलाई सम्झँदा तथा सँगै हुँदा सुखी र सन्तुष्ट हुन्छु ।

**केदार चापागाई** (२०) **पर्वत**

प्रधानमन्त्री वा मन्त्रीको कुर्सीमा पुगेपछि सुखी अनि सन्तुष्ट भइन्छ कि क्या हो ?

**शान्ता गौतम** (२३), **हल्दिबारी, झापा**

तपाईंका यस्तै प्रश्न र मेरो जवाफले सुखी र सन्तुष्ट बनाउँछ ।

**बाबुराम पाण्डे, घोराही, दाङ**

आफ्नो कार्ययोजना अनुरूप मेहनतसाथ गरेको कामको सफलताले मलाई सुखी र सन्तुष्ट बनाउँछ ।

**चिरञ्जीवी रेग्मी** (२३), **कपिलवस्तु**

प्रेमिकाको मायाले ।

**नारायण न्यौपाने, स्याङ्जा**

प्रेमिकाको बोलीले मलाई सुखी र सन्तुष्टि बनाउँछ ।

**गंगाराम न्यौपाने** (१७), **स्याङ्जा**

जब म आफूले सोचेको कुरा पाउँछु तथा ठूला व्यक्तिसँग भेटघाट हुन्छ, तब म बढी सुखी र सन्तुष्ट हुन्छु ।

**प्रेम बराइली**

मलाई आत्मा हुने संगीतले सुखी र सन्तुष्ट बनाउँछ ।

**निरोज भट्टराई**

त्यही त हो, जो कोही पनि आफ्नो सफलतामा सुखी र सन्तुष्ट हुन्छ । तिनै मान्छेको पंक्तिमा पर्छुम पनि ।

**पद्मा सिटौला, इटहरा-९**

प्रेमिकाको एकै नजरले किनकि उसले हेरी भने त म आफै कहाँ छु थाहा हुँदैन ।

**मनोज अधिकारी**

यही भन्ने छैन, कहिलेकाहीं सानो कुराले पनि सन्तुष्टि मिल्छ । कहिले ठूलै कुराले पनि मन शान्त हुँदैन त्यसैले समय र परिस्थिति अनुसार सुख र सन्तुष्टि मिल्छ ।

**शालिग्राम पत्थर, धादिङ**




**प्रश्न : म २६ वर्षीय विवाहित पुरुष हुँ । मेरो एक युवतीसँग लगातार सम्भोग भयो । सबै सम्भोगमा मैले कण्डम प्रयोग गरिनँ, तर पनि वीर्यचाहिँ बाहिरै फालिदिन्थें र एकचोटि स्खलित भएपछि तुरुन्तै फेरि सम्भोग पनि गर्दिनथें । आज आएर उनी गर्भवती भइन् । वीर्य बाहिर फाल्दा पनि गर्भ रहनु अचम्म होइन ? यस विषयमा अनभिज्ञ भएकाले स्पष्ट पारिदिनुहुनेछ भन्ने आशा छ ।**

**– एस. जी.**

**उत्तर : लिंग झिक्ने विधि कति प्रभावकारी ?**

वीर्य स्खलन हुनुभन्दा अघि लिङ्ग योनिबाट झिक्ने विधिलाई अंग्रेजीमा Withdrawal method वा Coitus Interruptus भनिन्छ । प्राकृतिक गर्भनिरोधको यो विधि निकै पहिलेदेखि नै प्रचलनमा छ । योनिमा वीर्य स्खलन हुँदा गर्भ रहन्छ भन्ने तथ्यको जानकारीका साथै सो नगर्दा गर्भबाट बच्न सकिन्छ भनेर प्राकृतिक प्रक्रियाका रूपमा यो विधि प्रयोग गर्ने गरिन्छ ।

सामान्यतया वीर्यस्खलन हुनुभन्दा पहिले आउने रसमा शुक्रकीट नहुने भए पनि विभिन्न कारणले यसको प्रभावकारिता आधुनिक गर्भनिरोधका उपायको तुलनामा न्यून छ । प्रभावकारिताको कुरा गर्दा यो कन्डमको दाँजोमा आउन सक्ने पनि बताइएको छ । उत्तम किसिमले प्रयोग गरे ४ प्रतिशत गर्भ रहने सम्भावना हुन्छ भने सामान्य किसिमको प्रयोगमा १९ प्रतिशत भन्ने कुरा अहिलेका अध्ययनहरूले देखाएका छन् ।

लिङ्ग-योनि मैथुन गरिरहेका जोडीले वीर्यस्खलन हुन लागेको थाहा पाएपछि पुरुषले आफ्नो लिङ्गलाई योनिबाट बाहिर झिक्छ र योनिक्षेत्रभन्दा बाहिर वीर्य स्खलन गराउँछ । यो विधि अपनाउँदा पुरुषले वीर्य स्खलन हुन लागेको कुरा पहिले नै थाहा पाउनु र त्यसैअनुसार लिङ्ग झिक्नु आवश्यक छ । वास्तविक वीर्य स्खलन हुनुभन्दा पनि पहिले पुरुषको लिङ्गबाट आउने रसमा पहिलेका स्खलनको कारणले शुक्रकीट रहन सक्ने भएको हुँदा कहिलेकाहीं समयमै लिङ्ग बाहिर निकाल्दा पनि प्रभावकारी नहुन सक्छ । चरमसुखमा पुग्नै लागेको बेला पुरुष (अनि महिलाको पनि) चेतनशीलता केही रूपमा भए पनि धमिलिन सक्छ र त्यति बेलाको क्रियाकलापमा चेतनमनको नियन्त्रण नहुन सक्छ । चरमसुख पाउन लागेको बेलामा अझै भित्र लिङ्ग प्रवेश गराउने चाहना हुन्छ त्यसैले पर्याप्त समय हुँदै लिङ्ग बाहिर निकालेर योनि वा योनिक्षेत्रमा वीर्य झर्न नदिन 'भन्न जति सजिलो छ गर्न त्यति नै गाह्रो' छ । कतिपय मानिस त्यसमा पनि विशेष गरी किशोरहरूलाई आफ्नो वीर्य कतिखेर स्खलन हुन्छ भन्ने कुरा समेत थाहा पाउन गाह्रो हुनसक्छ । अर्को कुरा हामीले अचेल यो कुरा पनि बिर्सनु हुँदैन, यसले यौनरोग तथा एच.आई.भी.जस्ता संक्रमणबाट बचाउँदैन ।

**गर्भ कसरी रह्यो ?**

कुनै महिला गर्भवती हुनका लागि पुरुषको शुक्रकीट र महिलाको डिम्बको मिलन भएकै हुनुपर्छ । कृत्रिम गर्भाधानको कुरा नगर्ने हो भने यौनसम्पर्क नै यस्तो स्थितिसम्म पुऱ्याउने क्रियाकलाप हो । तपाईंले प्रयोग गर्नुभएको विधिको प्रभाकारिता उच्च नभएकाले यो गर्भ तपाईंसँगकै यौनसम्पर्कका कारणले हुनसक्छ । तपाईंले उक्त युवती तथा आफूबीचको सम्बन्धका बारेमा लेख्नुभएको छैन र तपाईं किन उक्त गर्भलाई आफ्नो मान्न तयार हुनु हुन्न भन्ने कुरा पनि स्पष्ट छैन । हुनसक्छ, तपाईं बाहेक अन्य व्यक्तिसँगको सम्बन्धका कारणले पनि गर्भ रहन गएको होस् ।

पितृत्व विभिन्न कारणले विवादास्पद हुन्छ । वैवाहिक सम्बन्धभन्दा बाहिरको सम्बन्धवाट शिशु जन्मिएको आरोप लगाई जन्मिएको शिशुलाई आफ्नो मान्न पुरुष तयार नभए वा यदि शिशु गैरकानुनी तवरबाट जन्मियो र उक्त शिशुको आमाले कुनै पुरुषलाई शिशुको पिता हो भनी आरोप लगाइन् तर पुरुष उक्त कुरा मान्न तयार नभए विवाद उत्पन्न हुन्छ । स्पष्ट रूपमा नभनिए पनि यहाँ तपाईं दोस्रो परिस्थितिमा हुनुभएको संकेत छ । शंका छ भने तपाईंले DNA (Deoxyribonucleic acid) परीक्षण गरेर पितृत्व पक्का गर्न सक्नुहुन्छ । नास्टले यसको परीक्षण सुरु पनि गरिसकेकाले नेपालीलाई पनि अहिले सजिलो भएको छ ।

**विवाहबाहिरका सम्बन्ध**

विवाहपछि वैवाहिक सम्बन्धभित्र मात्रै यौनसम्पर्क सिमित रहोस् भनेर अपेक्षा गरिन्छ, तर यथार्थमा सबै दम्पतीमा त्यस्तो हुँदैन । विभिन्न कारणवश विवाहभन्दा बाहिर अर्थात् विवाहेत्तर सम्बन्ध राख्न पुग्छन्, तर यसरी विवाहभन्दा बाहिर सम्बन्ध भए तपाईंले पनि त्यसको कारण केलाउनुपर्ने हुन्छ । अनेक बन्देजका बाबजुद किन कुनै व्यक्तिले विवाहेत्तर सम्बन्ध राख्छन् भन्ने कुरामा भिन्न मतहरू छन् । कतिपय घटना सांयोगिक मात्रै हुनसक्छ भने कतिपयमा गहिरो प्रणयपूर्ण सम्बन्धको परिणाम । सक्षम वंशाणुलाई सन्तानमा सार्ने जैविक आवश्यकताको कुरा पनि छ ।

अर्कातिर विवाहेत्तर सम्बन्ध वैवाहिक जीवनमा भैरहेको अन्तरनिहित समस्याको लक्षण पनि हुनसक्छ । एउटै व्यक्तिसँगको सम्बन्धमा सन्तोष प्राप्त गर्न नसक्नु, सम्बन्ध प्रेममय रहन नसक्नु, प्रेमयुक्त सम्बन्धमा बाँधिन चाहनु, भावनात्मक प्रगाढतामा बाँच्न चाहनुजस्ता कुराले कुनै नयाँ सम्बन्ध स्थापित गर्न प्रेरित गरिरहेको हुनसक्छ । दम्पतीबीच एकअर्काको भावनालाई सम्मान नगर्नु, बेवास्ता गरिएको अनुभूति हुनु, यौन नैराश्यताले ग्रसित हुनु, उनीहरूमाझ साथै बस्ने चाहना नहुनु, भावनात्मक अन्तरङ्ग सम्बन्ध नहुनु जस्ता कुराले वैवाहिक सम्बन्धभन्दा बाहिरको सम्बन्धतर्फ डोऱ्याउँछ ।

सामान्यतः विवाहेत्तर सम्बन्धलाई समाजले दण्ड दिएको पाइन्छ । यस्ता दण्ड दिने कुरामा स्थानीय संस्कृति, धर्म, पारिवारिक मूल्य-मान्यताअनुसार फरक पर्न सक्ने भए पनि समाजले यसप्रति प्रदर्शन गर्ने धारणा अनि दण्ड नकारात्मक नै हुन्छ । नेपालमा पनि यस्ता सम्बन्धलाई गैरकानुनी वा अनैतिक मानिन्छ । यहाँ पुरुष र महिलामा विवाहतेर सम्बन्धलाई लिएर केही असमानता देखिन्छ । यस्ता सम्बन्धका कुरा खुल्दा व्यक्तिगत रूपमा पनि त्यसले अनेक समस्या निम्त्याउँछ । आशा गर्छु, यस विषयमा तपाईं सजग हुनुहुन्छ ।

# समर शैली स्लिभलेसको








गर्मीको उष्णतासँगै छिटोछरितो र शीतलता प्रदान गर्ने पहिरनको खोजी हुनु स्वाभाविक भएकाले स्लिभलेस पहिरन त्यही खोजीको प्राप्ति बन्न पुगेको छ । हिजोआज स्लिभलेस पहिरन वैशालु यौवनादेखि कामकाजी महिला र गृहिणीसम्म पनि उत्तिकै लोकप्रिय भएको देखिन्छ । जहाँ वैशले मस्त यौवनाहरू ट्याङ्क टप, स्पेगेटी, क्यामिसोल, हल्टर, टर्टल फल, अफ सोल्जरलगायत विभिन्न डिजाइन र नेकलाइनयुक्त स्लिभलेस टीसर्टमा ग्ल्यामरस देखिने बहाना खोज्छन् त्यहीं कुर्ता-कुर्ती र साडीका साथमा सुहाउँदो स्लिभलेस ब्लाउज कामकाजी महिला तथा गृहिणीहरूको रोजाइ बन्न पुगेको पाइन्छ । घरमा लगाउने म्याक्सी होस् वा नाइट गाउन, वन पिस पहिरन होस् वा पार्टी गाउन्, रुटिन चुँडीदार वा पटियाला शैलीको सलवारका साथमा कुर्ता-कुर्ती होस् वा साडीका साथमा सुहाउँदो ब्लाउज, टप वा चोली स्लिभलेस शैली कतिपय महिलाको समर ड्रेस कोड बन्न पुगेको महसुस हुन्छ ।

गर्मीमा बाहुला भएको पहिरन लगाउँदा पसिनाको समस्या हुने, पसिनाले गर्दा कपडा शरीरमा टाँस्सिने, पसिनाको दुर्गन्धले गर्दा सम्पूर्ण व्यक्तित्वलाई नै असर पुऱ्याउने भएकाले स्लिभलेस अर्थात् बाहुलारहित पहिरनको माग बढेको देखिन्छ । स्लिभलेस पहिरनमा आकर्षक देखिनुका साथै कम्फोर्टको हिसाबले पनि यो धेरै राम्रो भएको ठहर छ- १९ वर्षीया अंशुको । अंशुकै समूहमा सँगै हिँड्ने दीपा, अंकिता, जस्मिन, सोभना आदि सबैलाई यो गर्मीमा बाहुलारहित पहिरनले नै लोभ्याएको छ । जहाँ जस्मिन र सोभना ऱ्यापिङ स्कर्टमा स्लिभलेस टीसर्टको जोडा मिलाएर लगाउन मनपराउँछन्, त्यहीं दीपा भने स्लिभलेस कुर्तीमा बढी कम्फोर्ट महसुस गर्ने बताउँछिन् । अंकिता भने समय र वातावरणअनुरूप क्याजुएल, फर्मल-सेमिफर्मल पहिरन लगाउँछिन् तर टिसर्ट, कुर्ता होस् वा ब्लाउज स्लिभलेस शैली उनको पहिलो रोजाइ हुन्छ यो गर्मीमा ।

राजधानीस्थित एक गैरसरकारी संस्थामा काम गर्ने ३२ वर्षीया प्रेरणा पनि गर्मीमा स्लिभलेस सजिलो हुने बताउँछिन् । बाहुला भएको पहिरनमा बाहुला चाँडै मैलो हुने, भाँडाकुँडा धुँदा, पखाल्दा भिज्ने आदि समस्या रहन्छ तर स्लिभलेस लगाउँदा ती झन्झट बेहोर्नु पर्दैन । स्लिभलेस एक हिसाबले शरीरका लागि एयरकुलर वा कन्डिसनर जस्तै हो, उनी बताउँछिन् । बाहुला भएका पहिरनलाई जहाँ पुरानो फेसनका रूपमा लिन थालिएको छ त्यहीं स्लिभलेस आधुनिक फेसन शैलीको पर्यायवाची बन्न पुगेको छ ।

गर्मीमा शीतलता प्रदान गर्ने, लगाउँदा आकर्षक देखिने र व्यक्तित्वलाई बोल्ड एवं ग्ल्यामरस लुकसमेत दिने भएकाले स्लिभलेस पहिरनप्रति युवापुस्ताको झुकाव बढेको देखिन्छ । एकातिर फुल स्लिभ, क्वाटर स्लिभ, हाफ स्लिभ लगाउँदा-लगाउँदा दिक्क भएकाहरूका लागि स्लिभलेस क्रान्तिकारी परिवर्तन हुनसक्छ । यो आफ्ना स्वस्थ एवं सुन्दर पाखुरा प्रदर्शन गर्न आतुर षोडसीहरूका लागि अवसर पनि सावित भएको छ ।

युवतीहरूका लागि मात्र नभएर हेल्थ क्लब, जिम क्लब आदि धाएर आफ्नो शरीरलाई तन्दुरुस्त राख्न रुचाउने युवा जमातलाई आफ्नो बलिष्ठ पाखुरा, बाइसेप, ट्राइसेप प्रदर्शन गर्ने उपाय पनि स्लिभलेस टिसर्टले प्रदान गरेको छ तर जसरी नुन, बेसार, खुर्सानीलगायत अन्य मरमसलाको सही संयोजन र प्रयोग मिलेन भने अचार, तरकारी आदि स्वादिष्ठ बन्दैन त्यसरी नै केही कुरालाई ध्यानमा नराखी स्लिभलेस पहिरनलाई अँगाल्दा आकर्षक देखिनुको साटो अनाकर्षक एवं भद्दा देखिने सम्भावना हुन्छ । अत: स्लिभलेस लगाउनुपूर्व केही कुरामा ध्यान दिनु आवश्यक छ ।

स्लिभलेस लगाउनुपूर्व सबैभन्दा पहिले आफ्नो शारीरिक बनावटमा ध्यान दिनुपर्छ । यदि फिगर पर्फेक्ट छ, सुन्दर एवं स्वस्थ छ भने स्लिभलेस पहिरनले सुन्दरतामा थप सुगन्ध सञ्चार गर्छ तर यदि शरीर मोटो छ भने बाहुलारहित ब्लाउज, कुर्ता वा टिसर्टले भद्दा रूपमा प्रस्तुत गर्ने सम्भावना बढी रहन्छ तर पनि स्लिभलेसप्रति मोह छ भने पाखुरीलाई केही हदसम्म पारदर्शी, सादा पछ्यौरीबाट छोप्न सकिन्छ । कट नभएका स्लिभलेसको प्रयोग पनि राम्रो हुन्छ ।

स्लिभलेस पनि एकै किसिमको मात्र हुँदैन । स्लिभलेस राउन्ड, ओभल, स्क्वायर, स्वीट हर्ट, एसिमेट्रिल, सिमेट्रिल आदि विविधतापूर्ण नेकलाइनयुक्त हुन्छन् । नेकलाइनअनुरूप नै अन्डर आर्म धेरै वा थोरै देखिने हुन्छ । स्लिभलेस चाहे कुर्ता होस् वा ब्लाउज, टीसर्ट होस् वा वन पिस पहिरन नै किन नहोस् तिनलाई प्रयोग गर्नुपूर्व आफ्नो काखीमुनिको रौं हटाउनु आवश्यक हुन्छ । यसका लागि वेक्सिङ, सेभिङ, थ्रेडिङ आदि विधि अपनाउन सकिन्छ, साथै पाखुरीमा पनि वेक्सिङ गराउनुपर्छ, जसले गर्दा सुन्दर सौम्य र सफा पाखुराले व्यक्तित्वमा अझ बढी निखार ल्याओस् । अन्डर आर्म ग्रोथलाई हटाइएन भने स्लिभलेस लगाउनुको अर्थ भद्दापनलाई निम्त्याउनु सरह हुन्छ । यसका साथै पसिनाको दुर्गन्ध र किटाणुको सङ्क्रमणका कारण आफ्नो सम्पूर्ण व्यक्तित्वमै नकारात्मक असर पुऱ्याउने सम्भावना हुन्छ ।

टेलकम पाउडर र असल खालको डियोडरेन्ट प्रयोग गर्नु पर्नुपर्छ । काखीतिर बढी पसिना आउने भएकाले पसिनाको दुर्गन्धबाट बच्न डियोडरेन्ड प्रयोग गर्न सकिन्छ । यदि बढी नै पसिना आउँछ भने एन्टिपर्सपियरेन्ट्स प्रयोग गर्न सकिन्छ । पानीमा गुलाबजल वा युडिकोलोन मिसाएर नुहाउनाले दिनभर ताजा र स्फूर्त रहनुका साथै पसिनाको दुर्गन्धबाट पनि बच्न सकिन्छ ।

स्लिभलेस पहिरन लगाएर घाममा हिँड्दा सनबर्न हुने भएकाले बाहिर जानुपूर्व आफ्नो छालाअनुसार एसपीएफ-१५ युक्त स्नस्क्रीन लोसन वा सन ब्लक क्रिम प्रयोग गर्नु उचित हुन्छ । यसैगरी नियमित रूपमा मोइस्चराइजिङ क्रिम तथा बडी लोसन पनि उपयुक्त मानिन्छ । घाममा हिँड्दा छाता प्रयोग गर्नुपर्छ । सकेसम्म मध्य दिनको घाममा नहिँड्नु नै राम्रो हुन्छ । पाखुराको मांशल प्रदर्शन गर्नुभन्दा त्यसलाई टोनिङ गर्नु राम्रो हुने भएकाले उपयुक्त व्यायाम गर्नुपर्छ ।

स्लिभलेस परिधानको सुन्दरता यसैमा छ कि यसको प्रयोगबाट व्यक्तित्व मनमोहक देखियोस्, तर यो मोह तब भंग हुन्छ जब अन्तर्वस्त्रको स्ट्राइप पहिरनबाट झल्कन्छ । भित्री पहिरन देखिनु अशोभनीय मात्र हुँदैन, कयौं अवस्थामा यसले नकारात्मक परिस्थिति समेत सिर्जना गर्न सक्छ ।

कामकाजी महिलाहरूले उल्लेखित कुरामा अझ बढी सतर्क हुनुपर्छ । अन्यथा कार्यस्थलमै छवि खराब हुनसक्छ, अर्थात् जुन स्लिभलेसबाट आकर्षक एवं ग्ल्यामरस देखिन सकिन्छ, अलिकति लापरबाहीका कारण भद्दा र भल्गर देखिने सम्भावना हुन्छ । अत: ब्लाउज, कमिज, कुर्ता आदिमा सोल्जर हुक लगाउनु आवश्यक छ । साथै नेकलाइनमा पनि ध्यान दिनुपर्छ, जसले गर्दा ब्राको स्ट्राइप कपडाबाट बाहिर नदेखियोस् । ब्लाउज वा टीसर्टको डीप नेक र लम्बाइमा पनि पर्याप्त विचार पुऱ्याउनुपर्छ ।

**– रोजिन शाक्य**

# नयाँ सोच् बनाउनुहोस





पहिरन यस्तो हुनुपर्छ, जसको प्रशंसा गर्न मानिसहरू बाध्य हुन् । यस्ता पहिरनले शरीरको अंग आकर्षक देखिन मद्दत गरोस् । पहिरनले भद्दा वा कुरूप अङ्ग छोप्न तथा आकर्षक अङ्ग देखाउन मद्दत गर्नुपर्छ । यसका लागि सेलिब्रेटीहरूको नक्कल गर्नुपर्छ भन्ने छैन । किनकि सबैको शरीरिक बनावट सेलिब्रेटी जस्तो हुँदैन । समाजमा यस्ता धेरै व्यक्ति भेटिन्छन् जसको संसार चलचित्रको पर्दाबाट सुरु हुन्छ र त्यसमै समाप्त हुन्छ । उनीहरू वास्तविक संसार भन्दा टाढा हुन्छन् । उनीहरू नक्कल गर्नु नै फेसन हो भन्ने मान्छन् । यद्यपि वास्तविकता त्यसो होइन ।

फेसनको अर्थ आधुनिक पहिरनद्वारा व्यक्तित्वलाई अझ निखार्नु हो । स्नातकोत्तर प्रथम वर्षमा अध्ययनरत मनिषा पोखेल भन्छिन्- 'टाइट जिन्स, पातलो स्ट्रेप भएको टप, स्ट्रेप भएको ब्लाउज जस्ता पहिरन विद्यालयको पोसाकजस्तै भएका छन् । हामी हिरोइन तथा मोडलको नक्कल गर्दागर्दै आफ्नो पहिचान हराइरहेका छौं ।' पोखेलका अनुसार आजभोलीका युवा कलेज ड्रेसमा माथिको टाँक बिगार्ने, पेन्टलाई जिन्स स्टाइलमा ढाल्ने काम गर्छन् ।' डिजाइनरको कन्सेप्टलाई बेवास्ता गर्दा असजिलो महसुस हुनुका साथै फिटिङ पनि नदेखिने धारणा फेसन डिजाइनर तरुणिका महतोको छ ।

फेसन गर्नुपर्छ किनकि फेसन हाम्रो जीवनको अनिवार्य पाटो हो तर फेसनका नाममा कसैको नक्कल गर्नुहुँदैन । फेशनमा आफ्नोपन आवश्यक छ । परिहनमा केही कुरा होस् जसलाई देख्दा लागोस् कि त्यसले सम्बन्धित व्यक्तिको व्यक्तित्व बढाएको छ । यदि गलबन्दीको साटो स्कार्फ फेसनमा आउँछ भने स्कार्फ लगाउनु उपयुक्त हुन्छ । नक्कलका लागि पनि अक्कल आवश्यक हुन्छ । ऐश्वर्या रायले चलचित्रको पर्दामा लगाएको पहिरन लगाउने बित्तिकै कोही उनीजस्तो सुन्दर एवं स्मार्ट हुन सक्दैनन् । पर्दाको जिन्दगी र बाहिरी जिन्दगीमा फरक हुन्छ । केही पहिरन क्यामेरा अगाडि मात्र राम्रा देखिन्छन् । क्यामेरामा चम्किलो रंग प्रयोग हुन्छ । दैनिक प्रयोगमा हल्का रंग प्रयोग गर्नु उपयुक्त हुन्छ । केही वर्ष अघिसम्म पनि विवाहमा सुटमात्र लगाउनुपर्ने परिपाटीलाई तोड्दै सेरवानीको प्रयोग हुन थालेको छ । यो राम्रो प्रयोग हो तर सेरवानी सबैलाई सुहाउँछ भन्ने छैन । आजभोलिका फिल्मी नायिकाहरूको पहिरन यति पारदर्शी अनि यति छोटो हुन्छ कि कसैले त्यसको प्रयोग सार्वजनिक स्थलमा गऱ्यो भने ऊ हाँसोको पात्र हुन्छ । पहिरन प्रयोग गर्नुपहिले आफ्नो शारीरिक संरचनामा ध्यान दिनु आवश्यक छ । पातलो स्ट्रेप्स भएको टप, ब्याकलेस स्ट्रेप भएको ब्लाउज, कम्मरभन्दा मुनि पेन्ट वा साडी लगाउन शरीर सन्तुलित हुनुपर्छ । पहिरन चयन गर्दा आफ्नो शारीरिक संरचनालाई बेवास्ता गर्नुहुँदैन । फेसनको दुनियाँमा बढ्दो पातलो कपडा, ब्याकलेस, पेट वा नाइटो देखिने पहिरनको चलन बढ्दो छ तर यस्ता पहिरन सबैलाई सुहाउँदैन ।

विवाह उत्सव होस् वा कुनै सामाजिक समारोह कतिपय महिलाले ब्याकलेस तथा लो-नेक लगाएको पाइन्छ । सबैलाई यही पहिरन सुहाउँछ भन्ने छैन । आफूलाई के सुहाउँछ थाहा नै नपाई मोटो शारीरिक बनावट भएका कतिपय महिलाले सिफनको साडी र छोटो ब्लाउज लगाउँछन् । शरीरको महत्वपूर्ण अङ्गलाई देखाउने टाइट जिन्स तथा सानो नाइटो देखिने टप कोर्सेट ब्लाउज, बेनुन स्कर्ट लगाउनु पनि सामान्य कुरा हो तर यस्ता पहिरन पनि खास शरीरिक बनावटलाई सुहाउँछन् । मोटो शरीर भएका युवतीहरूलाई यस्तो पहिरन सुहाउँदैन । चर्चित फेसन डिजाइनर तरुणिका महतो भन्छिन्– 'फेसनको युगमा स्मार्ट देखिन आफूमा ड्रेस सेन्स हुनुपर्छ । फेसन डिजाइनर महतोका अनुसार अवसर, शारीरिक बनावट, संस्कृति, मौसम एवं बजेटअनुसार ड्रेस डिजाइन गर्नुपर्छ । पार्टी वेयरलाई सपिङमा वा क्याजुयल वेयरलाई पार्टीमा लगाउँदा पक्कै पनि व्यक्तित्वमा नकारात्मक असर पर्छ ।

**–संगीता कटुवाल**

# खेलकुद फेरि एकपटक विवादमा





काठमाडौं– राष्ट्रिय खेलकुद परिषद्ले दुई साताअघि पाँचवटा खेलकुद संघ विघटन गरेपछि नेपाली खेलकुद फेरि एकपटक विवादमा परेको छ। परिषद्ले नेपाल सुटिङ संघ, नेपाल विलियर्ड्स एन्ड स्नुकर संघ, नेपाल आर्चरी संघ, नेपाल ह्यान्डबल संघ तथा नेपाल खोखो संघलाई विघटन गरेको थियो। सदस्य-सचीव जीवनराम श्रेष्ठले प्रतिगामीको अवशेषका रूपमा रहेका कारण ती संघलाई विघटन गरेको बताए पनि वर्तमान घटनाक्रमले श्रेष्ठको तर्क लाई बेतुक सावित गरिसकेको छ।

विघटित नेपाल ह्यान्डबल संघलाई यसअघि पूर्वसदस्य-सचिव किशोरबहादुर सिंहले विघटन गर्ने निर्णय गरे पनि अन्तर्राष्ट्रिय ह्यान्डबल महासंघ तथा एसियाली ह्यान्डबल महासंघले राजनैतिक हस्तक्षेप नगर्न चेतावनी दिएपछि विघटनको निर्णय फिर्ता लिइएको थियो। विघटित संघहरू नेपाल ओलम्पिक कमिटीको निर्वाचनलाई अवैध ठहर गर्दै त्यसको विरुद्धमा थिए।

नेपाल सुटिङ संघले दिएको उजुरीअनुसार पुनरावेदन अदालत पाटनले निर्वाचन स्थगित गर्ने आदेश दिए पनि सो आदेशको बेवास्ता गर्दै निर्वाचन भएको थियो। परिषद्को पछिल्लो निर्णयविरुद्ध सुटिङ संघले फौजदारी अभियोग लगाउँदै मुद्दा दायर गरेको छ। अदालतको आदेशको अवज्ञा गर्नु नै फौजदारी अपराध भएको दावी संघको छ। ह्यान्डबल संघले भने ओलम्पिक कमिटीको निर्वाचनविरुद्ध अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा उजुरी गरेको छ।

गत कात्तिक महिनामा भएको राष्ट्रिय खेलकुद परिषद्को बोर्ड बैठकको निर्णयपछि परिषद्का हरेक गतिविधीलाई नजिकबाट हेर्नेहरूले भने अहिलेको गतिविधिलाई त्यति आश्चर्यजनक मानेका छैनन्। 'नियम-कानुन नमान्ने र अदालतलाई समेत नटेर्नेहरूले अरू कुनै पनि गलत कार्य गर्न नहिचकिचाउनु स्वाभाविक हो।' विघटित सुटीङ संघका अध्यक्ष किशोर कार्की तथा आर्चरी संघका अध्यक्ष राजु गुरुङले बताए।

२०६३ साल असोज २४ गते परिषद्को ५४ औं बोर्ड बैठकले १५ संघको निर्वाचन बदर गर्ने निर्णय गरेको थियो। सोही बैठकले ओलम्पिक रोडम्यापमा परेका संघहरूको हकमा रोडम्यापअनुसार अघि बढ्ने र अन्य संघको तीन महिनाभित्रमा निर्वाचन सम्पन्न गरी सक्ने निर्णय गरेको थियो। निर्वाचन बदर भएका संघको हकमा तत्कालीन संघलाई तदर्थ कमिटीको हैसियतमा राख्ने निर्णय गरिएको थियो। उक्त निर्णय हेर्दा हेर्दा यथास्थितिवादी देखिए पनि आफैले गरेको निर्णयका विरुद्ध आफै प्रस्तत हुने परिषद्को चरित्रका कारण नेपाली खेलकुदमा एकपछि अर्को विवाद देखिँदै आएको छ। तीन महिना निर्वाचन गर्ने समय भए पनि सात महिनासम्म कुनै पनि संघको निर्वाचन भएको छैन।

पछिल्लो विवादको केन्द्रविन्दु भने सुटिङ संघको आधिकारिकता नै हो। चार महिनाअघि ओलम्पिक कमिटीले पुष्पदास श्रेष्ठलाई अध्यक्षका रूपमा स्वीकार गर्दै एक कार्यक्रमको आयोजना गरेपछि विवाद बढ्दै गएको हो। एक दिन पछि नै परिषद्ले कार्कीलाई अध्यक्षमा यथावत् रहेको पत्र थमायो। यो विवाद ओलम्पिक कमिटीको निर्वाचनमा फेरि बल्भि्कयो। कार्की अदालतको सरणमा पुगेपछि अदालतले स्थगनको निर्णय त गऱ्यो तर सुटिङ संघको प्रतिनिधि उपस्थित नभए पनि ओलम्पिक कमिटीको निर्वाचन भएरै छाड्यो।

निर्वाचनमा ध्रुवबहादुर प्रधान, जीवनराम श्रेष्ठ र गणेश थापाका बीचमा अस्वाभाविक समन्वय कायम भएपछि सधैं ओलम्पिक कमिटीको आलोचना गर्ने गणेश थापाका प्रियपात्र धीरेन्द्र प्रधान ओलम्पिक कमिटीको सदस्यमा निर्वाचित भए। उक्त गठबन्धनको विरुद्धमा रहेका वा आवश्यक अवस्थामा कानुनी उपचार खोज्ने क्रममा रहेका संघहरू अहिले विघटनको मारमा छन्। पछिल्लो समयमा बुद्धिचाल संघका अधीकांश सदस्यले संघबाट राजीनामा गरे भने भलिबल संघलाई विघटन गर्ने तयारी भैरहेको बताइन्छ।

# बदला लियो काठमाडौंले

काठमाडौं– १९ वर्षमुनिको विश्वकप क्रिकेट र सोही उमेर समूहको एसीसी क्रिकेट च्याम्पियनसिपका लागि खेलाडी छनौट गर्न आयोजित क्रिकेट प्रतियोगितामा काठमाडौं विजयी भएको छ। १९ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा क्षेत्र नम्बर ३ काठमाडौंले क्षेत्र नम्बर ४ भैरहवालाई पराजित गरेको थियो।

दुई पटकको विजेता भैरहवा तथा गत वर्षको प्रतियोगितामा भैरहवाबाट पराजित काठमाडौंबीच भएको फाइनल खेल वर्षाले प्रभावित भएपछि खेललाई २६ ओभरमा सीमित गरिएको थियो। टस जितेर पहिले व्याटिङ गर्न उत्रिएको काठमाडौंले २२ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर १ सय १० रन मात्र बनाएको थियो। प्रतिउत्तरमा भैरहवाले २५ ओभरमा ९४ रन मात्र बनाउन सक्यो।



गत वर्ष भोगेको पराजयको बदला लिँदै काठमाडौंले भैरहवालाई १४ रनले पराजित गऱ्यो। पहिले व्याटिङ गर्न उत्रिएको क्षेत्र नम्बर ३ काठमाडौंले प्रारम्भिक ब्याट्सम्यानलाई सस्तैमा गुमाउनुपरेपछि दबाब सहनुपरेको थियो। कप्तान पारस खड्का तथा शरद भेषवाकरले टिकेर खेलेपछि काठमाडौं रन बटुल्न सफल भएको थियो। पारस व्यक्तिगत २० रन बनाउँदै शरदसँग चौथो विकेटका लागि ४५ रन जोडेर पेभिलियन फर्किए। यसैगरी भैरहवाका अमृत भट्टराईको बलमा आउट हुने क्रममा शरदले सर्वाधिक ५२ रनको योगदान दिए।




प्रतिउत्तरमा मैदानमा उत्रिएको भैरहवाको पनि सुरुवात राम्रो रह्यो। काठमाडौंले राखेको चुनौती भैरहवाले सजिलै पार गर्ने अनुमान गरिए पनि प्रारम्भिक चरणमै ठूलो धक्का सहनुपऱ्यो। काठमाडौंका कप्तान पारस खड्का ४ विकेट लिए भने शरद र रोम श्रेष्ठले २-२ विकेट लिए।

कीर्तिपुरस्थित क्रिकेट मैदानमा सम्पन्न उक्त प्रतियोगिता लिगका आधारमा सञ्चालन भएको थियो। क्षेत्र नम्बरको आधारमा टिम निर्धारण गरिएको यो प्रतियोगितामा क्षेत्र नम्बर १ विराटनगर, क्षेत्र नम्बर २ वीरगन्ज, क्षेत्र नम्बर ३ काठमाडौं, क्षेत्र नम्बर ४ भैरहवा, क्षेत्र नम्बर ५ नेपालगन्ज र क्षेत्र नम्बर ६ बैतडीले सहभागिता गरेका थिए।

उक्त प्रतियोगितामा विराटनगर आफ्नो अन्तिम खेलमा बैतडीलाई १४ रनले पराजित गरेर सेमिफाइनलमा प्रवेश गरेको थियो। यसैगरी भैरहवा र नेपालगन्जले वीरगन्जलाई र काठमाडौंले विराटनगरलाई पराजित गरेर सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरेका थिए। सेमिफाइनलमा काठमाडौंले नेपालगन्जलाई ७२ रनले र भैरहवाले विराटनगरलाई ७३ रनले पराजित गरेर फाइनलको यात्रा तय गरेका थिए।

यो प्रतियोगिताको उपाधि क्षेत्र नम्बर ३ काठमाडौंलाई जिताउन प्रमुख भूमिका निर्वाह गरेबापत शरद भेषवाकरलाई म्यान आफ दि फाइनलबापत ५ हजार रुपैयाँ तथा प्रतियोगितामै उत्कृष्ट प्रदर्शन गरेबापत म्यान अफ दि सिरिजका लागि १५ हजार रुपैयाँ पुरस्कार प्रदान गरियो। प्रतियोगितामा क्षेत्र नम्बर ४ भैरहवाका अन्तिम थापा तथा विराटनगरका सन्तोष बरालले क्रमशः बेस्ट ब्याट्सम्यान र बेस्ट बलरको उपाधिसहित १०/१० हजार रुपैयाँ पुरस्कार पाए।

# विराटनगरमा अन्तर्राष्ट्रिय रंगशाला

विराटनगर- योजना बनेर पनि झन्डै ६ वर्षदेखि सेलाएको अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण गर्ने योजनाको चर्चा फेरि हुन थालेको छ। विराटनगरसँग जोडिएको मोरङको झापाबैजनाथपुर गाविसमा अन्तर्राष्ट्रिय स्तरको खेलमैदान निर्माण गर्न ६ वर्षअघि १५ बिघा जग्गा मोरङ खेलकुद विकास समितिको नाममा खरिद गरिएको थियो। ८० लाखमा जग्गा खरिद गरेलगत्तै १० करोडको लागतमा ३० हजार दर्शक क्षमता भएको रंगशाला निर्माण गर्ने योजना बनेको थियो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला पछिल्लो पटक गृहनगर विराटनगर आएपछि अन्तर्राष्ट्रिय स्तरको खेलमैदान बन्ने आशा खेलप्रेमीहरूमा पलाएको छ। खेलकुदसँग सम्बद्ध व्यक्तिहरूको एक टोलीले प्रधानमन्त्री कोइरालासँग भेट गरी योजना अधुरै रहेको विषयमा ध्यानाकर्षण गराएपछि रंगशाला बन्ने सम्भावना देखिएको हो। रंगशाला निर्माणका लागि अन्तर्राष्ट्रिय जगत्कै सहयोग माग्ने कोइरालाले बताएको हल्ला फैलिएपछि झापाबैजनाथपुरका बासिन्दाहरू पनि हर्षित देखिएका छन्।

खेलकुदले खरिद गरेदेखि उक्त जग्गा बैजनाथपुरबासीका लागि राम्रो गौचरन भएको थियो। फराकिलो चौर भएकाले आसपासका बासिन्दाहरूले त्यहाँ गाईवस्तु चराउँदै आएका छन्। दक्षिण एसियाली खेलकुदका लागि पनि विराटनगर एउटा केन्द्र हुने सम्भावना देखेर यहाँका खेलप्रेमीहरू अन्तर्राष्ट्रिय खेलमैदान निर्माणमा उत्साहित देखिएका छन्। खेलमैदानमा क्रिकेट स्टेडियम, फुटबल मैदानसहितको एथलेटिक्स स्टेडियम, बहुउद्देश्यीय कभर्ड हल, स्वीमिङ पुल एकै ठाउँमा बनाउने परिकल्पना छ। रंगशाला निर्माण समितिका अध्यक्ष सुधीर अर्यालले यी सबै निर्माण गर्न सम्पन्न ५० करोड खर्च हुने बताए। यस प्रकारको रंगशाला नेपालमा पहिलो र एक मात्र हुने बताइएको छ। प्रारम्भिक चरणको निर्माण कार्यमा मात्रै १० करोड रुपैयाँ खर्च हुने अनुमान छ।

राष्ट्रिय खेलकुद परिषद्का तत्कालीन सदस्य तथा पूर्वाञ्चल खेलकुद विकास समितिका पूर्वअध्यक्ष अर्यालका अनुसार विराटनगर उपमहानगरपालिकाले तीन वर्षअघि रंगशालाको घेराबेरा गरिदिने तयारी गरे पनि उक्त कार्य हालसम्म हुन सकेको छैन। पञ्चायतकालमै उपभोक्ताले काठ खरिद गरेबापत शुल्क दिएर जम्मा भएको रकमबाट रंगशाला निर्माण गर्ने परिकल्पना गरिएको थियो।

वन मन्त्रालयअन्तर्गत सुविधाको काठ उपलब्ध गराएबापत आपूर्ति समितिले निश्चित रकम लिएर बेग्लै कोषमा जम्मा गरेको थियो। काठ विक्रीबापत जम्मा भएको ७० लाख रुपैयाँमा सरकारले १५ लाख थप गरिदिएपछि सोही रकमबाट जग्गा खरिद गरिएको थियो। रंगशाला निर्माण समितिको कोषमा अझै पनि २२ लाख रुपैयाँ छ।

–कमल रिमाल

## पानीमुनि गल्फ



धनी मानिसहरू पैसा खर्च गरेर विभिन्न रोमाञ्चक कार्य गर्न रुचाउँछन् भन्ने मान्यता सबैमा छ। यही भएर होला, अहिले मानिसहरूको ध्यान गल्फका सौखिनहरूतर्फ केन्द्रित छ। गल्फलाई धनी मानिसले खेल्ने खेलका रूपमा लिइन्छ र यही खेलमार्फत खेलाडीहरू धन कमाउनेतर्फ केन्द्रित छन्। यही भएर गल्फका विभिन्न रमाइला तथा रोचक प्रतियोगिताहरू हुने गरेका छन्। गल्फमा रोमाञ्चकता बढाउन सहारा मरुभूमिदेखि अन्टार्टिकासम्म यसको प्रतियोगिता गराइयो भने चन्द्रमामा समेत गल्फ खेल्न सकिन्छ कि भनेर सम्भाव्यता अध्ययन गरियो। गल्फको सम्भाव्यता अध्ययन गर्ने क्रममा चीनको फुझोउ सहरमा पानीमुनि गल्फ खेलाइयो। उक्त अध्ययनको लक्ष्य भनेको समुन्द्रको सतहमा गल्फ प्रतियोगिता आयोजना गर्नु हो। ५० फिट गहिरो एक्वारियममा ५ जना खेलाडीलाई समावेश गरेर उक्त खेल खेलाइएको थियो। प्रतियोगिताको नियम मैदानमा खेलिने गल्फको जस्तै भए पनि यसमा कुनै समय सीमा तोकिएको थिएन। समुन्द्री जीवको आनन्द लिँदै पानीमुनि गल्फ खेल्ने क्रममा पानीको बहावको अनुमान गर्न नसक्दा खेलमा रोचकता थपिने यसका आयोजकहरूले बताएका छन्।

## बालाक र कानको नाममा डिल्डोस

आफ्नो नाम सबैलाई प्यारो लाग्छ। त्यही प्यारो नामलाई कसैले बिगाऱ्यो भने जो-कोहीलाई रिस उठ्नु स्वाभाविक हो। अझ विश्वमै ख्याति कमाएको नामलाई गलत कार्यमा प्रयोग गरियो भने के होला ? यस्तै समस्यामा जर्मनीका दुई राष्ट्रिय खेलाडी एवं युरोपियन फुटबलका हस्ती माइकल बालाक तथा ओलिभर कान परेका छन्। भयो के भने उनीहरूको नाम प्रयोग गर्दै जर्मनीको विट् उसी कम्पनीले महिलाले यौन आनन्दका लागि प्रयोग गर्ने 'डिल्डोस' भाइब्रेटर निर्माण गरी बजारमा पठायो। रातो रंगमा ७ इन्च लामो आकारमा बजारमा बिक्री-वितरण गरिएको डिल्डोसको नाम उक्त कम्पनीले माइकल बालाकको नामबाट 'माइकल बी' तथा ओलिभर कानको नामबाट 'ओलि के' राखेको थियो। आफ्नो नाम जोडिएको डिल्डोस बजारमा ५ हजार रुपैयाँमा बिक्री-वितरण भैरहेको थाहा पाएपछि माइकल बालाक र ओलिभर कानले सम्बन्धित कम्पनीविरुद्ध मुद्दा दायर गरे, तर अदालतले उनीहरूले ५१ लाख रुपैयाँ बराबरको क्षतिपूर्ति माग गरेको मुद्दामा उनीहरू साढे ४३ लाख रुपैयाँ मात्र उपलब्ध गरायो। अदालतको निर्णयपछि उक्त कम्पनीले बजारमा रहेको उक्त डिल्डोस फिर्ता गरिरहेको छ। जर्मनीले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगिताको मौका पारेर विट् उसीले उक्त उपकरण बजारमा ल्याएको थियो।

## सेक्स होइन फुटबल



मानिसले पहिले यौनका कुरा सिक्यो कि फुटबल ? यो प्रश्नको उत्तर पक्कै पनि यौन भन्ने नै आउँछ, किनकि आदिम कालदेखि नै मानिसले यौनकार्य गर्दै आएका छन्, तर अहिले बेलायतका फुटबल दर्शक भने यौनभन्दा पनि फुटबलका कुरा र काम गर्छन्। उनीहरूको मस्तिष्कमा यौनका कुराले झिनो स्थान मात्र ओगटेको छ। उनीहरू जति खेर पनि फुटबल मात्र सोच्न थालेका छन्। बेलायतको लोकप्रिय लिग फुटबल प्रतियोगितामा निरन्तर आउने २ हजार दर्शकमा गरिएको एक सर्वेक्षणअनुसार उनीहरू यौनभन्दा फुटबलतर्फ बढी आकर्षित छन्। 'द टाइम' पत्रिकाले गरेको उक्त सर्वेक्षणअनुसार बेलायतका फुटबल दर्शक प्रत्येक १२ मिनेटमा फुटबललाई सम्झन्छन्। उनीहरू प्रत्येक दिन ८० पटकभन्दा बढी फुटबललाई सम्झँदै त्यसको कुरा गर्न चाहन्छन्, तर उनीहरूले दिनको १ मिनेट पनि यौनका बारेमा नसोचेको पाइयो। यस्तै किसिमको तथ्य महिला दर्शकमा पनि रह्यो। महिलाहरूले पनि आफूले लगाउने जुत्ताका बारेमा भन्दा पनि फुटबलका विषयमा बढी सोच्ने गरेको उक्त सर्वेक्षणमा देखियो।

## साउदी अरबमा नेपालीहरू



गत जेठ २२ गते साउदी अरबको हराधस्थित एक प्रतिष्ठित कम्पनी साउदी आरामकोद्वारा आयोजित ४ हजार ५ सय मिटर दूरीको खुला म्याराथनमा सहभागी ७ जना नेपालीमध्ये ५ जना लगभग ८० जनाको समूहलाई पछि पार्दै अग्रपंक्तिमा रहे। दसौं स्थानसम्मका प्रतियोगी खेलाडीहरूलाई पुरस्कृत गर्ने व्यवस्था रहेको उक्त म्याराथनमा दोस्रोमा मदन घर्ती, चौथोमा युवराज गुरुङ, पाचौंमा रामबाबु महरा, सातौंमा राजेन्द्र लिम्बू तथा आठौंमा जसबहादुर नेपाली रहन सफल भए।

**– युवराज गुरुङ**

## विक्रम स्मृति कप फुटबल

धरानमा अघिल्लो बुधबार सम्पन्न फाइनलमा रोमाञ्चक जित हात पार्दै सिद्धार्थ क्लबले दोस्रो विक्रम स्मृति अन्तरक्लब फुटबल प्रतियोगिताको उपाधि चुमेको छ। १ गोलले पछि परे पनि अन्तिम समयमा उत्कृष्ट प्रदर्शन गर्दै सिद्धार्थले बी.जे. क्लबलाई ३-२ गोल अन्तरले पराजित गरेको थियो। निरन्तर आक्रमण गरिरहेको सिद्धार्थका निम्ति निर्णायक गोल खेलको अतिरिक्त समयमा भक्त राईले दर्शनीय रूपमा डी-बक्स बाहिरबाटै गरेका थिए।

सिद्धार्थले सोमबार सम्पन्न अन्तिम सेमीफाइनल खेलमा इन्द्रेणी क्लब भरौलसँग बराबरी भएपछि टस जितेर फाइनलको यात्रा तय गरेको थियो। सिद्धार्थ क्लबले उपाधिसँगै नगद ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो भने बी.जे. क्लबले उपविजेता ट्रफी र २ हजार रुपैयाँ नगद पुरस्कार मै चित्त बुझायो।

उदियमान खेलाडीको पुरस्कार जितेका विजयी टिमका दीपेन श्रेष्ठ फाइनलको म्यान अफ द म्याच घोषित भए। सर्वाधिक गोलकर्ताको पुरस्कार पनि विजयी टिमकै भक्त राईले प्राप्त गरे। सिर्जनशील क्लब गछिया फेयर-प्ले टिम घोषित भयो। बेस्ट किपर सिद्धार्थका प्रवचन राई भए। जेठ १२ गते सुरु भएको उक्त प्रतियोगितामा सुनसरी तथा मोरङ जिल्लाका १६ वटा क्लबले नकआउटका आधारमा प्रतिस्पर्धा गरेका थिए। प्रतियोगिता आफ्ना दाजुको स्मृतिमा भाइ सुन्दर राईले आयोजना गरेका थिए।

**–सरोज गोपाल**

## मेयर कप जलजलेलाई



गाईघाट- दुई वर्षको लामो अन्तरालपछि लोकतान्त्रिक सक्रिय युवा संघ तथा जिल्ला खेलकुदको सह-आयोजनामा गाईघाटको त्रियुगा मा.वि.को खेलमैदानमा सम्पन्न आठौं नगरस्तरीय मेयरकप फुटबलको उपाधि वडा नम्बर-११ (जलजले) ले कब्जा गरेको छ। बुधबार हजारौं खेलप्रेमी दर्शकको उपस्थितिमा सम्पन्न रोमाञ्चकारी फाइनल खेलमा वडा नम्बर-७ (मोतिगडा) लाई ५ शून्यले पराजित गर्दै वडा नम्बर ११ ले उपाधि कब्जा गरेको हो। मध्याह्नअघि नै ३ गोल गरी प्रकाश भट्टराईले आफ्नो टिमलाई विजय नजिक पुऱ्याएका थिए।

प्रतियोगितामा म्यान अफ दि म्याच, सार्वधिक गोल गर्ने खेलाडी तथा उत्कृष्ट गोल रक्षक क्रमशः वडा नम्बर ११ का प्रकाश भट्टराई, वडा नम्बर ८ (वगाहा) का विकास ढकाल र वडा नम्बर ११ का मोहन दाहाल घोषित भए भने अनुशासित टिमको पुरस्कार वडा नम्बर २ (गाईघाट) ले पायो। प्रतियोगितामा सहभागी १ देखि १७ वडाका टिम क्याप्टेनलाई आयोजक टिमले रित्तो हात नफर्काई उपहारस्वरूप बल र एक-एक जोर जुत्ता प्रदान गऱ्यो।

**महिला खेलमा गाईघाट**

त्यसैगरी सोही दिन अन्यन्तै प्रतिस्पर्धात्मक ढंगबाट सम्पन्न महिला फुटबल खेलको उपाधि वडा नम्बर २ (गाईघाट) ले हात पाऱ्यो। वडा नम्बर २ (गाईघाट) ले वडा नम्बर ११ (जलजले) लाई शून्यका विरुद्ध २ गोल गरी उपाधि हात पारेको हो। खेलमा ती दुवै गोल गर्ने वडा नम्बर २ की प्रविना मगर म्यान अफ द म्याच घोषित भइन्। महिलाको खेल हेर्न झन्डै ४ हजार दर्शकको उपस्थिति थियो।

**–विमल खतिवडा**

## बुद्धिचालमा झापाको वर्चस्व



**साप्ताहिक समाचार**

धरान- धरान बुद्धिचाल संघको आयोजनामा गत शनिबार सम्पन्न पाँचदिने पूर्वाञ्चलस्तरीय खुला बुद्धिचाल प्रतियोगितामा झापाका खेलाडीहरूले वर्चस्व कायम गरे। कुल ४० हजार रुपैयाँ नगद पुरस्कार रहेको उक्त प्रतियोगिताको अघिल्ला चार स्थानमा झापाली खेलाडीहरू रहे।

अन्तर्राष्ट्रिय रेटेड झापाका तीन खेलाडी विश्वविजय घिमिरे, बलिमान गुरुङ र नीरज निरौला क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानमा रहे। प्रतियोगितामा सर्वाधिक ८ अंक बटुलेका विश्वविजयले १५ हजार रुपैयाँ नगद पुरस्कारसहित विजेता ट्रफी हात पारे। ७ दशमलव ५ अंक हात पारेका बलिमान गुरुङले १० हजार रुपैयाँ नगद पुरस्कार तथा उपविजेता ट्रफी पाए। ७ अंकसहित तेस्रो स्थानमा रहेका नीरज निरौलाले ५ हजार रुपैयाँ नगद पुरस्कार हात पारे।

झापाका ९ वर्षे बालक नवल घिमिरेले उदियमान खेलाडीको पुरस्कार हात पारे भने धरानका ७२ वर्षीय कृष्णमान थेवेले वृद्ध खेलाडीको पुरस्कार प्राप्त गरे। घिमिरे र खड्कासहित उत्कृष्ट दस स्थानमा रहेका खेलाडीलाई नगद पुरस्कार प्रदान गरिएको थियो। स्वीस लिगको आधारमा ९ चरणमा सञ्चालित प्रतियोगितामा पूर्वाञ्चलका ४५ जना बुद्धिचाल खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

## इन्डो-नेपाल किक बक्सिङ



पाल्पा– तानसेनमा नेपाल र भारतका खेलाडी सहभागी कराँते तथा किक बक्सिङ प्रतियोगिता सम्पन्न भएको छ। नेपाल सितारियो कराँते संघ पाल्पाले आयोजना गरेको उक्त प्रतियोगितामा नेपाल र भारतका गरी १ सय ४५ खेलाडीको सहभागिता थियो। प्रतिस्पर्धाको फाइनलमा ३५ किलोग्राम तौलसमूहमा सुदीप मल्ल, ४० किलोग्राम तौलसमूहमा युवराज गुरुङ, ४५ किलोग्राम तौलसमूहमा आलोक कुमार, ५० किलोग्राम तौलसमूहका शंकर आले, ५५ किलोग्राम तौलसमूहका सुरेश पाखिन, ६० किलोग्राम तौलसमूहका खुमबहादुर बयम्बु तथा ६५ किलोग्राम तौलसमूहका कमल थापाले स्वर्ण पदक जिते।

त्यसैगरी महिलातर्फ अफिसियल कराँतेमा ३५ किलोग्राम तौलसमूहमा पुजा गुरुङ, ४० किलोग्राम तौलसमूह नीलम कार्की, ४५ किलोग्राम तौलसमूहमा रचना न्यौपाने, ५० किलोग्राम तौलसमूहमा बबी मल्लले स्वर्ण पदक जितेकी छिन्। खुला अफिसियल कराँतेतर्फ बुद्ध श्रेष्ठले स्वर्ण जिते।

किक बक्सिङतर्फ ५० किलोग्राम तौलसमूहमा कन्हैयाकुमार, ५५ किलोग्राम तौलसमूहमा सरोज तामाङ, ६० किलोग्राम तौलसमूहमा मनोज रामदाम तथा ६५ किलोग्राम तौलसमूहमा कमल थापाले स्वर्ण पदक हात पारे। त्यस्तै कातातर्फ श्रीधर गुरुङ, कमल थापा र प्रविना थापाले स्वर्ण पदक जिते।

**–माधव अर्याल**

## धरानमा लिग फुटबल

धरान- तीनकुने युवा क्लबको आयोजनामा धरानमा दोस्रो धरान-तीनकुने सुपर लिग फुटबल प्रतियोगिता सुरु भएको छ। धरान नगरपालिका क्षेत्रमा सक्रिय आधा दर्जन क्लबको सहभागितामा जेठ २७ गते सुरु भएको प्रतियोगिता असार १४ गतेसम्म चल्नेछ।

पूर्वाञ्चलको सबैभन्दा ठूलो एवं मुलुककै चर्चित नकआउट फुटबल प्रतियोगिता बूढासुब्बा गोल्डकपको आयोजक धरान फुटबल क्लबसहित पूर्वाञ्चल लिगको उपविजेता टेम्के क्लब, गोधूलि क्लब, किरातँ युथ क्लब, बाँझगरा फुटबल टिम तथा आयोजक तीनकुने युवा क्लबले लिगमा प्रतिस्पर्धा गरिरहेका छन्। लिगका प्रत्येक टिमले कम्तीमा पाँच-पाँच म्याच खेल्नेछन्। लिगको पहिलो चरणमा १५ म्याच खेलाइनेछ। पहिलो चरणको अंकतालिकामा पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेका टिमहरू उपाधिका निम्ति सुपर लिगमा एक-आपसमा भिड्नेछन्। सुपर लिगमा कुल तीन म्याच खेलाइनेछ।

लिगमा प्रत्येक म्याचका विजेताले तीन अंक तथा बराबरी खेलेमा एक अंक हात पार्नेछन्। सुपरलिगको विजेताले २५ हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी हात पार्नेछ भने उपविजेताले १५ हजार रुपैयाँ नगद पुरस्कार पाउनेछ। सुपर लिगको अन्तिम स्थानमा रहने टिमलाई १० हजार रुपैयाँ दिइनेछ। लिगका सर्वाधिक गोलकर्ता र सर्वोत्कृट खेलाडीलाई पनि नगद पुरस्कार तथा ट्रफी प्रदान गरिने आयोजक समितिका सुरेश लिम्बूले बताए।

लिगका १८ वटै म्याच पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पसको खेलमैदानमा सञ्चालन हुनेछ। प्रतियोगितामा कुल २ लाख २० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। दुई वर्षअघि सम्पन्न पहिलो धरान-तीनकुने सुपरलिगमा कल्याण युथ क्लब च्याम्पियन बनेको थियो। यसपालि भने साविक विजेतालाई सहभागी गराइएको छैन।

**–राजु घिसिङ**

## एसियन च्याम्पियनसिपमा नेपालीले जिते मेडल

पोखरा- उज्बेकिस्तानको राजधानी तासकन्दमा सम्पन्न कराँते प्रतियोगितामा नेपाली टोलीको प्रतिनिधित्व गर्दै पोखराका कराँते खेलाडी फत्तबहादुर गुरुङ, सुष्मा गुरुङ र संगीता लामा तथा काठमाडौंका जेसन श्रेष्ठले प्रतिस्पर्धा गरेका थिए।

९० किलोग्राम तौलसमूहमा फत्तबहादुर गुरुङले प्रतिस्पर्धा गरेका थिए। उनले भारत, यमन र लेबनानका प्रतिस्पर्धीलाई पराजित गर्दै फाइनलमा प्रवेश पाए पनि फाइनलमा उज्बेकिस्तानका खेलाडीसँग पराजित भएर रजत पदकमा चित्त बुझाए।

गुरुङसँगै उज्बेकिस्तान पुगेका सुष्मा गुरुङ, संगीता लामा र जेसन श्रेष्ठले पनि पदक जिते। सुष्मा गुरुङले ५६ किलोग्राम तौलसमूहमा दोस्रो स्थान



प्राप्त गरिन्। संगीता लामाले ५५ किलोग्राम तौल समूहमा तेस्रो स्थानमा रहेर दुईवटा पदक हासिल गरिन्। जेसन श्रेष्ठले ५७ किलोग्राम तौल समूहमा दोस्रो स्थान प्राप्त गरे।

**–शिव शर्मा**

## पूर्वाञ्चलस्तरीय मिडिया कप

विराटनगर- यही असार ३ गते आइतबारदेखि विराटनगरको सहिद मैदानमा हुने पूर्वाञ्चल मिडिया कप फुटबल प्रतियोगितामा १२ वटा दैनिक पत्रिकाको सहभागिता रहनेछ। लामो अवधिको द्वन्द्व तथा असहज परिस्थितिबाट गुज्रिएका पूर्वाञ्चलका पत्रकारहरूबीच चिनजान र सम्बन्ध सुदृढ तुल्याउन फुटबल प्रतियोगिताको आयोजना गर्न लागिएको हो।

प्रतियोगितामा झापा, मोरङ र सुनसरीका दैनिक पत्रिकाहरूको सहभागिता रहनेछ। प्रतियोगितामा विजेतालाई दिइने पुरस्कारका बारेमा भने निर्णय भैनसकेको आयोजक सदस्य झलक केसीले बताए। दैनिक पत्रिकालाई मात्रै प्रतियोगितामा आमन्त्रण गरिएकाले एफएम रेडियोकर्मीहरूले असन्तुष्टी व्यक्त गरेका छन्।


प्रतियोगिताका लागि सम्पूर्ण प्राविधिक सहयोग आफूहरूले गर्ने अखिल नेपाल फुटबल संघका मोरङ अध्यक्ष सन्तोष बानियाँले बताए। यसअघि मोरङको पथरीबाट प्रकाशन हुने मोफसल साप्ताहिकले पहिलो पटक पूर्वाञ्चलस्तरीय मिडिया कप फुटबल प्रतियोगिता गराएको थियो। अहिले केही दैनिकले फुटबल खेल्न अभ्यास पनि प्रारम्भ गरेका छन्।

**–कमल रिमाल**

## प्रसंग कतिपय



**विक्रम राई**



गणेशप्रसाद, जो आफूलाई जीपीका रूपमा चिनाउन खोज्छ, ले पिताजीले किनिदिएको भट्भटेमा सक्कली हर्नको सट्टा ट्रकको हर्न लगाएको छ र ऊ व्यस्त सडकमा उक्त हर्न बजाएर वरपरका यात्रुलाई अत्याउन खोज्छ। कारण, ऊ स्मार्ट मात्र छैन सुष्मा उर्फ सुषलाई इम्प्रेस पनि गर्न चाहन्छ। सुषको घरको गल्लीमा पुगेर उसको भट्भटेमा जडित ट्रकको हर्न बजेपछि दुवै जनाको भेट चाँडै हुन्छ। असारमा आफ्नो बर्थडे पर्ने र साउनमा कपाल काट्न नहुने हुँदा अबका दुई महिना कपाल काट्नु नपर्ने मान्यता जीपीमा पनि लागू छ। जीपीको केश केटीको जस्तो छ भने सुषको केटाको जस्तो। कम्मरबाट झरेको प्यान्ट, औंलाभरि तान्त्रिक बाबाका झैं अनेकन् औंठीले जीपीलाई बेग्लै पहिचान दिएको छ। नगरकोट नगएको धेरै दिन भएकाले जीपीले अस्ति शनिबार सुषलाई एसएमएस गर्न चाह्यो। पानी परिरहेकाले पनि होला, ऊ सुषको घरको गल्लीमा गएर हर्न बजाउनुको साटो मोबाइल लिएर बस्यो। हाई सुष, यु एन्ड मी टुडे नगरकोट ओके ? सुषको जवाफ– डियर जीपी, एज यु लाइक बट् रेनिङ एन्ड भट्भटेमा निथ्रुक्क होइन र ? सुषको एसएमएसले जीपीलाई यो असारे झरीमा आफ्नो भट्भटे उपयोगहीन भएको महसुस भयो। हुन त उसले पिताजीको चारचक्के गाडी चलाउन जानेकै हो तर त्यति परफेक्ट नभैसकेकाले कतै स्मृति इरानी उर्फ तुलसीको जस्तो कार दुर्घटनामा परिने त होइन भन्ने डर उसमा छ। त्यसमाथि दुर्घटना पऱ्यो भने गाडी जलाइनुका साथै रामधुलाई खाने डर पनि □ ओके देन कम इन एक्जिविसन– लेखिपठाइन् सुषले अनि जीपीले मोबाइल बन्द गऱ्यो।

अहिले काठमाडौं सहरमा पाकेको आँप, पोलेको मकै, खनिएको बाटो र एक्जिविसन वा भनौं मेला तथा प्रदर्शनीको मौसम हो। राजधानीमा दिनहुँजसो हुने मेला तथा प्रदर्शनीले धेरैलाई बेग्लै सन्तुष्टि दिएको छ। यस्ता मेलामा हुने घुइँचोले धेरैलाई आनन्द प्रदान गरेको छ। हात छोडेर भट्भटे चलाउने प्रयास गर्दा पनि नपाएको मौका जीपीले त्यो दिन भीडमा पायो अर्थात् उले सुषको हात सुमसुम्यायो। धन्य छ त्यो भीडलाई।

त्यहाँ हुने ठेलमठेलकै कारण एक्जिटको ढोका खोज्न उनीहरूलाई गाऱ्हो परेन। बाहिर पानी परिरहेको थियो तर पनि दुवै भिज्दै तातो मःम खान सडकको अर्कोपट्टि पुगे। भोलि क्लास बङ्क गरौं है, बरु सुटआउट एट् लोखण्डवाला हेर्न जाऊँ, कसो – जीपीले मःम खाँदै सोध्यो। हामीकहाँ हुने र देखिने सुट आउट एट... हुँदाहुँदै पनि उनले सकारात्मक उत्तर दिइन्, तर पानी पऱ्यो भने तिम्रो भट्भटेमा जान सकिँदैन नि, सुषले अर्को प्रश्न तेर्स्याइन्। अन्त्यमा दुवै जना डकार्दै छुट्टिए। भोलि सँगै फिल्म हेर्ने प्रोगाम बनेकोमा जीपी अनायासै गुनगुनाउन थाल्यो मानौं कि ऊ इन्डियन आइडलको प्रतियोगी प्रशान्त तामाङ नै हो। मनसुनको पानीले लोडसेडिङ घटाउँछ, सुख्खा इनारहरू भरिएर आउँछन् र खानेपानीको धारामा पनि हावाको सट्टा पानी रेगुलर हुन्छ। मनसुनले किसानहरू खुसी हुन्छन् साथै नेताहरू पनि तर यो मनसुनको पानीले भट्भटे धनी जीपीहरूलाई निकै गाऱ्हो पारेको छ। त्यसोभए अब कतै भट्भटेमा ट्रककै छानो त राख्ने होइन ?

## फुर्सदको कुराकानी

**नृत्य, म्युजिक भिडियो, टेलिश्रृङ्खला, रंगमञ्च हुँदै ठूलो पर्दाको चलचित्रसम्मको यात्रा तय गरिसकेकी दिया मास्के बहुप्रतिभाशाली कलाकार हुन्। मास्केले केही समयअघि मात्र भूषण दाहाल निर्देशित चलचित्र 'कागवेनी' मा अभिनय गरेकी छिन्। स्टुडियो सेभेनकी सविना लेहमेनले निर्देशन गरेको नाटक 'चरणदास चोर' मा पुरुष चोरको भूमिकामा मास्केले गरेको अभिनयको धेरैले प्रशंसा गरेका थिए। त्यस्तै मनिला सोताङको भिज्यो सिरानी... मा पनि मास्केको सशक्त अभिनय हेर्न सकिन्छ। पाटनको तत्कालीन शान्तभवनमा जन्मिएकी २६ वर्षीया मास्के आफ्नो प्रमुख पहिचान नृत्यांगना भएको बताउँछिन्।**



**तपाईंलाई कुन क्षेत्रको कलाकार भनेर चिन्ने ?**

मेरो पहिलो परिचय नृत्यांगना हो, त्यसपछि अन्य विधामा हात हाल्दै गएँ, जुन नृत्यसँग जोडिएका क्षेत्र थिए। त्यसैले अहिलेको मेरो परिचय सबै क्षेत्रबाट उत्तिकै छ।

**रंगमञ्चमा कसरी आउनु भयो ?**

मेरो राम्रो नृत्य देखेर मलाई म्युजिक भिडियो खेल्न अफर गरियो, त्यसपछि केही टेलिश्रृङ्खलामा समेत अभिनय गरें। टेलिश्रृङ्खला 'दलन' मा काम गरेपछि अभिनयको स्वाद गड्यो। रंगमञ्चमा पनि काम गरिसकेकी थिएँ, तर अझै जमेर काम गर्ने उद्देश्यले अनुप बरालको एक्टर्स स्टुडियोमा पहिलो ब्याचको विद्यार्थी भएर अभिनय तालिम हासिल गरें। त्यसपछि रंगमञ्चमा पनि सक्रिय हुन थालेकी छु।

**चरणदास चोरबाट त निकै चर्चा पाउनुभयो, हैन ?**

चरणदास चोरमा चोरको चरित्रमा अभिनय गर्ने कलाकार चाहिएको रहेछ, मैले काम गर्ने इच्छा गरें। पुरुष चरित्रमा मैले गरेको त्यो अभिनय राम्रो थियो।

**रंगमञ्च र श्रव्यदृश्य क्षेत्रमा काम गर्दाको फरक के हो ?**

दुवै अभिनयकै क्षेत्र हुन्, तर माध्यम भने फरक हुन्। मेरो हकमा दुवैमा सन्तुष्टि पाएकी छु।

**तपाईं आफूमा चलचित्रकी नायिका हुनसक्ने गुण देख्नुहुन्छ ?**

अभिनयका दृष्टिकोणले भन्नुपर्दा ममा अभिनेत्री हुनसक्ने क्यापासिटी थियो। सुन्दरता भन्ने कुरा हेर्ने आँखामा भर पर्छ। मलाई त भारतीय अभिनेत्रीहरू ऐश्वर्या राय र नन्दिता दासमध्ये नन्दिता दास नै मन पर्छिन्। किनकि उनमा बलियो अभिनय क्षमता छ।

**यो क्षेत्रमा काम गर्नेहरू पारिश्रमिकसम्बन्धी असन्तुष्टिको कुरा गरिरहेका हुन्छन् नि ?**

मैले सबै काममा आफ्नो मेहनतअनुसारको पैसा पाएकी छु, र सन्तुष्ट पनि छु।

**रंगमञ्चमा नि ?**

रंगमञ्चमा भर्खरै विद्यार्थी फेजबाट अघि बढेर पेसागत हुने प्रक्रियामा छु। चरणदास चोरबाट यो यात्रा प्रारम्भ भएको छ। मैले पैसाका लागिभन्दा पनि सन्तुष्टिका लागि रंगमञ्च रोजेकी हुँ। काम गर्दै गएपछि पैसा कमाइएला, यो क्षेत्रमा पनि पैसा छ।

**कति कमाउनुभयो त ?**

पेसागत दृष्टिकोणले अझै स्ट्रगल नै गरिरहेको छु। मध्यमस्तरमा पैसा कमाइएको छ। धेरै पनि होइन, थोरै पनि होइन।

**राजनीतिप्रति रुचि राख्नुहुन्छ ?**

राजनैतिक पृष्ठभूमि नभएर पनि होला, खासै रुचि छैन। देशको राजनैतिक अवस्थाका बारेमा सचेत भएर बुझ्ने प्रयास गरे पनि के भैरहेको छ भनेर निष्कर्षमा पुग्न सक्दिनँ। हाम्रा नेताहरू सत्तामुखी भएजस्तो लाग्छ।

**विवाह कहिले गर्ने ?**

विवाह कहिले हुन्छ भनेर कसरी भन्ने ? जहिले पनि हुन सक्छ। जोडी फेला परेपछि हुन्छ।

**ढिलो भैसकेन ?**

हाम्रो समाजअनुसार १८ वर्षमै गर्नुपर्ने हो नि, त्यसरी हेर्दा त धेरै ढिलो भैसक्यो। तर मलाई त्यस्तो लाग्दैन, भाग्यमा विश्वास गर्ने भएकाले हेर्दै जाऊँ, के हुन्छ ?

**ब्वाइफ्रेन्ड छ ?**

साथीचाहिँ छ, तर उसैसँग विवाह हुन्छ भन्ने छैन।

**जीवनसाथी तपाईंकै क्षेत्रको हुन्छ कि ?**

भए राम्रो हो, यही क्षेत्रकै भए समझदारी बलियो हुन्छ।

**विवाहअघि हुने शारीरिक सम्बन्धलाई कसरी हेर्नुहुन्छ ?**

यो आ-आफ्नो च्वाइसको कुरा हो। यदि केटा र केटीबीच अन्डरस्ट्यान्डिङ छ भने मलाई त गलतजस्तो लाग्दैन।

**खाना पकाउन जाँगर लाग्छ ?**

भान्छामा पस्न त्यति जाँगर चल्दैन, तर एक्लै भए भोकै बस्दिनँ र बाहिरबाट पनि खाना मगाउँदिन।

**–विख**

## आज सबै च्यानलमा कृति



**साप्ताहिक समाचार**

काठमाडौं– सबै नेपाली च्यानलबाट आज एउटै कार्यक्रमको प्रत्यक्ष प्रसारण हुँदैछ। आज राति आठ बजेर चालीस मिनेटमा नेपालबाट प्रसारित कुनै पनि टेलिभिजन च्यानल खोल्नुहोस्, एउटै कार्यक्रम अर्थात् 'चौथो कृति एवार्ड' वितरणको दृश्य प्रत्यक्ष प्रसारण भैरहेको पाइनेछ। विभिन्न मनोरञ्जनात्मक कार्यक्रमसहित आयोजना हुन लागेको उक्त एवार्ड वितरणको कार्यक्रमस्थल होटल याक एन्ड यतिबाट कान्तिपुर टेलिभिजन, नेपाल टेलिभिजन, एनटिभी टु, च्यानल नेपाल तथा इमेज च्यानलमा प्रत्यक्ष प्रसारण गरिँदैछ। वर्षभरि टेलिभिजनमा देखिएका, पत्रिकाका छापिएका एवं रेडियोमा सुनिएका विज्ञापन, विज्ञापन निर्माता, जिंगललगायतका १९ वटा विधाका सर्वोत्कृष्टलाई एवार्ड प्रदान गरिनेछ, जसका लागि आयोजक एडभर्टाइजिङ एसोसियसन अफ नेपाल (आन) ले विभिन्न २४ वटा विज्ञापन एजेन्सीका दुई सय पाँचवटा सिर्जनामध्येबाट सयवटा सिर्जनालाई अन्तिम उत्कृष्ट सिर्जनाका रूपमा मनोनयन गरेको छ। आनका अध्यक्ष निर्मलराज पौडेलका अनुसार यस पटकको कृति एवार्ड विगतको भन्दा परिष्कृत र परिमार्जित भएको छ। पौडेल भन्छन्– 'पहिले विज्ञापन एजेन्सीको एवार्डका रूपमा मात्रै लिइने कृति एवार्डमा अब क्रमशः एभर्टाइजर, मिडिया, एजेन्सी तथा दर्शक सबैको अभिरुचि बढेको छ।'

आज वितरण गरिने १९ वटा विधामा कमर्सियल फोटोग्राफर, क्यामेरा पर्सन, जिंगल, जिंगल मेकर, रेडियो स्पोट, टिभिसी, इभेन्ट म्यानेजर, टिभिसी निर्देशक, प्रिन्ट कपिराइटर, प्रिन्ट आर्ट निर्देशक, आउटडोर, शब्दरचना, एजेन्सी, टिभिसी स्क्रिप्ट राइटर, टिभिसी सम्पादक, एनिमेटेड टिभिसी, कमर्सियल क्याम्पियन, प्रिन्ट एभर्टाइजिङ तथा पपुलर टिभिसी छन्। जसमध्ये पपुलर टिभिसी दर्शकहरूको एसएमएस मतका आधारमा छनौट गरिनेछ।



## संसदमा पवनकली

**साप्ताहिक समाचार**

काठमाडौं– लोकतन्त्र आएपछि देशमा आमूल परिवर्तन हुन्छ भन्ने सुनेकी पवनकली एक वर्ष बितिसक्दा पनि आफ्नो देशको स्थिति बिग्रँदै गएकोमा चिन्तित भइन्। हालै उनी साधारण जनता भएर सिंहदरबारस्थित संसद्मा पुगिन् र त्यहाँ भेटिएजति विभिन्न पार्टीका सांसदहरूलाई भेटिन्। कतिले उनीसँग राम्रैसँग कुरा गरे भने कति पन्छिन खोजे। कतिले त पवनकलीलाई मज्जाले चिने र कुरा गर्न पाएकोमा खुसी पनि व्यक्त गरे। कान्तिपुर टेलिभिजनमा हरेक साता शनिबार साँझ साढे सात बजे प्रसारण हुने कार्यक्रम 'द पवनकली सो'की पवनकली अर्थात् माम्पी घोष आफ्ना कार्यक्रम निर्माता प्रदीप कसपाल तथा छायाँकारहरूका साथ प्रतिनिधिसभाको बैठकमा पुगिन्। आफ्नै शैलीमा उनले कार्यक्रममा उपसभामुख चित्रलेखा यादव, नेपाली कांग्रेसका सुशील कोइराला, नेपाली कांग्रेस प्रजातान्त्रिकका प्रकाशशरण महत, एमालेका ईश्वर पोखरेल, सदभावनाका हृदयेश त्रिपाठी, माओवादीका दीनानाथ शर्मालगायत आठ-दस जना सांसद तथा नेताहरूसँग देशको अवस्थाका बारेमा कुरा गरिन्। के-के कुरा गर्नुभयो त ? साप्ताहिकको प्रश्नमा पवनकलीले गाउँले शैलीमै औंला भाँच्दै जवाफ फर्काइन्- 'सोधे नि, संविधानसभाका बारेमा सोधे, मधेसका बारेमा सोधे, वाईसीएलका बारेमा सोधे, बन्द, चक्काजाम, शान्ति आउने कुरा सबै सोधे। कार्यक्रम हेर्नु भैहाल्यो त ?' के भने त नेताहरूले ? उनले भनिन्- 'हे बा, बोल्न त खप्पिस पो हुँदा रहेछन् नेताहरू..। खोइ राम्रै गर्न लागेको भन्थे। खोइ बा म के जान्नु ?' पवनकली संसदमा गएको कार्यक्रम भोलि र अर्को साता गरेर दुई श्रृंखलामा देखाइने कुरा निर्माता कसपालले जानकारी दिए।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।